सामाजिक लोकतन्त्र...

नेपाली काँग्रेसको १४औं महाधिवेशन

# हाम्रो ध्येयः समुन्नत नेपाल, सम्मानित नेपाली

# पार्टी पुनर्जागरण र रूपान्तरणको प्रस्ताव



## गगनकुमार थापा

महामन्त्रीका उम्मेदवार

हाम्रो ध्येय:

# समुन्नत नेपाल, सम्मानित नेपाली

**सामाजिक लोकतन्त्र...**

## नेपाली कांग्रेसको १४औं महाधिवेशन

DRAFT

## पार्टी पुनर्जागरण र रुपान्तरणको प्रस्ताव

**गगनकुमार थापा**
**महामन्त्री पदको उम्मेदवार**

'सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया'

हामी सबैको साझा सपना हो:

'आफ्नै सक्रिय जीवनकालमा प्रत्येक नेपाली समुन्नत नेपालको नागरिक भएर सम्मानित जीवन बाँच्ने र विश्वसामु सुखी राष्ट्रको प्रतिष्ठित नागरिकको रुपमा चिनाउने'

मेरो राजनीति यही उद्देश्य प्राप्तीका लागि समर्पित रहने छ ।

DRAFT

DRAFT

# राजनीतिक  कार्यदिशा र संगठनको व्यवस्थापन

***'नेपाली कांग्रेस पुनर्जागरण र रुपान्तरणको प्रस्ताव'***

**आदरणीय साथीहरू,**

जय नेपाल !

नेपाली कांग्रेस पार्टीको १४औं राष्ट्रिय महाधिवेशनको अवसरमा हाम्रो पार्टीलाई जीवन्त, गतिशील तथा देश र जनताप्रति निरन्तर समर्पित राखिरहन मन, वचन र कर्मले प्रतिबद्ध सम्पूर्ण साथीहरुलाई हार्दिक अभिवादन गर्दछु। त्याग, बलिदान र अदम्य साहसको समृद्ध परम्परामा हुर्किएको हाम्रो पार्टीले सदैव नेतृत्वदायी भूमिका निर्वाह गरेर कठीन मोडमा पुगेको मुलुकलाई बारम्बार संकटमुक्त पार्दै आएको इतिहासप्रति हामीलाई ठूलो गौरव छ। हाम्रो पार्टी समृद्ध इतिहासको बलले मात्र होइन, लोकतन्त्र र नागरिकको स्वतन्त्रताप्रतिको आफ्नो अविच्छिन्न आस्थाका कारण नेपाली समाजबाट सधैं त्यसरी नेतृत्व गर्न योग्य ठानिएको हो। अग्रज पुस्ता र प्रातःस्मरणीय शहीदहरूले देखाएको पार्टीको यही आदर्शप्रतिको असीम निष्ठा, लोकतन्त्रमाथिको गहिरो विश्वास र दशकौं लामो अकल्पनीय संघर्षको गौरवशाली विगतले हामीलाई पार्टीको निष्ठावान् सदस्य भएर देश सेवामा हरदम समर्पित रहन प्रेरित गरेको छ। त्यसैले पार्टीको हरेक महाधिवेशनले जहिले पनि ती आदर्शप्रतिको हाम्रो निष्ठालाई अझ सुदृढ पार्दै मुलुकका लागि एउटा नयाँ आशा र उत्प्रेरणाको कोशेली दिएर जाने गरेको छ; जनतासँगको हाम्रो स्नेहपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउन हामीलाई नयाँ ऊर्जा दिएर जाने गरेको छ। यो महाधिवेशनबाट पनि हामीले जनताका लागि अब मुलुक समुन्नतिको दिशामा अगाडि बढ्छ भन्ने आशा र विश्वासको उत्साहजनक संदेश लिएर फर्कनु पर्नेछ।

२०७४ को निर्वाचनपछि संविधानको मर्म अनुसार प्रतिस्पर्धात्मक राजनीतिको बाटोमा राष्ट्रिय राजनीति अगाडि बढ्ने आम अपेक्षाका विपरित मुलुकमा समग्र राजनीतिप्रति नै गहिरो वितृष्णाको वातावरण छ। देश समुन्नतिको मार्गमा नहिँडेको मात्र होइन त्यस दिशामा डोहोर्‍याउने समेत प्रयत्न नै नभएको आभासले जनताको व्याकुलता बढेको छ। 'के देश सधैं उस्तै रहने हो' भन्ने तिखो प्रश्नमा अन्तर्निहित आम नागरिकको दिक्दारीले हामी राजनीतिकर्मीलाई लाचार र दुःखी बनाइरहन्छ। विद्यालय तहदेखि नै विदेश जाने परिकल्पना गर्नथाल्ने युवा शक्तिलाई यहीँ उपलब्ध अवसरको सदुपयोग गरेर राष्ट्र निर्माणको आधार बन्न सकिन्छ भनेर आत्मविश्वासपूर्वक प्रेरित गर्न नसक्दा हामीलाई लज्जाबोध हुन्छ। यो पृष्ठभूमिमा नयाँ-नयाँ आवरणमा प्रकट हुन खोजिरहेका अतिवादी शक्तिको चलखेल बढ्दै जाँदा कष्टसाध्य संघर्ष र बलिदानले प्राप्त हाम्रो लोकतन्त्र नै धरापमा पर्ने हो कि भन्ने आशंका उत्पन्न भएको छ। यी यावत चुनौतीलाई सामना गरेर मुलुकलाई संविधानले वाचा

गरेअनुसार समता र समुन्नतिको मार्गमा हिँडाउन सक्ने जुझारू संगठनको रुपमा हाम्रो पार्टीलाई पुनर्जागृत र रुपान्तरित गर्नैपर्ने यस्तो बाध्यात्मक परिस्थितिमा आयोजना हुन गइरहेको १४औं महाधिवेशनलाई हामीले पार्टी र देश दुबैको लागि अधिकतम उपलब्धिमूलक बनाउने प्रयत्न गर्नु पर्छ।

लोकतान्त्रिक पार्टीको जीवनमा महाधिवेशन नियमित र स्वभाविक प्रक्रिया हो तर प्रत्येक महाधिवेशनका केही निश्चित पृष्ठभूमि र उद्देश्य हुन्छन् नै । कतिपय महाधिवेशनलाई त्यो बेलाको राजनीतिक परिस्थिति र घटनाक्रमले थप महत्वपूर्ण र ऐतिहासिक बनाएको हुन्छ र महाधिवेशन मार्फत तय गर्ने बाटोले दीर्घकालसम्म पार्टीमात्र होइन समाजलाई नै मार्गनिर्देश गर्दछ । विगतका आफ्ना महाधिवेशनमार्फत नेपाली कांग्रेस पार्टीले मुलुकको राजनीतिलाई दिशानिर्देश गरेको इतिहासको हामी स्वयं साक्षी छौं।

नेपाली कांग्रेसको १४औं महाधिवेशन अलिक फरक परिस्थिति र पृष्ठभूमिमा हुँदैछ। यस पटक नेपाली कांग्रेसको नेतृत्व छनोट र नीतिको तय गर्ने अधिवेशन छुट्टा-छुट्टै हुँदैछन्। १४औं महाधिवेशन मार्फत आगामी चार वर्षको लागि पार्टीको नेतृत्व छनोट हुनेछ। महाधिवेशन लगत्तै हुने नीति अधिवेशनले पार्टीको स्पष्ट दृष्टिकोण र १५औं महाधिवेशनसम्मका लागि राजनीतिक कार्यदिशा तय गर्नेछ । निर्वाचित नेतृत्वले पार्टीको नीति र राजनीतिक तथा सांगठनिक कार्यदिशा के हुने भन्ने तय गर्न नीति अधिवेशनमा आफ्नो प्रस्ताव ल्याउने छ । त्यसकारण पनि महाधिवेशनले कस्तो नेतृत्वको चयन गर्ने भन्ने विषय नीति अधिवेशनसँग अभिन्न ढङ्गले जोडिएको छ।

यस महाधिवेशनमा म सम्पूर्ण विनम्रतासहित महामन्त्रीको उम्मेदवारको रुपमा प्रस्तुत भएको छु । नेपाली कांग्रेसको विधानले पार्टीको सांगठनिक र व्यवस्थापकीय भूमिकासँगै राजनीतिक र वैचारिक खाका कोर्ने महत्वपूर्ण जिम्मेवारी महामन्त्रीलाई दिएको छ। सारमा भन्ने हो भने महामन्त्रीका दुई मूख्य जिम्मेवारी छन् । पहिलो, **सांगठनिक र व्यवस्थापकीय जिम्मेवारी**: संगठन संरचना क्रियाशील र गतिशील बनाउने, पार्टीको निर्णय कार्यान्वयन गर्ने गराउने, महत्वपूर्ण अभिलेख राख्ने, सदस्यता वितरणलाई व्यवस्थित र मर्यादित बनाउने तथा कार्यालय व्यवस्थापन गर्ने । दोस्रो, **राजनीतिक र वैचारिक जिम्मेवारी**: राजनीतिक प्रतिवेदन र प्रस्ताव बनाउने, त्यसको छलफल गर्ने गराउने। अर्थात, पार्टी विचारको प्रस्ताव गर्ने र संगठनको व्यवस्थापन गर्ने काम मूलतः महामन्त्रीको हो । नीति अधिवेशनमा राजनीतिक कार्यदिशाको प्रस्ताव तयार गर्ने मूल काम पनि महामन्त्रीको नै हुनेछ। त्यसैले महामन्त्रीको व्यवस्थापकीय क्षमता, विवेक र वैचारिक स्पष्टताले नै पार्टीको आगामी चार वर्षको राजनीतिक, वैचारिक र सांगठनिक कार्यदिशा तय गर्दछ।

DRAFT

अत: अहिले नेतृत्व चुन्दै गर्दा महाधिवेशन प्रतिनिधि साथीहरूले महामन्त्रीको उम्मेदवारको रुपमा मेरो राजनीतिक र सांगठनिक सोच थाहा पाउनु आवश्यक छ । यही पृष्ठभूमिमा पार्टीको रुपान्तरण र पुनर्जागरणका लागि आफ्नो राजनीतिक सोच र पार्टीको सांगठनिक व्यवस्थापनको अवधारणालाई यहाँको सुझाव, सल्लाह र मार्गदर्शनको अपेक्षा सहित यस पुस्तिकामा छोटकरीमा उल्लेख गर्ने प्रयत्न गरेको छु।

DRAFT

## राजनीतिक कार्यदिशा

नेपालको राजनीतिमा नेपाली कांग्रेस पार्टी संगठन मात्र होइन, एउटा विचार हो, एउटा अभियान हो। देशको सबैभन्दा पुरानो र सबै परिवर्तनको सफल नेतृत्वकर्ता भएको नाताले कांग्रेस पार्टीले लिने दिशाले मुलुकको राजनीतिलाई सधैं प्रभावित गर्दै आएको छ। नेपाली कांग्रेसले सही बाटो समात्यो भनेमात्र देशले सही बाटो समात्छ भन्ने सत्य पटक पटक प्रमाणित भइसकेको छ। तसर्थ, पार्टीलाई दिशानिर्देश गर्ने वैचारिक थलो यस महाधिवेशनमा वर्तमान परिस्थितिको वस्तुनिष्ठ विश्लेषण गर्दै आगामी महाधिवेशन अर्थात २०७८ देखि २०८२ सम्मको कार्यावधिका लागि पार्टीको स्पष्ट वैचारिक खाका र राजनीतिक कार्यदिशा तय गर्नुपर्दछ। जब पार्टीले ठाउँ ठम्याउँछ, तबमात्र अलमलिएको समाज र दिशाहीन हुँदै गएको मुलुकको राजनीतिले पनि बाटो भेट्याउने रहेछ। तर अगाडिको यात्रा तय गर्नु अगाडी अहिले २०७८ मा नेपाली कांग्रेस पार्टी र नेपालको राजनीति कुन ठाउँमा छ, कहाँबाट यहाँ आइपुगेको छ र किन यो अवस्थामा छ भन्ने वस्तुनिष्ठ बोध र विश्लेषण गर्न सकियो भनेमात्र भविष्यमा कुन दिशातिर जाने र कुन गोरेटो पच्छ्याउने तय गर्न सजिलो हुन्छ। यसका लागि एक पटक निकट विगततिर नियालेर हेरौं।

२०६० सालको सेरोफेरोमा एकातिर लोकतान्त्रिक अधिकारहरू कुण्ठित र प्रतिबन्धित थिए भने अर्कातिर माओवादी चरम हिंसाबाट देश भयभित र आक्रान्त थियो। राजाको निरंकुशता र माओवादीको आतंकको अन्त्य गर्दै शान्ति र लोकतन्त्रको स्थापना गर्ने भरोसासहित नेपाली कांग्रस कै नेतृत्वमा लोकतान्त्रिक आन्दोलन शुरु भयो।

२०६२ साल भाद्रमा भएको ११औँ महाधिवेशनमार्फत नेपाली कांग्रेसले संयुक्त जनआन्दोलन, संसदको पुनर्स्थापना, माओवादीसँग वार्ता, संविधानसभाको निर्वाचन, निरंकुश राजसंस्थाको अन्त्य, राज्यको पूनर्संरचना र समावेशी लोकतन्त्र लगायतका राजनीतिक कार्यदिशा तय गर्दै भन्यो-

> 'राजाले संविधानसभामा जान र राजसंस्थाको भूमिका के कस्तो रहने, नरहने निक्यौंलको जिम्मा जनतालाई सुम्पन तयार रहनुपर्दछ। माओवादी पनि अधिनायक बन्ने दुराशा त्यागेर भय, आतंक र बन्दूकको राजनीति परित्याग गरी शान्तिपूर्ण राजनीतिको बाटोमा फर्कनुपर्छ।...लोकतन्त्रलाई साकार तुल्याउन वर्तमान राजनीतिको प्रवृत्ति र चरित्रमा नै परिवर्तन गरेर केन्द्रिकृत ढाँचालाई बदल्न राज्यको पूनर्संरचना आवश्यक भएको छ।'

अर्थात, माओवादीलाई हिंसा त्याग्न, राजालाई दरवार छाड्न र जनतालाई शान्ति र लोकतन्त्रका लागि जनआन्दोलनमा भाग लिन कांग्रेस पार्टीले आह्वान गऱ्यो । यसरी मूख्य रुपमा माओवादी हिंसात्मक राजनीतिको अन्त्य गर्दै शान्तिपूर्ण रुपान्तरण गर्ने, राजाको निरंकुशताको अन्त्य गर्दै संविधानसभा मार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने, नेपालको विविधता राज्य संयन्त्र र शक्तिमा प्रतिबिम्बित हुनेगरी राज्यको पुनर्संरचना गर्ने, समाजमा उठेका आर्थिक, सामाजिक मुद्दाहरूको संवोधन गर्ने राजनीतिक कार्यदिशा नेपाली कांग्रेसले लियो। २०६२ देखि २०७२ सम्मको अवधिमा मुलुकको राजनीति कांग्रेसले लिएको त्यही कार्यदिशाकै सेरोफेरोमा अगाडि बढ्यो।

२०६३/०६३ सालको आन्दोलनले हिंसा र निरङ्कुशताको अन्त्य गर्दै शान्ति र समुन्नतिका लागि राजनीतिक व्यवस्थाको परिवर्तन गर्न जनतासँग कांग्रेसले गरेको त्यो युगान्तकारी वाचालाई अनुमोदन गऱ्यो । अत: २०६० देखि २०७४ सम्मको अवधिलाई समीक्षा गर्दा नेपाली कांग्रेसका यिनै परिवर्तनकारी निर्णयहरुलाई आधार मानेर हेर्नु पर्छ। यो अवधिमा नेपाली कांग्रेसकै नेतृत्वमा निरङ्कुश राजतन्त्रात्मक व्यवस्थाको उन्मूलन भयो, दशक लामो माओवादी हिंसाको अन्त्य भयो र संविधानसभामार्फत आफ्नो नेतृत्वमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो। यसरी सात दशक यता भएका लोकतान्त्रिक आन्दोलनका उपलब्धिहरू, लोकतन्त्र, गणतन्त्र, समावेशिता, संघीयता लगायतका नवीन विषय संविधानमार्फत संस्थागत भए । राजनीतिक आन्दोलनले एउटा गन्तव्य पुरा गऱ्यो।

> 'अस्थिरता र उथलपुथलका थुप्रै दशक छिचोलेर हामीले बनाएको संविधानले अबको राजनीतिक बाटो प्रष्ट देखाएको छ । संविधान मार्फत देश अन्ततः लोकतन्त्रवादको त्यही वैचारिक मार्गमा फर्किएको छ, जुन मार्ग हाम्रा दूरदर्शी अग्रजहरूले सत्तरी वर्ष अगाडि नै देखाएका थिए।'

यसरी राजाको निरंकुश शासनदेखि माओवादी हिंसाको अन्त्यसम्म, संविधानसभादेखि आम निर्वाचनसम्मको नेतृत्व नेपाली कांग्रेसले गरेको हो र यसमा हामीलाई ठूलो गौरव छ । २०७४ को निर्वाचनसँगै २०६० मा सुरु भएको राजनीतिक विकासक्रमको एउटा अध्याय सफलतापूर्वक टुङ्गिएको छ।

२०७४ को निर्वाचनपश्चात संविधानमा जनतालाई गरेका वाचाहरू सहजतापूर्वक पुरा गर्ने कार्यान्वयनको नयाँ चरणमा नेपालको राजनीति प्रवेश गर्छ भन्ने आम अपेक्षा थियो । संविधानको

निर्माण र सफलतापूर्वक सम्पन्न भएका निर्वाचनहरूको समेत नेतृत्व गरेको पार्टीको नाताले त्यो चरणको नेतृत्व पनि कांग्रेसले नै गर्नेछ भन्ने आम कांग्रेसजनको अपेक्षा विपरित नेपाली कांग्रेसले सरकारमा बसेर संविधान कार्यान्वयन गर्ने जिम्मेवारी नपाए पनि संविधान कार्यान्वयनकै मूल मार्गमा सरकार र नेपाली राजनीति हिँड्छ भन्ने हामी सबैले आशा गरेका थियौं । २०७४ को निर्वाचन पछि राष्ट्रिय राजनीतिमा दलहरूसँग हाम्रो प्रतिस्पर्धा संविधान कार्यान्वयन र लोकतन्त्रको संस्थागत विकासका खातिर हुन्छ भन्ने नै थियो ।

२०६० को दशकमा सुरु भएको राजनीतिक यात्रा र त्यसले बटुलेको राजनीतिक ऊर्जा र उपलब्धिलाई २०७४ को निर्वाचनपछि संविधान कार्यान्वयनमा सबैभन्दा बढी उपयोग गर्नु पर्ने थियो । वास्तवमा यतिखेर निर्वाचनबाट प्राप्त जनादेश अनुसार सरकारमा नेपाल कम्युनिस्ट पार्टी र प्रतिपक्षमा नेपाली कांग्रेस बसेर संविधानको कार्यान्वयन गर्न तीव्र प्रतिस्पर्धाको भइरहेको अवस्था हुनुपर्ने हो । हाम्रो राजनीतिक प्रतिद्वन्द्विता र सहकार्य संविधानले निर्दिष्ट गरे अनुरुप लोकतन्त्रभित्रका विकल्पमा मात्र केन्द्रित हुनुपर्ने हो । तर, दुर्भाग्यवश त्यस्तो हुन सकेको छैन ।

संविधान बनाउँदै गर्दा सबैले स्वीकारेको तथ्य हो- मुलुकको अबको बाटो लोकतन्त्रको बाटो हो । विभेद र हिंसाका, अवनति र असमानताका, अशिक्षा र अन्धविश्वासका झारहरूलाई उखेल्दै मुलुकमा भएका यावत् आन्दोलनले रोपेका समता, सम्मान र सहअस्तित्वका बिरुवालाई लोकतन्त्रकै उर्भर भूमिमा हुर्काउन सकिन्छ भन्ने निष्कर्षमा पुगेर नै हामीले संविधानमा यही बाटोलाई अँगालेका हौं । संविधानले प्रष्ट गरेको छ- अब उप्रान्त हाम्रो राजनीतिक प्रतिस्पर्धा र सहकार्य लोकतन्त्रभित्रका विकल्पमा मात्र हो, लोकतन्त्रकै विकल्पमा होइन । संविधानमा हामीले स्वतन्त्रतालाई विस्तार गर्ने, उदार, समतामूलक र समावेशी लोकतन्त्रका माध्यमबाट जनताको जीवनस्तर उठाउन थुप्रै करार गरेका थियौं । त्यसैले हाम्रो राजनीतिक कार्यभार संविधानवादको यही जगमा लोकतन्त्रलाई समावेशी कसरी बनाउने, यसको परिधिलाई कसरी विस्तारित गर्ने, कसरी शासनमा सबैको साझेदारी, स्वामित्व र अपनत्व स्थापित गर्ने तथा समाजमा सहअस्तित्वको भावलाई कसरी बलियो बनाउने भन्नेमा नै एकाग्र हुनुपर्थ्यो । तर, खड्गप्रसाद ओलीको नेतृत्वमा बनेको नेकपाको सरकारबाट शुरुवातदेखि नै संविधान र लोकतान्त्रिक उपलब्धिमाथि जुन किसिमको सुनियोजित आक्रमण भयो, त्यसले संविधान कार्यान्वयनको मार्ग पटक पटक अवरुद्ध हुनपुग्यो ।

DRAFT

दशकौं लामो राजनीतिक संघर्षपश्चात प्राप्त उपलब्धिको पनि सदुपयोग गर्न नसकी नेपाली राजनीति अस्थिर र दिशाहीन हुँदै जानु अत्यन्त निराशाजनक छ । यसबाट जनताको उत्साह र अपेक्षामा कुठाराघात मात्र भएको छैन वर्तमान राजनीतिक आकाशमा केही अनिष्ट संकेत देखिएका छन्, केही गम्भीर प्रश्नहरू उठेका छन् ।

### १. राजनीतिक अस्थिरता:

आम जनताको उत्साहजनक सहभागिता रहेको २०७४ को निर्वाचनपश्चात देशले लामो संक्रमण र राजनीतिक अस्थिरताको अन्त्य हुने आशा गरेको थियो । लोकतान्त्रिक संविधान बनेर देश समुन्नतिको पथमा अग्रसर हुने अनुमान गरेको जनताको स्वभाविक अपेक्षा थियोः आगामी पाँच वर्षका लागि स्थिर सरकार र सबल प्रतिपक्ष हुनेछ; संवैधानिक प्रबन्ध अनुसारका संस्थाको निर्माण र सुदृढिकरण हुँदै जानेछ; स्वायत्त संस्थाहरूको स्वतन्त्र विकास भई व्यवस्था अझ सुदृढ हुनेछ; संघीयताको प्रभावकारी कार्यान्वयन हुनेछ; सुशासनमा वृद्धि र भ्रष्टाचारमा नियन्त्रण हुनेछ; नागरिकको स्वतन्त्रता र सृजनशीलतालाई प्रोत्साहन गरी रोजगारीका अवसरमा वृद्धि गरिनेछ; जनसरोकारका विषयमा, सेवा र सुविधाको प्रवाहमा तात्विक सुधार हुनेछ; समग्रमा सरकार र राज्यका सबै निकायको 'डेलिभरी' गर्ने क्षमतामा सुधार भई देश सही दिशामा गएको महसुस गरेर जनताको परिवर्तनप्रतिको अपनत्वमा गुणात्मक वृद्धि हुनेछ । यसरी ठीक ढंगबाट सरकार चलेको भए स्थिरताको एक चरण पार गरेर देश उत्साहपूर्वक अर्को आवधिक निर्वाचनको तयारीमा जुटेको हुनेथियो, हामीले समुन्नतिको गोरेटो समाइसकेका हुने थियौं । तर विडम्बना! त्यस्तो केही नहुनेमात्र होइन, देशलाई ठीक उल्टो बाटोमा हिँडाउने दुष्प्रयास भयो ।

संविधान निर्माण पछिको समयमा नेपाली राजनीतिको सबैभन्दा ठूलो दुखान्त भनेको जनादेश र मतादेश दुवै पाएको नेपाल कम्युनिस्ट पार्टीले तीन वर्ष भन्दा लामो समय सरकारमा रहेर संविधानको मर्म अनुरुप आफूलाई प्राप्त जनादेशको खतरनाक दुरुपयोग गर्नु नै हो । उपलब्ध अवसरलाई सदुपयोग गर्दै संविधानको मर्म अनुरुप राज्य सत्ता सञ्चालन गरेको भए राजनीतिक दल, लोकतान्त्रिक तथा संवैधानिक संस्थाहरुको बढ्दै गएको परिवक्वतासँगै यो समग्र व्यवस्था परिपक्व हुँदैजाने थियो । तर उसले त्यो स्वभाविक अपेक्षा विपरित सत्ता र शक्तिको केन्द्रिकरण गर्ने एउटा व्यक्तिको अतिमहत्वाकांक्षाका खातिर आफ्नो सारा शासकीय कौशल यो व्यवस्थालाई नै तहसनहस बनाउनेतिर लगायो । फलस्वरुप, नेपाल कम्युनिस्ट पार्टीको सरकारले मुलुकलाई बल्लबल्ल प्राप्त स्थिरताको

DRAFT

लाभ लिनबाट फेरि एकचोटि वञ्चित गराएको मात्र छैन, झन् भयंकर अस्थिरताको चक्रमा फँस्ने जोखिम समेत बढाएको छ।

ओली सरकारले बीजारोपण गरेको अस्थिरताको त्यो विषवृक्ष झ्याँगिएर यतिखेर प्रष्ट रुपमा सरकार, संसद, न्यायालय, संवैधानिक निकाय आदि राज्यका महत्वपूर्ण अंगहरूको आँगनसम्मैं पुगेको छ। राज्यका अङ्ग, संयन्त्र तथा निकायहरुले संविधान, कानून वा प्रचलित राजनीतिक मान्यता अनुरुप पूर्वानुमान गर्नै नसकिने गरी गर्ने व्यवहारले सृजित राजनीतिक वातावरण डरलाग्दो राजनीतिक अस्थिरता नभए अरू के हो? संवैधानिक निकायहरुको नियुक्तिमा संवैधानिक मर्म विपरित ओली सरकारले अपनाएको बाटो र प्रतिनिधिसभा विघटनका सन्दर्भमा न्यायपालिका समेतलाई गिजोल्ने दुष्प्रयासको क्रम विकसित हुँदैजाँदा राज्यका तीनै अङ्गमा चरम राजनीतिक समस्या देखिएको छ र तीनै अङ्गले ती समस्यालाई स्विकार गरेका छैनन्। हाम्रो लोकतन्त्रको छवि नै धमिलिएको छ।

२०७४ पश्चात सरकारका कदमहरु हेर्ने हो भने, लोकतन्त्र र विशेष गरी २०६० को राजनीतिक संघर्षको आदर्श, संस्कार र मर्म अनुरुप भएका छैनन्। भ्रष्टाचार, अनियमितता, सरकारी सम्पत्तीको व्यापक दुरुपयोग, विश्वव्यापी रुपमा कोरोना महामारी फैलँदै गर्दा सरकारको गैर-जिम्मेवारीपन देखि शासकको व्यक्तिगत स्वार्थ र शक्तिलाई मजबुत पार्न पटक पटक भएको प्रतिनिधिसभा भङ्ग गर्ने प्रयत्न, निरन्तर उपेक्षा र अपमान गरीगरी अप्रभावकारी बनाउन खोजिएको संसदको अवस्थाआदिलाई देखेर भोगेर हताश भएको जनता अब राजनीतिक दलहरू र राज्यप्रति नै क्रुद्ध छन्।

२०७४ को निर्वाचन अघिको करिव दुई दशक हामीले भोगेको राजनीतिक अस्थिरता र अहिले राजनीतिक अवस्थाबिच तात्विक रुपमा धेरै भिन्नता छ। त्यस बेला कम्तीमा भोलि एउटा उज्यालो 'परिवर्तन' आउने आशा बाँकी नै थियो। तर त्यो परिवर्तनले ल्याएको नयाँ संविधान र आम निर्वाचनपछि पनि राज्य र राज्यका संस्थाहरुमा देखिएको चरम अराजकताले निर्माण गरेको पछिल्लो राजनीतिक अवस्था सामान्य अवस्थाको राजनीतिक 'अस्थिरता' भन्दा खतरनाक छ। यस्तो वातावरणमा अनुदार 'पपुलिष्ट' राजनीतिक शक्तिहरु मौलाउने जोखिम ह्वात्तै बढ्ने गर्छ।

यसरी गत निर्वाचनमा आम नेपालीले पत्याएको भनिएको राजनीतिक दल र नेतृत्वको राजनीतिक अक्षमता, लोकतान्त्रिक शासनमा हुनै नहुने अनुचित महत्वाकांक्षा र बदनियतकै कारण आज हामी यो अनाहकको राजनीतिक संकटलाई भोगिरहेका छौं।

## २. लोकतान्त्रिक संस्थाहरुको क्षयिकरण

त्यसैगरी २०७४ को निर्वाचनपछिको अर्को आम अपेक्षा थियो- संविधानको मर्म अनुसार राज्यका विभिन्न अंग र संस्थाहरुले स्वायत्त र स्वतन्त्र ढंगले आ-आफ्नो प्रभावकारी भूमिका मार्फत लोकतन्त्रलाई अझ उन्नत बनाउँदै लैजाने छन्, मुलुकको स्थिरतामा थप योगदान पुऱ्याउने छन् । तिनको स्वतन्त्र निर्णय गर्ने र एकअर्कालाई नियन्त्रण गर्ने भूमिकामा विगतमा झैं अवाञ्छित ढंगले प्रत्यक्ष, अप्रत्यक्ष हस्तक्षेपका घटनाहरू हुने छैनन्। तर त्यसरी आफूलाई नियन्त्रण गर्न सक्ने स्वायत्त अंग, निकाय, संस्थाहरूको स्वतन्त्र निर्णय गर्न सक्ने क्षमतालाई चकनाचुर नपारी निरङ्कुश शासन सञ्चालन गर्ने लोकतान्त्रिक सरकारमा हुनै नहुने ओली सरकारको अभिष्ट पूर्ति हुने थिएन । त्यसैका लागि सुनियोजित ढङ्गले सदन, न्यायालय, राजनीतिक दल, संवैधानिक निकायजस्ता संस्थाहरुलाई आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक पालना गर्नै नसक्ने गरी निष्प्रभावी बनाउने खड्गप्रसाद ओली सरकारको अशिष्ट राजनीतिबाट नेपाल र नेपाली समाज फेरि एकचोटि पीडित हुन पुगेको छ ।

लोकतान्त्रिक व्यवस्थाको एउटा सुन्दरता भनेको राज्यका विभिन्न अंग र संस्थाहरुमा राज्यशक्ति बाँडिएको हुन्छ । यसरी राज्यशक्ति बाँडफाँडको एउटा प्रयोजन निर्वाचित सरकारबाट हुनसक्ने अलोकतान्त्रिक शासनमाथि अंकुश लगाएर तानाशाहको उदयलाई रोक्नु हो । संसदीय लोकतन्त्रमा यसरी बाँडिएको शक्ति सन्तुलित संयोजन गरिएको हुन्छन् । जस्तो न्यायालयको आफ्नो विशिष्ट भूमिका छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता अन्य संवैधानिक निकायहरुको पनि पृथक तर उत्तिकै महत्वपूर्ण भूमिका छ । यहाँ लोकतान्त्रिक संस्थाहरु भन्नाले संसद, न्यायालय, राजनीतिक दल, संवैधानिक आयोग र निकायहरु, कर्मचारीतन्त्र, सुरक्षा निकाय, र अन्य स्वतन्त्र संस्था र निकायहरुलाई भन्न खोजिएको हो । यी सबै निकायले कुनै न कुनै स्वरुपमा राज्य सत्ताको उचित प्रयोग गर्छन् । र, यस्ता निकाय तथा संस्थाहरुले आफूमा निहित अधिकारको यथोचित उपयोगबाट मात्र लोकतन्त्र सुरक्षित, चलायमान र जीवन्त हुने हो । देशलाई एउटा निश्चित दिशानिर्देश गर्ने कामको जिम्मेवारी सरकारको भए पनि यसरी दिशानिर्देश गर्ने विषयमा सरकारलाई आफ्नो संवैधानिक जिम्मेवारी र अधिकारबाट भट्किन नदिई उसको स्वेच्छाचारी झुकावमा अंकूश लगाउने जिम्मेवारी सरकार बाहेकका त्यस्ता लोकतान्त्रिक तथा संवैधानिक निकायहरुको हो । शासक होइन नागरिक शक्तिशाली भएको लोकतन्त्रमात्र वास्तविक लोकतन्त्र हो । यसको अर्थ देशको शासन सत्ताधारीको सनकमा होइन, संस्थागत प्रणालीमार्फत हुनुपर्छ भनिएको हो । न्यायालय, संवैधानिक निकायहरु र नयाँ संवैधानिक परिकल्पनाका संघीय संरचनाका तहगत सरकारहरु पनि कति स्वतन्त्र

ढंङ्गले काम गर्ने क्षमता राख्छन् भन्ने कुराले लोकतन्त्र कति मजबुत हुन्छ भन्ने निर्धारण गर्छ । पछिल्लो सरकारको निरन्तरको हस्तक्षेप र आक्रमणका कारण लोकतान्त्रिक संस्थाहरू क्रमशः सिथिल र प्रभावहीन बनेका छन् ।

पछिल्लो समय संवैधानिक आयोगहरू देखि सर्वोच्च अदालतसम्मको प्रभावकारिता र व्यवसायिकतामा प्रश्न गर्ने ठाउँहरु बनेका छन्, बनाइएको छ । सर्वोच्च अदालतलाई जोडेर 'सेटिङ्ग' जस्तो निकृष्ट शब्दसम्मको प्रयोग सामान्य भएको छ । न्यायमा पहुँच, न्यायिक क्षेत्रमा रहेको भ्रष्टाचार आजको मात्र विषय होइन, तर यतिखेर न्यायालय र विशेषगरी प्रधान न्यायधीशमा नैतिक र व्यवसायिक विचलन देखियो भन्ने विषय सबैभन्दा गम्भीर हो ।

यी सबै सन्दर्भ र परिवेशले के देखाउँछ भने लोकतन्त्रले यस्ता संस्थाहरु मार्फत निर्माण गरेका सुरक्षा भल्भहरू क्रमशः खुकुलिएर जाँदै छन् । पछिल्लो समय संवैधानिक निकाय, अड्डा अदालतदेखि कर्मचारी व्यवस्था, सुरक्षा निकायसम्मको छवी र तिनका प्रति जनताको विश्वासमा आएको तीव्र ह्रासले संविधान कार्यान्वयन र लोकतन्त्रको संस्थागत विकास गर्ने हाम्रो राजनीतिक बाटोमा ठूलो अवरोध सिर्जना भएको छ । राष्ट्रिय राजनीतिमा देखिएका यी घटना तथा समस्याहरुले हाम्रो अगाडिको यात्रा झन् झन् जटिल हुँदै गएको स्पष्ट संकेत गर्छ ।

## ३. नागरिक निराशा

फेरि पनि २०७४ को निर्वाचनपछि सबैको अपेक्षा विपरित संस्थाहरूको क्षयीकरण, सरकार गिर्ने र बन्ने घटनाहरूको पुनरावृत्ति, चरम राजनीतिक द्वन्द्व र अस्थिरता अनि नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको कुनै पनि क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभूति गर्ने गरी व्यवस्थाले 'डेलिभरी' गर्न सक्षम नभएकोमात्र होइन त्यस दिशामा प्रयत्न नै नभएको देखिँदा आज आम नेपाली नागरिक सबै राजनीतिक दल तथा सम्पूर्ण राज्य संयन्त्रसँगै निराश र आक्रोशित छन् । हामीले जनतासँग पटकपटक दोहोऱ्याएका वाचा पुरा गर्नेतिर नलागी दलहरूबीच र दलभित्रै पनि नयाँ नयाँ राजनीतिक द्वन्द्व र किचलो निकालेर २०७४ पछि प्राप्त स्थायित्वको लाभलाई गुमाइरहेको दुःखद दृष्यले जनताको वितृष्णा बढाउनु अस्वभाविक होइन ।

विशेषगरी २०६० को दशकको राजनीतिक संघर्षका क्रममा दलहरूले जनता समक्ष संसद पुनर्स्थापना, माओवादीको शान्तिपूर्ण रुपान्तरण, संविधानसभाको निर्वाचन र संविधानसभाबाट संविधान निर्माण पश्चात सवै ठीकठाक हुन्छ भन्ने वाचा गर्दै हाम्रो संघर्षमा साथ दिन आह्वान गरेका थिए

। ती सबै 'माइलस्टोन' प्राप्त भएपछि फेरि अब स्थिर सरकार भयो भने विकास, सामाजिक न्याय र सुशासनमा प्रत्यक्षरुपमा देखिने गरी प्रगति र जनताको जीवनमा सकारात्मक सुधार आउने वाचा गरियो। २०७४ को निर्वाचनमार्फत जनताले स्थिर सरकारको लागि मत पनि दिए। यसरी नेकपाको सरकार गठनसँगै दलहरूले चाहेका सबै उपलब्धिहरू भेटिइसक्दा पनि नागरिकले चाहिँ आफ्नो जीवनमा किञ्चित सकारात्मक परिवर्तनको अनुभूति गर्न नसक्दा आम तहमा आक्रोश छ। आज त ठीक भएन नै भोली ठीक हुने भरोसा पनि छैन। जतिसुकै ठूला राजनीतिक परिवर्तन भएपनि आफ्नो जीवनकालमा देशभित्र कुनै तात्विक परिवर्तन हुँदैन कि भन्ने आशंकाले यो बेथितिबाट लाभान्वित एउटा सानो तप्का बाहेक अधिकांश नेपाली जनता आत्तिइसकेका छन्।

२०७४ को निर्वाचन पछि २०६० देखि २०७४ सम्मको संघर्ष र राजनीतिक उपलब्धिलाई स्थापित, कार्यान्वयन र संस्थागत गर्ने जिम्मेवारी राजनीतिक दल तथा सरकारको थियो। नयाँ संविधान लागू भएपछि सम्पन्न पहिलो निर्वाचनको बहुमतको सरकारको चरम राजनीतिक स्खलनले लोकतान्त्रिक व्यवस्था प्रतिनै आम नागरिकमा निराशा उत्पन्न हुनु समग्र लोकतान्त्रिक आन्दोलनकै लागि जोखिमपूर्ण कुरा हो।

## ४. भूराजनीतिक आयाम

आफ्नो विशिष्ट उपस्थितिका कारण दक्षिण एसियामा नेपालको महत्वपूर्ण भूराजनीतिक स्थान भएकोले विभिन्न राजनीतिक गतिविधि तथा प्रभावहरु देखिन्छन् नै। दक्षिण एसिया र हिन्द-प्रशान्त क्षेत्रको अन्तराष्ट्रिय राजनीति तथा सुरक्षा गतिविधिबाट हामी निरपेक्ष भएर बस्ने स्थिति पनि छैन। विशेषगरी हाम्रा दुई छिमेकीहरूको आकार, जनसंख्या र बढ्दो आर्थिक प्रगति एवं अन्तराष्ट्रिय महत्वाकांक्षाको पृष्ठभूमिमा तिनको प्रतिद्वन्दितामा पनि वृद्धि हुँदै जाने देखिन्छ। यी अनुमान गर्न सकिने प्रभावहरूलाई सामना गर्न, त्यसलाई राष्ट्रिय हित अनुकूल प्रयोग गर्न, आर्थिक कुटनीतिमार्फत देशको अर्थतन्त्रलाई उकास्न जुन राष्ट्रिय सहमति आवश्यक छ, २०७४ पछि अपेक्षित राजनीतिक स्थिरताको अवस्थामा त्यो प्राप्त गर्न सम्भव थियो। संविधानले राष्ट्रिय हितका विषयमा एउटा वृहत् समझदारी गर्न हामीलाई प्रसस्त मार्गदर्शन गरेकै थियो।

तर २०६२/०६३ को जनआन्दोलनदेखि संविधान निर्माणसम्म प्राप्त गरेको ठूलो राजनीतिक पुँजीलाई सही रुपमा व्यवस्थापन गर्न नसक्दा र हाम्रो आन्तरिक राजनीति ठेगानमा नहुँदा नेपाल भूराजनीतिक प्रतिद्वन्दिताको चपेटामा पर्ने जोखिम झन् बढेको छ। २०७४ अगाडिका गलत अभ्यासलाई सच्याउँदै हाम्रो अन्तराष्ट्रिय सम्बन्धका कारण आउनसक्ने जोखिमलाई आकलन गरेर भूराजनीतिलाई आफ्नो

राष्ट्रिय हितमा प्रयोग गर्नु पर्नेमा हामी स्वयं त्यसका लागि प्रयोग भएको जस्तो देखिएको छ । भूराजनीतिको प्रभाव हाम्रो घरेलु राजनीतिमा मात्र होइन दलभित्रको राजनीतिमा पनि देखिनु अत्यन्त ठूलो अक्षमताको द्योतक हो; भविष्य झन् जटिल हुने संकेत हो । पछिल्लो समय अन्तराष्ट्रिय र भूराजनीतिक स्वार्थबाट सृजना हुँदै गरेको मित्रराष्ट्रहरूसँगको असहज सम्बन्ध हाम्रो दिशाहीन आन्तरिक राजनीतिको प्रतिबिम्बमात्र हो।

## ५. व्यवस्थामाथिको प्रश्न

यस्तो पृष्ठभूमिमा संविधान निर्माण भइसकेर पनि लामो समय त्यसको कार्यान्वयमा अपेक्षित गति दिन नसक्दा उत्पन्न जनताको व्यग्रताले उत्पन्न आक्रोश व्यवस्थामाथि नै पर्ने त होइन भन्ने संशय बढ्दै गएको छ । बरालिएको राष्ट्रिय राजनीति, गिजोलिएको अन्तराष्ट्रिय सम्बन्ध, आन्तरिक मामिलामा बढ्दो भूराजनीतिक प्रभाव, निष्प्रभावी लोकतान्त्रिक संस्थाहरु र सँगैको नागरिकको आक्रोशले आहिलेको व्यवस्था माथि नै संकटको बादल मँडारिन थालेको छ । के लोकतन्त्रले साँच्चै वाञ्छित प्रतिफल दिनसक्छ, डेलिभरी गर्न सक्छ भन्ने गहन प्रश्न उब्जिसकेको छ। हामीले लडेर ल्याएको समग्र राजनीतिक परिवर्तनका बारेमा मै आमजनमानसमा एक किसिमको संशय उत्पन्न भएको छ। हुँदाहुँदा कतै यो परिवर्तन गरेर हामीले गल्ति नै पो गऱ्यौं कि भन्ने लघुताभासले केही पार्टीहरू आक्रान्त हुन थालेको आभास हुन्छ। लोकतन्त्र, संघीयता, संविधान, गणतन्त्र, समावेशीता लगायतका उपलब्धि र अहिलेको व्यवस्थामाथि उब्जेका यी संशयहरू संवेदनशील छन्।

## हामी कता जाँदै छौं ?

अहिले विकसित भैरहेको राजनीतिक वातावरण विद्यमान रहिरहने हो र समयमै यसको उपचार नगर्ने हो भने नेपाली राजनीतिले दुईवटा बाटो समात्न सक्ने सम्भावना देखिन्छ।

पहिलो संभावना, केही समय अहिलेकै दिशाहीन राजनीतिले निरन्तरता । एउटा सरकारबाट अर्को सरकारको परिवर्तन, एउटा व्यक्तिको नेतृत्वबाट अर्को व्यक्तिको नेतृत्व, एउटा दलबाट अर्को दल, एउटा चुनावबाट अर्को चुनावको प्रतिक्षामा गोलचक्करमा रुमलिँदै संविधानले निर्दिष्ट गरेको जिम्मेवारीलाई अलपत्र पारेर केवल दलगत र व्यक्तिगत महत्वाकांक्षाको शिकार बनेको कुरुप राजनीति । संविधानको मर्म वा नागरिकको अपेक्षा अनुरुप न सरकार, न त राज्यका अन्य संयन्त्र कसैले पनि प्रभावकारी ढंगले आफ्नो भूमिका सम्पादन गर्न सक्ने यस्तो निराशाजनक अवस्थामा नागरिकको

आक्रोश झन् बढ्दै जानेछ । नागरिकको त्यस्तो आक्रोशले कुनै पनि समय कुनै पनि किसिमको राजनीतिक दुर्घटना सृजना गर्न सक्छ।

दोस्रो संभावना, फेरि व्यवस्था परिवर्तनका नाममा समय र ऊर्जाको अपव्यय । व्यक्तिगत असफलतालाई व्यवस्थाको असफलता मानेर फेरी एक पटक व्यवस्था परिवर्तनको बाटोमा हाम्रो राजनीति डोरिने खतराका संकेतहरू देखिन थालिसकेका छन् । आधुनिक नेपाली राजनीतिलाई हेर्दा हामीले लामो संघर्षबाट प्राप्त गरेको उपलब्धीलाई कहिल्यै पनि समयमै संस्थागत वा स्थायी बनाउन सकेका छैनौं । इतिहासका विभिन्न कालखण्डमा यसरी नै प्राप्त उपलब्धिको रक्षा र व्यवस्थापन गर्न नसक्दा अनि राजनीतिक अवसरलाई सदुपयोग गर्न नसक्दा हामीले ठूलो राजनीतिक मूल्य चुकाउनु परेको छ । जसरी २००७ सालपछिको मौका गुमायौं, त्यसैगरी २०४६ पछिको मौका पनि गुमायौं । त्यही कालखण्डमा संसारका धेरै देशहरूले प्रगतिको अकल्पनीय फड्को मार्दा हाम्रा दिव्य दशकहरू भने कहिले हिंसा, कहिले निरंकुशता, कहिले अस्थिरताका जुहारीमा त्यत्तिकै व्यतित भइरहे । हरेक २-३ दशकको 'संक्रमण' पश्चात व्यवस्थाले काम गरेन भनेर त्यसलाई परिवर्तन गर्नका लागि अर्को एकाध दशकको समय बिताउनु हाम्रो नियति भएको छ ।

हामीले पछिल्लो चार दशकमा मात्र कम्तिमा चार वटा व्यवस्था झेलेको पीडादायी इतिहास छ । केही वर्ष टिकेको ज्ञानेन्द्र शाहको निरङ्कुश तन्त्रलाई बिर्सने हो भने पनि हामीले पञ्चायत, राजतन्त्रसहितको बहुदलीय व्यवस्था र संघीय गणतन्त्रात्मक लोकतन्त्र गरी पछिल्ला चार दशकमा तीनवटा व्यवस्था देखेका छौं । यो व्यवस्था भन्दा त्यो व्यवस्था अनि त्यो भन्दा कुनै अर्को व्यवस्थाले पो हाम्रा समस्याको हल गर्ला भन्ने अनुमानले परिचालित हुने हाम्रो राजनीतिक संस्कार विकास भएको छ । त्यसैले पञ्चायत व्यवस्थाका कालरात्री र ज्ञानेन्द्र शाहका ज्यादतीहरु भोगैकै पुस्ता पनि कतै राजाकै अधिनायकवाद पो 'माटो सुहाउँदो' थियो कि भन्ने भ्रममा परेको वा पार्न खोजेको देखिन्छ ।दलहरूका लागि व्यवस्था परिवर्तनको राजनीति बढो सम्मोहक हुन्छ, किनभने त्यस्तो खाले राजनीति गर्न राज्य सञ्चालनमा प्रवीणता र रचनात्मकता देखाउनु पर्दैन, प्रतिक्रियास्वरुप फगत व्यवस्थाको तिखो आलोचनामात्र गरे पुग्छ । दशकौं देखि खुम्चिएर, गुम्सिएर बसेका आम नेपालीका विकास र सम्मुन्नतिका अधुरा चाहनालाई कार्यान्वयन गर्ने योजना, आँट र शासकीय कुशलता देखाउनेतिर नलागी सम्पूर्ण व्यवस्थामाथि नै निष्फलताको दोष दिन के गाह्रो छ र? सत्ताधारीहरूको स्वार्थ, अनुदारता, कुशासन र बेढंगीपनलाई यो समग्र लोकतान्त्रिक व्यवस्थाकै प्रभावकारिताको मापदण्डजस्तो प्रस्तुत गर्दै यसलाई फ्याँकेर फेरि नयाँ व्यवस्था ल्यायो भने सबै समस्याको सहजै

DRAFT

समाधान हुन्छ भनेर जनतालाई उद्वेलित गर्ने तत्वहरू फेरि सलबलाउनुको मुख्य कारण 'जनउत्तेजना'को सहज राजनीति मात्र हो।  फेरि पनि सोही बाटोमा जाने सम्भावन रोक्न सकेनौं भने हाम्रो प्रगतिको सपना नयाँ पुस्ताको पनि सपना कै रुपमा रहने निश्चित छ। फेरि पनि आफ्नो देशमा सृजनाको प्रस्फुरण हुने वातावरण नपाएर विद्यालयदेखि नै विदेश भासिने सपना देख्ने युवाको लर्को रोकिने छैन।

तेस्रो संभावना, जनताको निराशालाई समातेर सस्तो लोकप्रियताका लागि संवेदनशील मुद्दा उठाएर विभिन्न शक्ति र समुह संगठित हुने अवस्था। आज आम नेपाली नागरिकमा एउटा छटपटाहट छ- जुन सफलताका साथ राजनीतिक संघर्षको अवतरण भयो, त्यही गति र गुणस्तरमा आम जनताको जीवन स्तरमा परिवर्तन ल्याउन हामी असफल रह्यौं। ठूलो परिवर्तन ठूलो जनसहभागिताले मात्र सम्भव हुन्छ। अब मुलुक अगाडि बढ्छ र म पनि सँगै अगाडि जानेछु भन्ने विश्वासका साथ मानिस परिवर्तनको आन्दोलनमा होमिन्छ। त्यसैले परिवर्तन जति ठूलो हुन्छ, जनताका अपेक्षापनि त्यतिनै ठूला हुन्छन्। राज्यले त्यसको पूर्ति गर्न नसक्दा जनआक्रोश बढ्दै जान थाल्छ, जुन प्रतिक्रियात्मक राजनीतिका लागि अमृत सरह हुन्छ। विशेषतः पछिल्ला राजनीतिक परिवर्तनप्रति अनुदार शक्ति कुनै न कुनै अतिवादी नारा उराल्दै जनताका यिनै संशयको धमिलो पानीमा माछा मार्न, अलमलको तावामा अस्थिरताको रोटी सेकाउन उद्धत देखिएको छ। पछिल्ला वर्षहरूमा अतिवादी ढंगले  धर्म, जाति, क्षेत्रका मुद्दाहरूलाई घनिभूत रुपमा उठाएर आफ्नो स्वार्थ पुर्ति गर्ने राजनीतिक प्रवृत्ति विश्वभरि नै बढेको देखिन्छ। विश्वका विभिन्न शक्तिशाली राष्ट्रमा देखिएका उदारहणहरू हाम्रालागि प्रितिकर छैनन् ।

उदार लोकतन्त्रले प्रदान गरेको स्वतन्त्रताको भरपूर उपयोग गरेर विभिन्न अतिवादी त्रास देखाउँदै, बहुसंख्यक र अल्पसंख्यकमा जनतालाई विभाजन गरेर; अतिवादी कोणबाट धर्म, जाति, भाषाका आधारमा मान्छेको ध्रुविकरण गरेर, परिवर्तनको कारण आफ्नो भविष्यप्रति उद्विग्न मानिसको आदिम भावना र भयको चरम दुरुपयोग गर्दै उदारवादी निर्वाचन प्रणाली कै माध्यमबाट अनुदार पार्टी र जनउत्तेजक शासकहरू निर्वाचित भएर आउने र उदार लोकतन्त्रलाई नै कमजोर बनाउँदै सत्तामा आफ्नो उपस्थितिलाई झन् झन् सुदृढ गर्ने विश्वव्यापी प्रवृत्तिबाट हामी धेरै समय अछुतो रहन सम्भव छैन।

वर्तमान परिप्रेक्षमा अहिलेको राजनीतिक व्यवस्थाको उच्चतम कार्यान्वयनका लागि नेपाली कांग्रेसले सामना गर्नु पर्ने सबै भन्दा ठूलो चुनौती भनेको माथि उल्लेख गरेको जस्तो दिशाहीन राजनीति, विभिन्न आवरण र नाममा व्यक्तिगत वा दलगत स्वार्थका लागि गरिने 'पपुलिष्ट' दक्षिणपंथी जनरञ्जन एवं त्यसले हाम्रो सामाजिक संरचना र यो व्यवस्थाका आधार-स्तम्भहरूलाई हल्लाउन सक्ने सम्भावना नै हो। यस्ता 'पपुलिष्ट' र 'रिग्रेसिभ' विचारहरुलाई प्रतिकार गर्ने सक्ने क्षमताको लोकतन्त्र आजको आवश्यकता हो। हामी बेलैमा सच्चिएनौ, समालिएनौ भने लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा यही प्रवृत्तिबाट छ। मूलधारका राजनीतिक शक्तिहरू कमजोर भएभने, सामाजिक मुद्दाहरूप्रति निरपेक्ष रहेभने, सामाजिक संवेदशीलतालाई अवहेलना गरिरहे भने समाजलाई फेरी पछाडी फर्काउन चाहाने उग्र वामपन्थी, दक्षिणपन्थी र जातीय, क्षेत्रीय तथा धार्मिक अतिवादी शक्तिहरू अन्त जस्तै नेपालमा पनि त्यसैगरी जुर्मुराउन थाल्छन्। क्रमशः संगठित हुन प्रयत्न गरिरहेका त्यस्ता शक्तिहरूलाई नेपाली राजनीतिले बेलैमा निस्तेज र निरुत्साहित गर्न सकेन भने फेरी हामी अर्को भयंकर गोलचक्करमा फँस्नेछौं।

माथिको जुनसुकै संभावनातर्फ देशको राजनीति मोडिँदा जसले जिते पनि अन्ततः हार्ने लोकतन्त्रले हो, देश र जनताले नै हो। यस व्यवस्थामा रहने राजनीतिक दल, संयन्त्र तथा सबै जिम्मेबार पात्रहरुले आफ्नो व्यवहारलाई लोकतान्त्रिक नबाउने हो र यथास्थितिमा राजनीतिलाई चलाउने हो भने त्यसबाट उत्पन्न हुने आक्रोशलाई व्यवस्थापन गर्ने राजनीति ऊर्जा कोहीसँग रहने छैन।

## नेपाली कांग्रेसको अबको बाटो

यसरी स्थायित्वको अवसरलाई गुमाएर संविधानमा जनतालाई गरेका वाचाहरू अलपत्र परेको अस्थिरता र निराशाको यो विकराल स्थितिमा मुलुकको बाटो अनपेक्षित दिशातिर मोडिने पो हो कि भन्ने आशंका र चुनौतीका बिच हाम्रो १४औं महाधिवेशनको आयोजना हुँदैछ । त्यसैले यो महाधिवेशनले अस्थिर राजनीतिलाई सम्हाल्दै मुलुकलाई नयाँ दिशानिर्देश गरेर पुनः नेतृत्वदायी भूमिका निर्बाह गर्ने अपेक्षासहित आम नागरिकले कांग्रेसतिर आशाको नजरले हेरिरहेका छन्।

हामीले एकातिर संविधान निर्माणपछि मुलुकमा उत्पन्न भएको समृद्धि र समुन्नतिको राष्ट्रव्यापी जागरण र आम उत्साह मै कुठाराघात गर्दै 'कम्युनिष्ट' खास्टो ओडेर घोर दक्षिणपंथी चरित्र र व्यवहारले नेपालको राजनीतिलाई नराम्ररी गिजोलेर हिँडेको नेपाल कम्युनिष्ट पार्टीको गैरजिम्मेवार सरकारका कदमले 'डिरेल' भएको राजनीतिलाई पुनः सही बाटोमा ल्याउनु पर्नेछ। अर्कोतर्फ, 'वामपंथ'को नाममा

अतिराष्ट्रवादको भावावेश र समृद्धिको सुसुप्त आकांक्षालाई जगाएर सत्तामा पुगेपछि तिनैले मच्चाएको वितण्डाले जोखिममा परेको हाम्रो लामो राजनीतिक संघर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धिलाई जोगाउनु पर्नेछ । लोकतन्त्रका निम्ति सात दशक कठोर संघर्ष गरेको, अहिलेको व्यवस्थाको अभिभावक र संविधानको प्रणेता नेपाली कांग्रेसका लागि यो नै आजको मूल जिम्मेवारी र चुनौती हो।

माथि चर्चा गरिएजस्तै नेपाली समाजमा उठेका अनेकन प्रश्नको अन्तर्यमा रहेका भ्रमहरू चिर्दै यही व्यवस्था र संविधानको अपनत्व लिँदै यसैको जगमा समुन्नतिको मार्ग तय गर्दै जनतालाई तिनको जीवनमा सकारात्मक परिवर्तन हुँदै गएको आभास दिलाउने गुरुत्तर जिम्मेवारी पनि आजको दिनमा कांग्रेस कै हो । किनकी अब हामीलाई फेरी राजनीतिक मुद्दाकै खिचातानीमा अल्झने र प्राप्त अवसरलाई गुमाउने न सुविधा छ न समय । मुलुकको समग्र राजनीतिको यही आलोकमा नेपाली कांग्रेसले आफ्नो कार्यदिशा तय गरी पार्टी र देशलाई दिशानिर्देश गर्नेछ भन्ने अपेक्षा आम नागरिकको छ। देशमाथि मडारिरहेको आन्तरिक अतिवादी राजनीति र भूराजनीतिक संकटको कालो बादललाई हटाएर समुन्नति, स्वतन्त्रता र समानतालाई प्रवर्धन गर्ने लोकतान्त्रिक पद्धतिको स्थायित्व र सुदृढिकरणको मार्गचित्र देखाएर आम नागरिकको हृदयमा नौलो जागरण र भरोसाको किरण छर्न सक्यो भनेमात्र नेपाली कांग्रेसको १४औं महाधिवेशनको ऐतिहासिकता प्रमाणित हुनेछ।

**नेपाली कांग्रेस र वर्तमान राष्ट्रिय राजनीति: अधिवेशन हुँदै गर्दाको राष्ट्रिय राजनीतिको रुपरेखा**

वि.सं. २००७ र २०४६ सालजस्तै २०६२/०६३ को राजनीतिक आन्दोलन र त्यसपश्चातको शान्ति र संविधान निर्माण दुवै महत्वपूर्ण प्रक्रियाको नेतृत्व नेपाली कांग्रेसले गरेको हो। २०६२/०६३ को आन्दोलनलाई २००७ साल वा पार्टी स्थापनाकाल देखिकै वैयक्तिक स्वतन्त्रता र उदार लोकतन्त्र प्राप्तिको एउटा उत्कर्षको रुपमा हेर्न सकिन्छ। २००७ र २०६२/०६३ साल दुवै राजनीतिक संघर्षको उद्देश्य व्यक्तिको स्वतन्त्रता र निरंकुश शासनको अन्त्य थियो । २०६२/०६३ सालको राजनीतिक आन्दोलनबाट प्राप्त उदार लोकतन्त्रिक व्यवस्थालाई हाम्रो आधा शताब्दी भन्दा लामो राजनीतिक संघर्षको सफल अवतरण मान्नु पर्छ। उदार लोकतन्त्रलाई कुनै पनि आधुनिक समाजमा स्थापित गर्न आवश्यक राजनीतिक शक्ति संयोजन हामीले संविधान मार्फत व्यवस्था गारिसकेका छौं।

२०४६ को जनआन्दोलनपछि हामीले अँगालेको राजनीतिक व्यवस्थामा संवैधानिक राजासंस्थाको व्यवस्था थियो, तर राजसंस्थाबाट वैयक्तिक स्वतन्त्रता र लोकतान्त्रिक व्यवस्थामाथि संवैधानिक रुपमै प्रहार हुने जोखिम रहिरह्यो । अहिले परिस्थिति फेरिएको छ- हामीले वैयक्तिक स्वतन्त्रता र

लोकतन्त्रिक व्यवस्था सुरक्षित हुने किसिमले संविधान निर्माण गरेका छौं । यसको पछिल्लो उदाहरण ओली सरकारको राजनीतिक स्खलनबाट पनि स्पष्ट देखिन्छ । यो व्यवस्थालाई राजनीतिक दल तथा आम नागरिकहरुको राजनीतिक संस्कारमा स्थापित गर्न अवश्य समय लाग्छ, तर विभिन्न जोखिमका वाबजूद व्यवस्था स्वयंले वैयक्तिक स्वतन्त्रता र लोकतन्त्रमाथि आघात पुर्‍याउन सक्ने अवस्था छैन ।

अत: हाम्रो राजनीतिक व्यवस्था अब यही बाटोमा नै हिँड्नु पर्छ, कुनै अर्को उपयुक्त विकल्प छैन । अर्थात लोकतन्त्रको विकल्प छ, तर त्यो अझ उन्नत लोकतन्त्र मात्रै हुनसक्छ । अहिलेको व्यवस्था नेपाली कांग्रेसको आधा शताब्दी भन्दा लामो कठोर राजनीतिक संघर्षको मुख्य उपलब्धि हो । यो नेपाली कांग्रेसले कोरेको व्यवस्था भएकोले देशलाई लोकतन्त्रको यही बाटोमा हिँडाउने परिकल्पना, अठोट र उदारता सहितको राजनीतिक नेतृत्व दिने दायित्व पनि नेपाली कांग्रेसकै हो ।

मूख्य प्रश्न हाम्रो राजनीतिक व्यवस्थाले हाम्रा सामाजिक, आर्थिक तथा राजनीतिक विरोधाभासलाई समाधान गर्ने बाटोहरुको सही पहिचान गरेको छ कि छैन भन्ने हो । यद्यपी हाम्रो राजनीतिक व्यवस्थाले परिकल्पना गरेको जस्तो समाज अनुकूलको राजनीतिक नेतृत्व हामीसँग छ कि छैन भन्ने विषय पनि आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण छ । हाम्रो नेतृत्वले स्वयंले यस व्यवस्थामाथि असीम आस्था र विश्वास राख्नु पर्‍यो र नेपाली कांग्रेस पार्टीका लाखौं अनुयायीभित्र हामीले अंगिकार गर्ने राजनीतिक बाटोप्रति आत्मविश्वास जगाउनु सक्नु पर्‍यो । त्यो आत्मविश्वास दिलाउन एउटा सङ्कल्प चाहिएको छ ।

यो १४औं महाधिवेशनबाट नेपाली कांग्रेसको नेतृत्वले २०६२/०६३ को राजनीतिक आन्दोलन, संविधानको कार्यान्वयन एवं अतिवादी शक्तिहरूबाट लोकतन्त्रको सुरक्षा र संवैधानिक फ्रेमवर्क भित्र रहेर नेपाली नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तनका लागि गरेका वाचाहरु पुरा गरिछाड्ने विश्वास र समर्पणले भरिएको दृढ सङ्कल्प गरेर कार्यकर्ता तथा आम नेपाली नागरिकलाई सधैंका लागि आश्वस्त पार्नु पर्छ ।

यो पृष्ठभूमिमा रुमलिरहेको रहेको मुलुकको राजनीतिलाई पुनः सही बाटोमा फर्काउन नेपाली कांग्रेसले तत्काल गर्नुपर्ने केही जिम्मेवारी छन् ।

**नेपाली कांग्रेसको तत्कालको कार्यसूचि**

- **एक वर्षको सरकार**: आगामी आवधिक निर्वाचनसम्मका लागि सरकारको नेतृत्व कांग्रेसको हातमा छ । यसको सदुपयोग गर्दै ओली सरकारले अस्तव्यस्त पारेको अराजक राजनीतिक वातावरणलाई सही बाटोमा ल्याउँदै अगाडि देखिएका संवैधानिक तथा राजनीतिक गतिरोधलाई हटाउने दिशामा दृढ कदम चाल्ने ।

- **संवैधानिक संस्थाहरु सबलीकरण:** ओली सरकारबाट सुरु भएको अदालत तथा संवैधानिक निकायमा रहेको गतिरोध र जटिल समस्यालाई सम्बोधन गर्न उपयुक्त राजनीतिक बाटो पहिल्याउने । संवैधानिक संस्थाहरुमा देखा परेको लोकतन्त्रको मर्म विपरितको राजनीतिक हस्तक्षेप, तिनको स्वतन्त्र कार्यसम्पादन गर्ने संवैधानिक अधिकारमाथि भएको प्रहार र आम अराजकताको स्थितिलाई सच्याउँदै त्यस्था संस्थाहरुलाई संवैधानिक भावना अनुसार स्वायत्त र सबल बनाउन योगदान गर्ने ।

- **भूराजनीतिक तथा अन्तराष्ट्रिय सम्बन्धका सन्दर्भमा**: वि.सं. २०७४ पछिको यो समयमा ठूला राष्ट्रहरू आत्मकेन्द्रित हुँदैजाने जस्तो विश्व परिवेश बनेको छ र नेपालसँग प्रत्यक्ष सरोकार राख्ने भूराजनीति जसरी विकसित हुँदैछ त्यसको आलोकमा नेपालको विशिष्ट अवस्थित र संवेदनशीलता एवं छिमेकसँगको सम्बन्धका आयामलाई वस्तुगत रुपमा समय सापेक्ष विश्लेषण गरी सबै राजनीतिक शक्तिहरूसँग समन्वय गर्दै हाम्रो भूराजनीतिक अवस्थितिलाई राष्ट्रिय हित अनुकूल प्रयोग हुनेगरी आधुनिक तथा परिपक्व अन्तराष्ट्रिय सम्बन्ध विकास गर्ने, एउटा राष्ट्रिय सहमति निर्माण गर्ने ।

- **निर्वाचन:** निर्धारित समयमै आवधिक निर्वाचन गर्ने तयारी गरेर संवैधानिक प्रक्रियामा कुनै अवरोध आउन नदिने ।

- **न्यूनतम प्रदर्शन:** कम्तिमा एक वर्षको लागि सरकारको जिम्मेवारी नेपाली कांग्रेसको काँधमा आएको छ । यो छोटो समयमा दिर्घकालीन महत्व र सरोकारका विषयमा धेरै र उल्लेख्य भूमिका खेल्न नसके पनि तत्काल सरकारबाट गर्न सकिने आम जनसरोकारका विषयमा नेपाली कांग्रेसले आफ्नो राजनीतिक ऊर्जा र कौशलको प्रयोग गर्नु पर्छ । तत्काल गर्नु पर्ने एक काम कोरोना महामारीको चपेटामा परेको अर्थतन्त्रलाई पुनर्जिवित गर्ने किसिमको वित्तीय र मौद्रिक नीति तथा कार्यक्रमको सञ्चालन हो । अर्थतन्त्रको सबैभन्दा तल्लो तप्कामा रहेको

DRAFT

आम जनता, साना र मझौला व्यवसाय, आदिलाई चाहिएको आवश्यक आर्थिक सहयोग र राहतका काम तत्काल सञ्चालन गर्ने । आम नागरिकलाई दैनिक जीवनमा आवश्यक विभिन्न सरकारी सेवाहरूलाई चुस्त र प्रभावकारी बनाउने कुरालाई पनि उत्तिकै प्राथमिकतामा राखेर काम थाल्नु पर्छ ।

यिनै तत्कालिक कामहरूमा केन्द्रित हुँदैगर्दा पनि पार्टीको राजनीतिका लागि आगामी निर्वाचन र त्यसमार्फत सरकारको नेतृत्वमा आउने कुराको तयारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । तर चुनावदेखि चुनावसम्मको गोलचक्करमा हिँड्दाहिँड्दा थाकेको आम मतदाताको विरक्तिलाई हटाउन अब हामीले निर्वाचनमा जितेर सरकार बनाउने पार्टीपंक्तिको अभिलाषालाई प्रकट गरेरमात्र पुग्दैन, कांग्रेसले चुनाव किन जित्ने भन्ने प्रश्नको प्रष्ट उत्तरसहित जनतामाझ जानुपर्छ । प्रतिस्पर्धात्मक संसदीय व्यवस्थामा सरकार बनाउनु चुनाव जित्नुको परिणाम हो, तर चुनाव जित्नु पर्नाको कारण होइन भन्ने कुरा हामीले बुझ्नु पर्छ । अहिले नेपाली कांग्रेसको राजनीतिमा निर्वाचन नै सबै कुरा हो भन्ने एकोहोरो दृष्टिदोष छ; सम्पूर्ण राजनीति नै चुनाव केन्द्रित छ । यसको सबैभन्दा चर्को मूल्य हामीले नेपाल कम्युनिस्ट पार्टीको सरकार रहँदै गर्दा प्रतिपक्षमा हाम्रो फितलो भूमिकाबाट चुकाएका छौं । नेपाली कांग्रेसले चुनाव किन जित्नु पर्छ, जितेपछि के हुन्छ भन्ने प्रश्नको जबाफ नेपाली कांग्रेसको अस्तित्वसँग जोडिएको हुनुपर्छ; उसले के का लागि राजनीति गर्छ भन्ने जबाफभित्र भेटिनु पर्छ।

बहुलवादमा आधारित लोकतान्त्रिक संविधानको निर्माणपछि मुलुक समृद्धिको चाहनाले तड्पिएको छ । तसर्थ, नेपाली कांग्रेससँग एउटा स्पष्ट मिसन वा एउटा यस्तो राजनीतिक सपना हुनुपर्छ, जसले पार्टीलाई राष्ट्रिय राजनीति र जीवनमा अपरिहार्य र सान्दर्भिक बनाउने सामर्थ्य राख्छ; ता कि नागरिक स्वयंले तत् तत् कारणले गर्दा नेपाली कांग्रेसलाई जिताउनै पर्छ भन्ने स्वस्फूर्त धारणा बनाओस् । हामीले संविधानमा वाचा गरे अनुसार जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउने, तिनको आत्मसम्मानमा अभिवृद्धि गर्ने र जीवनस्तर उकास्ने, हिंसा र विभेदका संरचनाहरूलाई निर्मूल पार्ने परिकल्पनाका साथ सरकारको नेतृत्व गर्न अगाडि सरेको हुँदा हामी हिजोभन्दा गुणात्मक रुपले फरक छौं भन्ने विश्वास दिलाउनु छ । हामीले आम जनतालाई नेपाली कांग्रेस अस्तित्वमा रहनुको कारणमाथि विश्वास दिलाउनु छ कि ऊ नेपाललाई समुन्नत बनाउन चाहन्छ र उसको राजनीति जनतालाई सम्मानित जीवन यापन गर्ने अवसरको सृजना गर्नमा केन्द्रित छ ।

तसर्थ, यिनै विश्वासका आधारमा **'समुन्नत नेपाल, सम्मानित नेपाली' को राजनीतिक लक्ष्य प्राप्तीका लागि** नेपाली कांग्रेस पार्टीको रुपान्तरण आवश्यक छ भन्ने ठहरका साथ एउटा साझा धारणा बन्न सकोस् भन्ने उद्देश्यले मैले यसलाई कार्यक्रमको रुपमा यो महाधिवेशन समक्ष प्रस्ताव गरेको छु ।

**नेपाली कांग्रेसको राजनीतिक लक्ष्य (Mission): 'समुन्नत नेपाल, सम्मानित नेपाली'**

**समुन्नत नेपाल - के हो ?**

वि.सं. २००६ सालको आफ्नो प्रथम घोषणापत्रमा 'यथाशीघ्र मुलुकको सम्पूर्ण अवन्नतिको जरा उखेल्ने' भनेर नेपाली कांग्रेस पार्टीले गरेको प्रतिबद्धता साढे छ दशकपछि पनि पुरा हुन नसकेको मात्र होइन, छिमेकी देशहरुको तुलनामा हामी कता हो कता पछि परेका छौं । नेपाली जनताले ठूलो आशाका साथ पटक पटक सत्ताको बागडोर सुम्पँदा पनि हामीले अशिक्षा, गरीबी र पछौटेपनबाट देशलाई मुक्त गर्ने क्षमता प्रदर्शन गर्न असफल रहेको आत्मबोधले पनि आम कांग्रेसजनलाई खिन्न बनाउने गरेको छ । त्यसैले बदलिएको राजनीतिक र सामाजिक परिवेशमा हामीलाई उत्प्रेरणाको नवीन स्रोत चाहिएको छ, फेरि एउटा नयाँ सपनाको खोजी गर्नु परेको छ । हरेक व्यक्तिको स्वतन्त्रता, समानता एवं आत्मोन्नतिको अवसरलाई सुनिश्चित गर्दै यस्तो समाजको निर्माण गर्नुछ, जहाँ साझा दायित्वबोध, प्रयत्न र ऐक्यवद्धताका साथ लोकहितका लागि साझा समुन्नतिको सृजना गर्न सकियोस् । सर्वप्रथम हामीले त्यो समुन्नतिलाई परिभाषित गर्नुपर्छ ।

संविधान निर्माणको चरण सकिएपछि समृद्ध नेपाल अबको हाम्रो गन्तव्य हो भन्ने एउटा राजनीतिक दृष्टिकोण छ । समृद्ध नेपालको त्यो अवधारणामा व्यापक भौतिक विकास, ठूलाठूला पूर्वाधारका संरचना, अग्ला भवन र भ्यू टावर, भीमकाय एयरपोर्ट र हिमालमा रेल चडाउनेलगायत ठूलो आर्थिक विकासको मार्गचित्र भेटिन्छ । त्यस्तो समृद्धिको आधार भौतिक विकास हो, जसले प्राकृतिक स्रोतहरुको अवैज्ञानिक दोहन गरेर पर्यावरणीय संकट निम्त्याउँछ; विभेदका संरचनालाई झन् सुदृढ गर्छ, निश्चित ठाउँमा जनसंख्याको केन्द्रीकरण गर्दै लैजान्छ; सहरी र ग्रामीण, धनी र गरिबबीचको खाडल अझ फराकिलो बनाएर द्वन्द्वको अवस्था सृजना गर्छ भन्ने कुरा विश्वभरिको अभ्यासले प्रमाणित गरिसकेको छ । संसारभरि आँधी जसरी आएको दक्षिणपंथी राजनीतिको उभारमा केही निश्चित वर्गमात्र लाभांवित हुने यस्तै भौतिक विकासको ठूलो भूमिका रहेको विस्तारै पुष्टि हुँदैछ ।

तर ‘समुन्नत नेपाल, सम्मानित नेपाली’ को अवधारणा र समृद्धिको चित्रमा आधारभूत भिन्नता छ। ‘समुन्नत नेपाल’ एउटा निश्चित गन्तव्य नभएर राष्ट्र निर्माणको एउटा निरन्तर प्रयत्न हो। आजभन्दा भोलि र भोलिभन्दा पर्सी झन् उन्नत बनाउँदै लैजाने लगातारको कोशिश हो। ‘समुन्नत नेपाल’ को केन्द्रमा एउटा नागरिक छ, उसका आकांक्षा र सपनाहरू छन्; उसको व्यक्तित्वको आफ्नै विशिष्ट पहिचान छ। भौतिक संरचनाहरू छन्, तर ती उसका तिनै सपनाहरूको पूर्तिका साधनमात्र हुन्; तिनको निर्माणमा उसको सहभागिता र सृजनशीलता जोडिएको हुँदा तिनले विभेदको सृजना गर्दैनन्।

२०६० पछिको परिवर्तनले नेपाली राजनीतिलाई एउटा ठोस एजेन्डा त दियो तर विकास वा समृद्धिको लागि आवश्यक मापक भने निर्क्योल गर्न सकेन। नेपाली कांग्रेसको ‘समुन्नत नेपाल’को राजनीतिक मिसनका केही निश्चित मापकहरु हुनेछन्। नेपाल समुन्नतितर्फ बढ्दै जाँदा :

- वंश वा जाति वा लिङ्गको आधारमा प्राप्त हुने विशेषाधिकारको अवस्था घट्दै जानेछ;
- जन्म भएको परिवार र स्थानको आधारमा नागरिकको भाग्य निर्धारण हुने अवस्थाको अन्त्य हुनेछ;
- सबै नेपाली नागरिकको स्वतन्त्रताको विस्तारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता जीविकोपार्जनका न्यूनतम आधारको प्रत्याभूति हुँदै जानेछ;
- विभेदको अवस्थाको अन्त्यसँगै लोकतन्त्रिक व्यवस्थामा एक सबल, सक्षम, स्वतन्त्र र सम्मानित नेपाली नागरिकको सिर्जनात्मक भूमिका बढ्ने छ; सक्षम हुने उसको प्रयत्नलाई राज्यले प्रोत्साहित गर्नेहुँदा ऊ अझ स्वावलम्बी, सम्पन्न र राष्ट्र निर्माणमा योगदान गर्न हरदम प्रेरित रहन्छ;
- सबल, सक्षम,  स्वतन्त्र र सम्मानित नेपाली नागरिकको सामुहिक प्रयत्नबाट मुलुकको सम्पन्नता वृद्धि हुँदै जानेछ;
- सबल, सक्षम, स्वतन्त्र र सम्मानित नेपाली नागरिकको सामुहिक प्रयत्नबाट निर्माण हुँदै गरेको सम्पन्न नेपालमा जातीय, भाषिक, क्षेत्रिय लगायतका विविधताको सामुहिक ऊर्जाबाट राष्ट्रियताको नयाँ भाव सृजना भई राष्ट्रियता सुदृढ हुनेछ।

यसरी सबल, सक्षम, स्वतन्त्र र सम्मानित नेपाली नागरिकको सामुहिक प्रयत्नका आधारमा निरन्तरको प्रयत्नले निर्माण हुने समुन्नत नेपालले आधुनिक नेपाली परिचयको विकास गर्नेछ र त्यसले सबै नेपालीहरुलाई नेपाली हुनुमा वा नेपालीपनमा गर्व गर्न सक्ने अवस्थाको सिर्जना हुनेछ । मुलुकप्रतिको गौरवमा वृद्धि हुनेछ ।

नेपाली कांग्रेस पार्टीको 'समुन्नत नेपाल'का यी महत्वाकांक्षी राजनीतिक मिसन प्राप्त गर्ने सैद्धान्तिक आधार समाजिक लोकतन्त्र नै हो । अब सामाजिक लोकतन्त्रका केही मूलभूत सैद्धान्तिक बुँदाहरूको छोटकरीमा चर्चा गरौं ।

**समुन्नत नेपालको सैद्धान्तिक रुपरेखा**

१. राजनितिक प्रणालीः सामाजिक लोकतन्त्रले विधिको शासन, शक्ति सन्तुलन र नागरिकको वैयक्तिक अधिकारको सुरक्षालाई सबै भन्दा महत्व दिन्छ । सामाजिक लोकतन्त्र उदार लोकतन्त्र र पुँजीवादी अर्थव्यवस्थाको विवेकपूर्ण सम्मिश्रणबाट बनेको सैद्धान्तिक अवधारणा हो । नेपाली कांग्रेसले बुझेको र विश्वास गरेको उदार लोकतन्त्रका लागि स्वतन्त्र तथा निष्पक्ष आवधिक निर्वाचन आवश्यक सर्त पक्कै हो तर यो पर्याप्त भने छैन । लोकतान्त्रिक निर्वाचनबाटै धमाधम चुनिएर आएका विश्वभरिका दक्षिणपंथी अनुदार सरकारहरूको आचरण र व्यवहारले के पुष्ट गर्छ भने स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचन मात्रले लोकतन्त्रलाई उदार बनाउँदैन । निर्वाचित सरकारले विधिको शासन र शक्ति सन्तुलनलाई सम्मान गर्दै, संविधानले हरेक तहको सरकारलाई दिएको अधिकारभित्र सीमाबद्ध रही नागरिकको वैयक्तिक स्वतन्त्रता सुनिश्चित र विस्तारित गर्छ भने मात्र उदार लोकतन्त्रले पूर्णता पाउँछ । उदार लोकतन्त्रको चरित्र र व्यवहार भएको सत्ताले मात्र आफूमा रहेको स्वायत्तता, वैधता र वैधानिकताको न्यायोचित प्रयोग गर्दै लोकतान्त्रिक समाजभित्र स्वभाविक रुपमा रहने द्वन्द्वलाई निरुपण र व्यवस्थापन गर्ने सामर्थ्य राख्छ ।

२. आर्थिक प्रणालीः सामाजिक लोकतन्त्रले पुँजीवादी अर्थ व्यवस्थाले प्रदान गर्ने लाभहरुलाई अँगाल्दै यसका अवाञ्छनीय पक्षहरुलाई उचित नियमनका माध्यमबाट सम्बोधन गर्ने र पुँजीवादी व्यवस्थाको अनेपक्षित परिणामबाट नागरिकहरुलाई सुरक्षित गर्न उपयुक्त सामाजिक नीतिहरुको उपयोग गर्ने राजनीतिक व्यवस्थाको सृजना गर्छ । वैयक्तिक स्वतन्त्रता र पुँजीवादी अर्थ व्यवस्था एक-अर्कासँग गासिँएका छन् । कुनै पनि राजनीतिक व्यवस्था समस्यारहित

नभएजस्तै पुँजीवादी अर्थ व्यवस्थामा समस्या छैन भन्ने होइन, निःसन्देह थुप्रै समस्या छन् । तर त्यस्ता समस्याहरुको समाधान पनि छ । उपयुक्त नीतिगत हस्तक्षेपमार्फत आर्थिक तथा सामाजिक क्षेत्रमा न्याय, राज्यका स्रोत तथा सेवाहरुमा सबै नागरिकहरुको समान पहुँच र अधिकारको सुनिश्चतता गर्ने नीतिगत व्यवस्था उदार लोकतन्त्र र पुँजीवादी अर्थव्यवस्थाको सम्मिश्रण रहेको सामाजिक लोकतन्त्रको फ्रेमवर्कमा सम्भव छ । विश्वका धेरै देशले यस्तो प्रबन्धलाई सफलतापूर्वक कार्यान्वयनमा ल्याएर उदाहरणीय विकास र सामाजिक न्यायको सुनिश्चितता गरिरहेको हामीले देखेका छौं । पछाडि रहेका हामीलाई तिनले गरिरहेको अभ्यासको सफलता र असफलता दुवैबाट सिक्ने मौका छ ।

३. समुन्नति हासिल गर्न लागि नागरिक सक्षम, सबल र स्वाधीन हुन आवश्यक छ । त्यसका लागि राज्यको भूमिका भनेको संवैधानिक रुपमा प्रत्याभूत गरिएको वैयक्तिक स्वतन्त्रताको उच्चतम विस्तार र सृजनात्मक प्रयोग नै हो । यसमा तत्कालको प्राथमिकता भनेको संवैधानिक रुपमै प्रत्याभूत भएका वैयक्तिक स्वतन्त्रताहरुको वाधकहरुको न्यूनिकरण र निर्मूलिकरण हो । वैयक्तिक स्वतन्त्रतालाई विस्तार नगरी जीवन्त विकास सम्भव छैन । सरकारको स्वेच्छाचारी व्यवहार बाहेक हाम्रोमा वैयक्तिक स्वतन्त्रताका वाधकहरु विभिन्न आवरणमा व्याप्त छन्-

**(क) सामाजिक स्वरुप:** जातिय, लैङ्गिक र भौगोलिक आधारमा हुने असमानता, असमान व्यवहार, परम्परा र सोका कारणबाट हुने हिंसाले व्यक्तिको स्वतन्त्र उन्नयनलाई कुण्ठित पारेको छ ।

**(ख) राजनीतिक स्वरुप:** व्यक्तिको विकासमा आधारभूत महत्व राख्ने शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता कुराहरुको असमान पहुँचले पनि वैयक्तिक स्वतन्त्रतामा सीमा निर्धारण गरेको छ ।

यस्ता आवरणमा लुकेका वैयक्तिक स्वतन्त्रतामा बाधा पार्ने गरी हुने विभेद र बन्देजले संविधानले प्रत्याभूत गरेको स्वतन्त्रताको उपभोगका सन्दर्भमा बहुआयामिक प्रभाव पारिरहेका हुन्छन् । जस्तो शिक्षाको सहज र सरल पहुँच नहुँदा प्रथम दृष्टिमा व्यक्तिको शिक्षा सम्बन्धी अधिकार हनन भएता पनि यसले अन्य राजनीतिक तथा सामाजिक अधिकारहरुको उपयोग समेतलाई अप्रत्यक्ष रुपमा बन्देज लगाउने अवस्था सृजना गरी नागरिकको समग्र व्यक्तित्व विकासमा दूरगामी नकारात्मक प्रभाव पारिरहेको हुन्छ । शिक्षाको हकको उपयोग गर्नबाट



DRAFT

वञ्चित व्यक्ति संविधानले अपेक्षा गरे जस्तो अभिव्यक्ति स्वतन्त्रता वा रोजगारको अधिकार वा अन्य कुनै अधिकारको पूर्ण उपयोग गर्न सक्षम हुनै सक्दैन । सबै राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारको उच्चतम प्रयोग गर्ने नागरिकको बाहुल्य नभई लोकतन्त्रले अपेक्षित फल दिन सम्भव छैन । समस्याको पहिचान भएपछि समाधानको बाटो फेला पर्छ । समुन्नत नेपालको बाटोमा सबैभन्दा ठूलो अवरोध नेपाली समाजमा व्याप्त विभेद र बन्देजको चक्र नै हो ।

४. सामाजिक लोकतन्त्रले व्यवस्थाको प्रतिफललाई साँच्चै नै जनतासम्म पुऱ्याउन र वास्तविक जनमुखी बनाउन त्यसलाई अझै समावेशी बनाई जीवन पद्धतिकै रुपमा समाजमा स्थापित गर्छ । महिला, आदिवासी, जनजाति, मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक, अपांगता भएका व्यक्तिलगायत मुलुकका विविध समुदाय र वर्गले लोकतन्त्रमा आफ्नो उत्तिकै प्रतिनिधित्व र सहभागिता रहेको ठान्नु जरुरी छ । सिंहदरबारको सरकार वा संसदभित्र मात्र होइन समाजका हरेक क्षेत्रमा त्यो विविधता झल्किनु पर्छ । खासगरी मजदूर, किसानलगायतका शोषित र उत्पीडित वर्गले लोकतन्त्रमा आफ्नो स्वमित्व भेट्नु पर्छ । हाम्रो समावेशी लोकतन्त्रले यी सबैलाई अट्ने छहारी दिनेछ तथा यिनको पहिचान र उत्थानका निमित्त काम गर्ने छ ।

५. सामाजिक लोकतन्त्र अनुरुपको अर्थ व्यवस्थाको व्यक्ति प्रधान कि समाज प्रधान भन्ने अर्थ-राजनीतिक समाजशास्त्रीय विवादमा स्पष्ट दृष्टिकोण छ- सामाजिक लोकतन्त्रमा व्यक्ति सँधै प्रधान हुन जान्छ । सामाजिक लोकतन्त्रले व्यक्तिसँग असिमित क्षमता छ भन्ने मान्दछ, त्यसलाई पहिचान गर्छ र व्यक्तिले आफूमा अन्तर्निहित त्यो अपरिमित क्षमतालाई आफ्नो र समाजको प्रगतिमा उत्कृष्ट ढंगले प्रयोग गर्न सक्षम बनाउने अभिभारा सरकारको हो भन्ने मान्दछ । यो दृष्टिकोणबाट सञ्चालित शासनमा मात्र नागरिक र नागरिकता प्रभावकारी हुन्छ । सबै राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारको उच्चतम प्रयोग गर्न सक्ने सबल र सक्षम नागरिकबाट मात्र परिवार, समाज र समग्र राष्ट्रको विकास र निर्माण सम्भव हुन्छ । त्यसैले सामाजिक लोकतन्त्रको मुख्य दर्शन नै सबल र सक्षम नागरिकको निर्माण हो ।

६. सामाजिक लोकतन्त्रले शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षाको प्रत्याभूति तथा विभिन्न प्रकारका विभेद र हिंसाबाट मुक्तिलाई ‘लोक कल्याणकारी’ जिम्मेवारीभन्दा पनि नागरिकमाथि उसको व्यक्तिगत सृजनशीलताको उच्चतम उपयोग गर्ने क्षमता वृद्धिका लागि गरिने ‘लगानी’ को रुपमा

DRAFT

हेर्दछ । नागरिकको क्षमतामा वृद्धिले राष्ट्र निर्माणमा उत्प्रेरकको काम गर्छ; सर्वतोमुखी उन्नतिको मार्ग प्रशस्त गर्दछ । उदाहरणका लागि शिक्षालाई हेरौं । शिक्षा मौलिक हक हो तर सामाजिक लोकतन्त्रले शिक्षालाई मौलिक हकको दृष्टिबाट मात्र हेर्दैन । अशिक्षाको आर्थिक, सामाजिक मूल्य पनि हेर्छ । शिक्षाले नागरिकलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउँछ र लोकतन्त्रिक व्यवस्थाले परिकल्पना गरेको जस्तो नागरिकको निर्माण गर्छ । त्यस्तै जातीय वा लैङ्गिक विभेदको विषयमा पनि राज्यले त्यस्तो विभेदको कारण समाज र राष्ट्रले व्यहोर्ने सामाजिक, आर्थिक तथा राजनीतिक हानी नोक्सानीलाई आकलन गर्छ । मौलिक हकको कार्यान्वयन संवैधानिक जिम्मेवारी अवश्य हो, तर सामाजिक लोकतन्त्रको खाकामा त्यस्तो मौलिक हकको कार्यान्वयनको जिम्मेवारी सबल र सक्षम नागरिकको निर्माणमा केन्द्रित हुन्छ । अत:

७. नागरिकको क्षमता अभिवृद्धि र त्यसका लागि राज्यले शिक्षा, स्वास्थ्य आदिमा गर्ने लगानी नै यस्तो अर्थ व्यवस्था सफल बनाउने आधार स्तम्भ हो । शिक्षा, स्वास्थ्य, पोषण आदि आधारभूत क्षेत्रहरूमा प्रदान गरिने सेवामा सबै नागरिकको समान, सहज र सुलभ पहुँच हुने हुनाले सामाजिक अर्थ व्यवस्थामा हरेक नागरिकले भविष्यको जीविकोपार्जन र उन्नतिका लागि अरूजस्तै समान न्यूनतम आधार (levelled playing field) प्राप्त गर्छ ।  तसर्थ, सामाजिक अर्थ व्यवस्थाले अन्य व्यवस्थाको तुलनामा नागरिकको क्षमताको विकास गरी सम्मानजनक र सहज रुपमा जीविकोपार्जनका अवसर प्रदान गर्छ । यस्तो व्यवस्थाले  सबै नागरिकलाई समान रुपमा पुँजीवादी अर्थ व्यवस्थामा सक्षम हुन आवश्यक हुने पूर्वशर्तहरुको सहज र समान आपूर्ती  राज्यको सर्वाधिक महत्वपूर्ण जिम्मेवारी हो भन्ने ठान्दछ ।

८. 'समुन्नत नेपाल'को खाकाको केन्द्रमा नेपाली नागरिक हुन्छ, मानवीय मूल्य र मान्यता हुन्छ । निश्चय नै भौतिक विकास आवश्यक छ तर भौतिक विकासमात्रले समुन्नत नेपालको निर्माण हुँदैन । समुन्नत नेपालका लागि सबै भन्दा महत्वपूर्ण पक्ष भनेको सबल, स्वतन्त्र, सक्षम र सम्मानित नेपाली नागरिक हो । राष्ट्रको निर्माण हरेक व्यक्तिको स्वतन्त्र र सृजनात्मक विकासबाट हुनुपर्छ र हुन्छ । राजनीतिक दलहरुले विकासलाई ठूला र चिल्ला सडक, भिमकाय रेलमार्ग र विमास्थल वा गगनचुम्बी भवन आदिको आधारमा बुझे र बुझाइए । सडक नितान्त आवश्यक छ तर सडक किन, कसका लागि र कुन प्रयोजनका लागि हो भन्ने विषय समुन्नत नेपालको अवधारणामा समेटिनु पर्छ । जस्तो, सडकको निर्माण सवारी गुड्नका लागि

त हो नै, तर त्यसभन्दा माथि सडकको प्रयोजन व्यक्तिको आवागमनलाई सहज र सुलभ बनाउनका लागि हो । यसको तात्पर्य, राष्ट्र केवल कन्क्रिटको जङ्गलमात्र होइन; भौतिक विकासको केन्द्रमा नागरिक हुन आवश्यक छ । भौतिक विकासको केन्द्रमा नागरिकको संलग्नता र सरोकार हुनुको अर्थ त्यसको सृजनामा प्रकृतिको असीमित दोहन हुन पाउँदैन । पर्यावरणको संरक्षणले मात्र मानिसको आर्थिक सुनिश्चितता, खुशी र सुखको अभिवृद्धि हुने विश्वभरि भौतिक विकासको अभ्यासले प्रमाणित गरिसकेको सत्यले समुन्नत नेपालको खाकामा महत्वपूर्ण स्थान ओगट्छ ।

९. 'समुन्नत नेपाल'को खाकाको केन्द्रमा नेपाली नागरिक, मानवीय मूल्य र मान्यता हुन्छ भन्नुको राजनीतिक अर्थ वैयक्तिक सृजनशीलता तथा स्वतन्त्रताको विस्तार र उपयोगबाट नेपाललाई समुन्नत बनाउने भन्ने हो । भौतिक संरचना बाहेक पनि राष्ट्र कला, सहित्य, संगीत, सँस्कृति, इतिहास आदिको समष्टि हो । अत: राष्ट्र निर्माणको अर्थमा  नागरिक विकासको उपभोक्ता होइन, विकासको निर्माता हो, विकासको सम्बाहक हो । हाम्रो अहिलेसम्मको राजनीतिले सरकारलाई विकासको गतिशील सर्जक र नागरिकलाई विकासको निष्क्रिय उपभोक्ताको रुपमा व्यवहार गरेको छ । नेपाली कांग्रेसको समुन्नत नेपालको खाकाले यस विरोधाभासपूर्ण व्यवहारलाई परिवर्तन गर्छ ।

१०. सामाजिक लोकतन्त्रिक संरचनाले आजीवन क्षमता अभिवृद्धिको संवैधानिक सुनिश्चिता गर्दछ । यसका लागि राज्यसँग सोही अनुसारको वित्तीय क्षमता हुन्छ । राज्यले यस्तो वातावरण निर्माण गर्न सक्नुपर्छ, जस अनुसार प्रत्येक व्यक्तिले आफू सम्पन्न हुने प्रयत्न गरोस्, त्यस्तो प्रयत्नलाई राज्यले उत्प्रेरित गरोस् र अन्ततः ऊ आफ्नो समाज र राज्यको उन्नतिमा योगदान गर्न सक्षम होस् । यसरी उसको योगदानबाट प्राप्त स्रोत राज्यले पुनः आफ्नो नागरिकको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा सुदृढ गर्न लगानी गर्छ । त्यसैले राज्यले सामाजिक तथा कल्याणकारी नीतिहरुमार्फत परिचालन गर्ने स्रोत उदार लोकतन्त्रिक  अर्थ व्यवस्थाका लागि विवेकपूर्ण लगानी हो ।

११. सामाजिक लोकतन्त्रले नागरिकले राजनीतिक अधिकार उपयोग गर्ने कुराको सुनिश्चिता खोज्छ । वैयक्तिक स्वतन्त्रतालाई केन्द्रमा राखेर उदार लोकतन्त्र र पुँजीवादी अर्थव्यवस्थालाई नियाल्ने हो भने यी बिचको सम्बन्ध फेरी पनि अनोन्याश्रित नै देखिन्छ ।

पुँजीवादी अर्थव्यवस्थाले व्यक्तिगत सम्पत्ति, व्यवसायको अधिकार जस्ता आर्थिक अधिकारहरुलाई आफ्नो आधारशिलाको रुपमा प्रयोग गर्छ । अर्कातिर उदार लोकतन्त्रले लोकतान्त्रिक व्यवस्थाको आधारशिलाको रुपमा एक सक्षम र सबल नागरिकलाई पूर्व शर्तको रुपमा लिएको हुन्छ । यसलाई बुझ्न कुनै पनि राजनीतिक अधिकारलाई हेरौं- जस्तो अभिव्यक्तिको स्वतन्त्रता । उदार लोकतन्त्रमा नागरिकको अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिएको हुन्छ । भन्नुको अर्थ लोकतन्त्रमा नागरिकहरू सत्ता र शक्तिको विरुद्धमा बोल्छन् र त्यसरी बिरोधमा बोल्न र प्रश्न गर्न आवश्यक रहेकाले नै त्यस्तो अधिकारलाई संवैधानिक रुपमा सुरक्षित गरिएको हो । उचित शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, पोषण आदि प्राप्त गरेको नागरिकले मात्र संवैधानिक रुपमा यसरी सुरक्षित गरिएको अधिकारको प्रयोग गर्न सक्छ । प्रश्न आउला के सत्तालाई प्रश्न वा आलोचना गर्न सक्ने नागरिक लोकतन्त्रमा त्यस्तो महत्वपूर्ण छ ? अवश्य छ, किनकि त्यस्तो नगारिक नहुने हो भने सत्ताको निरङ्कुश बन्ने प्रवृत्तिले लोकतन्त्रको भविष्यलाई नै जोखिममा पारिदिन सक्छ । उदार लोकतन्त्रमा संवैधानिक रुपमा सुरक्षित गरिएका, विशेषगरी राजनीतिक अधिकारहरुले अन्ततोगत्वा लोकतन्त्र कै सुरक्षा गर्ने हो । त्यसैले त्यस्ता अधिकारको निसङ्कोच र निर्भिक उपयोग गर्ने नागरिकको निर्माण गर्ने दायित्व पनि लोकतन्त्रिक राज्य व्यवस्थाको हो ।

१२. सामाजिक लोकतन्त्रले सापेक्षित रुपमा शान्तिपूर्ण राजनीतिक, आर्थिक र साँस्कृतिक अवस्थाको सुनिश्चितता गर्छ, जुन मानव समाज र जीवनको उद्देश्य पनि हो र साथसाथै आर्थिक विकास, रोजगारी र आय वृद्धिको माध्यम पनि हो, जसले हिंसा कम गर्न र नागरिकलाई आत्मसम्मान प्रदान गर्न सहयोग गर्छ । यसले सापेक्षिक रुपमा स्थायित्वसहितको भविष्यको सुनिश्चितता हुन्छ, जहाँ व्यक्ति तथा समुहले तागतवार शक्तिहरूको दवाब र प्रभावबिना उज्यालो भविष्यको योजना बनाउन सक्छन् । त्यही भएर नै यस्तो व्यवस्थाले आत्मनियन्त्रण र स्वप्रयत्नलाई प्रोत्साहन गर्छ ।

१३. सामाजिक लोकतन्त्रको केन्द्रमा नागरिकको स्वतन्त्रता हुनु पर्छ । लोकतन्त्रको मुख्य उद्देश्य नै नागरिकको स्वतन्त्रताको विस्तार गर्दै मर्यादित जीवन बाँच्ने अवस्था र अवसर दिने हुनु पर्छ । हाम्रो लोकतन्त्रले नागरिकलाई पाँच वर्षमा एक पटक भोट हाल्ने मेसिन होइन राष्ट्र निर्माणका लागि अपरिमित क्षमताको स्रोत ठान्ने हुँदा राष्ट्रिय जीवनको हरेक पक्षमा उसको सक्रियता र सहभागिताको अपेक्षा गर्दछ । अहिले त्यो व्यक्ति पाँच वर्षमा एकचोटि भोट हालेपछि

नितान्त भूमिकाविहिन हुन्छ । आफ्नो सम्पूर्ण अधिकार कुनै एक प्रतिनिधिलाई सुम्पने फगत मतदातामा सीमित गरिएको त्यो व्यक्ति एक्लो, निष्क्रिय र कमजोर छ । तर हामी त्यस्तो लोकतन्त्रको निर्माण गर्न चाहन्छौँ, जहाँ एउटा व्यक्ति सचेत नागरिकको रुपमा कानून बनाउनेदेखि त्यसको पालना गराउने प्रक्रिया सम्म सक्रिय छ । उसलाई सबै लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउने र हस्तक्षेप गर्ने अधिकार र स्थान हुन्छ ।

शासनमा जनताको प्रत्यक्ष सहभागितालाई नबढाई लोकतन्त्रप्रति जनताको आकर्षण र स्नेहमा वृद्धि हुँदैन र जनस्नेहको अभावमा लोकतन्त्र दुर्बल र असुरक्षित हुन्छ । यो हामीले पटक पटक भोगेको सत्य हो । तसर्थ, शासनलाई यथासम्भव जनताको नजिक पुऱ्याउनु पर्छ, जुन हाम्रो सन्दर्भमा नगर, गाउँ, समुदाय हुन सक्छन्, ताकि सर्वसाधारणले दैनिक प्रशासनमा सोझो र प्रत्यक्ष सहभागिता जनाउन सकून् । यसलाई 'गाउँले सत्ता' पनि भन्न सकिन्छ ।

१४. नयाँ संविधानले व्यक्तिको स्वतन्त्रतालाई जस्तै समानतालाई पनि अर्को महत्वपूर्ण स्तम्भ मानेको छ । तर संविधानले परिकल्पना गरेको समानता औपचारिक होइन सारवान् समानता हो । कानूनको समान संरक्षणको सैद्धान्तिक जगमा मात्रै सारवान् समानता सम्भव भएकाले यसका लागि संविधानले केही वैधानिक व्यवस्था गरेको छ । सामाजिक लोकतन्त्रको चेष्टा यो वैधानिकतालाई वैधता दिलाउने तर्फ केन्द्रित हुनेछ ।

वैधानिकतामा बाध्यताको भाव रहन्छ भने वैधतामा स्वाभाविक समर्थनको । हाम्रो लोकतन्त्रमा संविधानले व्यवस्था गरे अनुसारको वैधानिकताको पालना त गरिन्छ नै, तर सँगसँगै यस्तो वातावरण बनाउँदै जानु पर्छ कि प्रत्येक नागरिक वा समुदायले संविधानले तोकेको दायित्वलाई नैतिक जिम्मेवारी ठानेर पालना गर्दै वैधता दिन्छन् । आफ्नो अधिकारको उपभोग गर्दा अर्काको अधिकार हनन वा कुण्ठित हुन नदिन सचेत हुन्छन् । वैधानिक र वैध दुवै हस्तक्षेपले समाजलाई निरन्तर न्यायपूर्ण र समतामूलक बनाउन, पछाडि परेकालाई अगाडि ल्याउन काम गरिनै रहने छ ।

१५. सामाजिक लोकतन्त्रले एकातिर सबल, सक्षम र प्रभावकारी नागरिक र अर्कातर्फ विभेदको अन्त्यसँगै सबै वैयक्तिक अधिकारहरुको सरल र सहज पहुँच सहितको राज्य व्यवस्थाको परिकल्पना गर्दछ । यो सामाजिक व्यवस्थाले हाम्रा आ-आफ्ना विविध मौलिक सँस्कृति, सृजना, सनातन परम्पराआदिको सुधार, संरक्षण, संवर्धन र सम्मान गरी समाजले

स्वत: विविधतालाई देशको नैसर्गीक अवस्थाको रुपमा स्वीकार मात्र होईन त्यसमाथि गर्व गर्ने वातावरणको सृजना गर्छ, जसले देशप्रेम र राष्ट्रियतालाई जगेर्ना र बलियो बनाउन मद्दत पुऱ्याउँछ।

यसरी १४औं महाधिवेशनपछि सैद्धान्तिकरुपले पुनर्जागृत र रुपान्तरित नेपाली कांग्रेसले तत्कालको कार्यसूचिमा रहेको कामसँगै सामाजिक लोकतन्त्रको सैद्धान्तिक खाका (framework) भित्र समुन्नत नेपालको सङ्कल्प सहित राष्ट्रिय अभियान प्रारम्भ गर्नु पर्नेछ। नेपाली कांग्रेससँग गौरवशाली इतिहास मात्र होइन भविष्यमुखी राजनीतिक दृष्टि र वर्तमानप्रतिको जिम्मेवारीबोध पनि छ भन्ने कुरालाई प्रष्ट पार्दै यो अभियानले मूलतः दुईवटा काम गर्नेछ:

१. क्रमशः विकसित भइरहेको राजनीतिक अस्थिरता, लोकतान्त्रिक संस्थाहरूको निरन्तर भइरहेको क्षयीकरण र तिनमा आउन थालेको विचलन, भूराजनीतिक प्रतिद्वन्द्विताले आन्तरिक राजनीतिमा बढ्दै गएको प्रभाव, समग्र राजनीतिप्रति नै आम नागरिकमा देखिँदैगएको वितृष्णा र निराशाको पृष्ठभूमिमा यो व्यवस्थाप्रति नै प्रश्न उठेको वातावरणमा मौलाइरहेका जनउत्तेजक अनुदार राजनीतिक शक्तिहरुको नियन्त्रण र सुधार गर्दै नेपाली कांग्रेस पार्टीले स्थितिलाई सम्हाल्ने छ । कम्युनिष्ट पार्टीको गैरजिम्मेवार सरकारका कदमले ‘डिरेल’ भएको राजनीतिलाई पुनः सही बाटोमा ल्याएर यो संविधान र हाम्रो लामो राजनीतिक संघर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धिलाई जोगाउने छ । संवैधानिक र राजनीतिक गतिरोधलाई सुझबुझपूर्ण ढंगले हटाएर मुलुक फेरि एकचोटि सही बाटोमा फर्किएको आभास दिलाउँदै आम नागरिकको व्यवस्थाप्रतिको भरोसालाई पुनर्स्थापित गर्नेछ।
२. नेपाली कांग्रेस पार्टीलाई एउटा स्पष्ट मिसन र राजनीतिक सपना दिन्छ । आफ्नै जीवनकालमा समुन्नत नेपालको सम्मानित नागरिकको पहिचान बनाउने स्पष्ट मिसन र सिद्धान्त सहितको राजनीतिक एजेण्डा हुँदा पार्टीका कार्यकर्ता एक ढिक्का भएर त्यसको प्रप्तिका लागि उत्साहित र उत्प्रेरित हुनेछन्। नेपाली राजनीतिले फेरि एउटा नवीन दिशा भेट्टाउँछ।

यहाँनेर महाधिवेशनबाट चुनिएर आउने नेतृत्वको विषय पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ । लोकतन्त्रलाई आम नागरिकको उत्थानको माध्यम बनाउन त्यो नेतृत्वले अहिलेको व्यवस्था र यसको

राजनीतिक संस्कारलाई न्याय गर्न त सक्नु पर्छ नै; राजनीतिक नेतृत्व भनेको विचार र व्यक्ति दुवै भएकोले समुन्नत नेपालको राजनीतिसँग पनि उसको एकाकार हुन उत्तिकै जरूरी छ। उसले 'समुन्नत नेपाल' का लक्ष्यलाई स्पष्टरुपमा व्याख्या गर्दै सोको प्राप्तीका लागि उत्तिकै स्पष्ट कार्यनीतिहरु निर्माण र सम्प्रेषण गर्ने क्षमता राख्नु पर्छ। उसले पार्टीमा आवद्ध हरेक सदस्यलाई मात्र होइन, लाखौं शुभेच्छुक नागरिकलाई पनि उत्साहित, उत्प्रेरित र क्रियाशील बनाई अब यो देश हाम्रै जीवनकालमा समुन्नत हुनेछ भन्ने गहिरो विश्वास दिलाउन सक्नुपर्छ। अनिमात्र नेपाली कांग्रेस पार्टीका प्रत्येक सदस्यमात्र होइन शुभेच्छुकहरु समेत यो 'समुन्नत नेपाल' को राजनीतिक मिसनमा जोडिन लालायित हुनेछन्। अनिमात्र नेपाललाई चाहिएको सामाजिक, राजनीतिक र आर्थिक उछाल प्राप्त गर्न सम्भव हुन्छ।

हामीसँग समुन्नत नेपालको लक्ष्य पनि भयो; त्यसका लागि आवश्यक आर्थिक राजनीतिक सिद्धान्तको पनि निर्क्योल गर्यौं। अब प्रश्न आउँछ, त्यसलाई कसरी प्राप्त गर्ने? राज्यसत्ताको अधिकारको सदुपयोगबाट मात्र यो सम्भव हुन्छ भन्ने कुरामा पनि नेतृत्व प्रष्ट हुन आवश्यक छ। हामीले समुन्नत नेपालको सोच बनाएका छौं, अब त्यसअनुसार कार्यक्रम निर्माण गर्नेतर्फ आफ्नो ऊर्जा खर्चनु पर्नेछ। हामी सरकारमा हुँदा वा नहुँदाको दुवै अवस्थामा हामीले कार्यान्वयन गर्ने कार्यक्रमको रुपरेखा र समयबद्ध कार्य योजना हुनु पर्छ। यसकालागि २०७८ देखि २०८२ सम्मको समयको बुद्धिमानीपूर्वक उच्चतम प्रयोग गर्नु पर्नेछ।

**२०७८ देखि २०८२ को समयका लागि हाम्रो कार्ययोजना:**

सर्वप्रथम, नेपाली कांग्रेस पार्टीको नेतृत्वले कम्तिमा शिक्षा, स्वास्थ्य, पोषण, र सामाजिक सुरक्षाको क्षेत्रमा स्पष्ट र यथार्थपरक कार्यक्रम, कार्ययोजना र रणनीति ल्याउनु पर्‍यो। उदाहरणका लागि समुन्नत नेपालमा जन्मको आधारमा कसैको भाग्य निर्धारण हुनुहुँदैन वा केन्द्रमा भएको सबल नागरिकले आफ्नो स्वतन्त्रतालाई उपभोग गरी उन्नति गर्न पाउने उसको अधिकारमाथिका सबै बन्देजलाई भत्काउनु पर्छ भनिसकेपछि प्रभावकारी नागरिक निर्माणमा सर्वाधिक महत्वपूर्ण शिक्षाको भूमिका र उपलब्धताबारे हामीलाई कुनै द्विविधा हुनुहुँदैन। शिक्षा लगानी हो भन्नेमा पनि हाम्रो सैद्धान्तिक प्रष्टता छ।

तर शिक्षा कै सन्दर्भमा यथार्थ के छ एक पल्ट सरकारी आँकडा हेरौं। शिक्षाका सम्बन्धमा यावत् नीतिगत शब्दाडम्बरका वाबजूद पछिल्लो सरकारी तथ्याङ्क अनुसार अहिले ५ देखि १२ वर्ष उमेरका करिब ५.४% बालबालिका विद्यालयमा छैनन्। कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुमध्ये पनि

DRAFT

लगभग दुई तिहाई विद्यार्थीले कक्षा १२ पुग्दा विद्यालय छाड्ने अवस्था छ । कक्षा १ मा भर्ना हुने प्रत्येक १०० जना विद्यार्थीमध्ये कक्षा १० सम्म आईपुग्दा ३६ जनाले कुनै न कुनै कारणले विद्यालय छोड्छन् । त्यसै गरी  कक्षा ३ मा सिकाइको क्षमता अहिले पनि जम्मा १४.६ प्रतिशतमात्र छ ।

त्यसैले हाम्रो गुणस्तरीय शिक्षाको प्रतिबद्धतालाई यो समयावधिमा कुन तहमा पुर्‍याउने त्यसको प्रष्ट खाका नेतृत्वले दिनसक्नु पर्छ । सार्वजनिक शिक्षाको गुणस्तरलाई वृद्धि गर्ने, विद्यार्थीको स्कूल छाड्ने दरलाई न्यूनिकरण गर्ने होस् वा विद्यालयको पूर्वाधार अभिवृद्धिको विषय होस् सबै क्षेत्रलाई समावेश गर्ने किसिमको नीतिगत वातावरण निर्माण गर्ने वा अवरोध छन् भने तिनलाई हटाउनेतिर नलागी शिक्षामा गुणस्तरीय सुधार गर्न सकिन्न । स्वास्थ्य, आधारभूत भौतिक सुविधा, विभेद र हिंसा लगायत सबै महत्वपूर्ण क्षेत्रको तस्बीर पनि उस्तै निराशाजनक छ । जनसरोकारका यी र यस्ता महत्वपूर्ण सबै क्षेत्रमा हाम्रो नेतृत्वसँग तत्काल यथार्थपरक, व्यवहारिक नीतिगत हस्तक्षेपको भिजन हुनुपर्छ नै, निश्चित समयसीमा तोकेर आफ्नो प्रतिबद्धता नागरिक समक्ष जाहेर गर्न पनि उत्तिकै आवश्यक छ ।

यस्ता कार्यक्रमको कार्यान्वयन गर्ने नेतृत्वको पाटोबाट हेर्दा पार्टीले दुई प्रकारका रणनीति तर्जुमा गर्न जरुरी छ: सरकार सञ्चालन र प्रत्यक्षरुपमा राज्य सत्ता सञ्चालनको जिम्मेवारी नेपाली कांग्रेसलाई प्राप्त हुने अवस्थाका लागि पार्टीले गृहकार्य गर्न थाल्नु पर्छ । सरकार बाहिर प्रतिपक्षमा रहनु पर्ने अवस्थामा पनि समुन्नत नेपालका लागि आवश्यक कार्यनीति कार्यान्वयन गराउन के-कस्ता कार्यक्रम सञ्चालन गर्ने, सरकारका धारणामाथि कस्तो रणनीति लिने हो त्यसको समेत गृहकार्य गर्न थाल्नु पर्छ ।

सामाजिक लोकतन्त्रको सैद्धान्तिक खाकाभित्र रहेर कोरिने समुन्नत नेपालको उद्देश्यलाई कहिल्यै साकार नहुने सपना होइन, त्यसको कार्यान्वयनका लागि नेपाली कांग्रेसले यथार्थपरक तर उत्प्रेरणायुक्त कार्यक्रम निर्धारण गर्नु पर्छ । त्यस्तो कार्यक्रममा आम नेपालीको व्यापक सहभागिता हुने र अपनत्व लिने परिस्थितिको निर्माण गर्नुपर्छ । आम नागरिकसँग प्रत्यक्ष रुपमा जोडिँदामात्र सामाजिक मुद्दाहरुको सही पहिचान र शीघ्र समाधान हुन सक्छ । यसका लागि पार्टीको संगठनिक स्वरुप र कार्यदिशा पनि सोही अनुसार परिमार्जन र परिवर्तन गर्नु आजको आवश्यकता हो । सामाजिक लोकतन्त्र र समुन्नत नेपालको राजनीतिक उद्देश्यलाई पार्टीको संगठनिक कार्यदिशाको आधार बनाउनु पर्छ ।

सारमा, ‘समुन्नत नेपाल’ अवर्तनीय चित्र होइन, यो एउटा जीवन्त अवधारणा हो; यो निरन्तर हिँडिरहने समाज रुपान्तरणको मार्ग हो, जसको केन्द्रमा नागरिक छ।

DRAFT

# सांगठनिक पक्ष

## *'पार्टी पंक्तिको पुनर्जागरण र पार्टीको रुपान्तरण'*

पार्टीको विधानले महामन्त्रीलाई जसरी वैचारिक राजनीतिक प्रस्ताव बनाउने जिम्मेवारी दिएको छ त्यसरी नै पार्टी संगठनको व्यवस्थापन, परिचालन गर्ने महत्वपूर्ण जिम्मेवारी पनि महामन्त्रीलाई सुम्पेको छ। वैचारिक राजनीतिक कार्यदिशा वोकेर हिँड्ने भनेको पार्टीको संगठनले हो, यस अर्थमा महामन्त्री संगठनको नेता पनि हो । संगठन संरचना क्रियाशील र गतिशील बनाउने, सदस्यता वितरणलाई व्यवस्थित र मर्यादित बनाउने तथा कार्यालय व्यवस्थापन गर्ने काम महामन्त्रीको हो । यसका साथै पार्टीको निर्णय कार्यान्वयन गर्ने गराउने, अभिलेख राख्ने काम पनि महामन्त्रीको हो। यस अर्थमा महामन्त्री पार्टी संगठनको नेतृत्वकर्ता हो ।

पार्टी संगठन भनेको केन्द्रीय समिति, महाधिवेशन, महासमिति, विभिन्न तहका कार्य समितिहरू, क्रियाशील सदस्य भएको फगत एउटा भिमकाय संरचना र त्यसको कर्मकाण्डी प्रक्रिया मात्रै होइन । योसँग जनविश्वास, जिम्मेवारी र जवाफदेहीता पनि जोडिएको छ । संगठन, त्यसको परिचालन र प्रभावकारिता पार्टी जीवनका अत्यन्त महत्वपूर्ण अवयव हुन् । त्यसैले पार्टीलाई जीवन्त र गतिशील बनाइराख्न पार्टीमा आवद्ध हरेक सदस्य जागृत हुन, नेतृत्व जवाफदेही हुन र आम जनतामा उक्त पार्टीप्रति विश्वास हुन जरुरी छ ।

नेपाली कांग्रेसको १४औं देखि १५औं महाधिवेशनसम्मको आगामी चार वर्षको कार्यभार र यो चरणमा नेपालको वैचारिक नेतृत्व लिन पार्टीले समाउनु पर्ने बाटोका बारेमा हामीले माथि यथेष्ट चर्चा गरिसक्यौं । यस खण्डमा म पार्टीको सांगठनिक कार्यदिशाको सन्दर्भमा चर्चा गर्नेछु।

> *पार्टीको सिद्धान्त र विचार आत्मा हो भने संगठन शरीर हो अनि मस्तिष्क भनेको नेतृत्व हो । आत्मा, शरीर र मस्तिष्कले सन्तुलित ढङ्गले काम गर्नसक्यो भनेमात्र पार्टीमा जीवन्तता रहन्छ। जवसम्म पार्टीको शरीर अर्थात यसको संगठन पार्टीको आत्मालाई बोकेर हिँड्न सक्ने अवस्थामा हुँदैन, तबसम्म पार्टी जीवन्त र गतिशील हुन सक्दैन।*

पार्टीको सांगठनिक कार्यदिशाबारे महामन्त्रीको रुपमा मेरा धारणाको चर्चा गर्नुअघि हाम्रो अहिलेको अवस्थाका बारेमा विमर्श गर्नु सान्दर्भिक हुनेछ । के हाम्रो पार्टीको शरीर अर्थात यसको संगठन त्यो नयाँ जागरणले भरिएको आत्मालाई बोकेर हिँड्न सक्ने अवस्थामा छ ? पार्टीप्रति आम कांग्रेसजनको वर्तमान मनोभावना कस्तो छ ? हामीलाई चाहिएको शरीरको रुपरेखा कोर्नु अघि हाम्रो शरीर अहिले कस्तो छ भन्नेबारे देशभरि घुम्दा नेपाली काँग्रेसका साथीहरुबाट आएका केही प्रतिनिधि विचार, चिन्ता र अनुभूतिहरुलाई प्रस्तुत गर्न चाहान्छु:

आम कांग्रेसजनलाई पार्टीप्रति निरन्तर समर्पित र प्रतिबद्ध भइरहन प्रेरित गर्ने नेपाली कांग्रेसका केही महत्वपूर्ण सबल पक्षहरू छन्। संक्षेपमा भन्ने हो भनेः

- नेपाली कांग्रेस पार्टीले अँगालेको समग्र लोकतान्त्रिक अन्तर्वस्तुका सन्दर्भमा कांग्रेसको विकल्पमा अर्को कुनै विचार वा शक्तिले आजसम्म कुनै गम्भीर चुनौती दिन सकेको छैन। व्यक्तिको स्वतन्त्रता प्रतिको असीम आस्था नै हाम्रो पार्टीप्रति आम जनताको सबैभन्दा ठूलो आकर्षण हो।
- मुलुकका सबै आन्दोलन र संघर्षको नेतृत्व गरेर टुङ्गोमा पुर्‍याएको, मुलुकलाई कठिन अवस्थामा निकास दिलाएको गौरवशाली इतिहासप्रति आम कांग्रेसजनमा गर्वको अनुभूति त छँदैछ, पार्टीको नेतृत्वमा जारी भएको संविधानले लोकतान्त्रिक बाटोको निर्विकल्पतालाई अनुमोदन गरेसँगै पार्टीको विचारको श्रेष्ठता पनि प्रमाणित भएकोमा उत्तिकै आत्मसन्तुष्टी पनि छ।
- कांग्रेसका साथीहरुमा देशलाई संकट पर्दा अग्रसरता लिँदै मिलाउन सक्ने, विभिन्न द्वन्द्वरत पक्षका बीचमा बसेर सन्तुलन र नियन्त्रण कायम गर्न सक्ने क्षमता, उदारता र लचिलोपन आफ्नो संगठनमा मात्र छ भन्ने कुरामा गहिरो विश्वास छ । पार्टीमा अन्तर्निहित यही विशिष्टताका कारण जटिल परिस्थितिमा मुलुकको संविधान लेखिन सम्भव भएकोमा आम कांग्रेसजनलाई गर्व छ।
- आश्रय, अवसर र सजिलो स्रोतको खोजीमा नेपाली कांग्रेसमा आवद्ध हुन आउने मानिसहरुको संख्या अत्यन्तै न्यून भएकोले अरू प्रतिद्वन्दी दलहरुमा जस्तो राज्यको स्रोत र साधनमाथि कब्जा जमाएर कार्यकर्ता पाल्ने प्रवृत्ति हाम्रो पार्टीमा छैन। कांग्रेसजन स्वाबलम्वन र स्वयंसेवाको भाव लिएर नै पार्टी र अन्य सामाजिक कार्यमा क्रियाशील छन्।
- सबैखाले निरंकुशता र हिंसाका विरुद्ध सत्तरी बर्ष लामो अथक वैचारिक आन्दोलन अनि व्यक्तिगत स्वतन्त्रताको पहरेदार पार्टीको एउटा सदस्य हुनमात्रै पाउँदा पनि उत्तिकै गर्व महशुस गर्ने निष्ठावान् कांग्रेसजनको संख्या असंख्य छ।
- आन्तरिक जीवनमा गुटबन्दीको रोगले गाँजेकै भएपनि कुनै निश्चित मिसनका लागि वा नेपाली कांग्रेसलाई बाह्य जोखिमबाट बचाउन आवश्यक परेको बेला स्वस्फूर्त सबै एक जुट भएर लागि पर्ने संस्कार छ। पार्टीमा टिमवर्कको सँस्कृति र क्षमता छ।
- लाखौं सदस्य, समाजको जरैसम्म फैलिएको संगठन संरचना, अनुभवी पाको पुस्ता, उर्जाशील नवीन पुस्ता र आफ्नो क्षेत्रमा काबिल देश विदेशमा छरिएर रहेको प्रतिवद्ध जनशक्ति छ।

पार्टी पंक्तिलाई जागृत र उत्प्रेरित गर्ने तथा जनताले भरोसा गर्ने यस्ता थुप्रै सबल पक्षका बाबजुद यावत

व्यवस्थापकीय कमजोरीले नेपाली कांग्रेस पार्टीको शरीर अर्थात संगठन गतिहीन र रुग्ण बनेको छ। फलस्वरुप, जनताले निरन्तर दिएको अवसरलाई पार्टीको ध्येय प्राप्तिका लागि सदुपयोग गर्न पार्टीले सकेको छैन; पार्टी पंक्तिमा उर्जा भर्न र जनतामा विश्वास दिलाउन सकेको छैन। हामीले अनुशरण गरेको आदर्श, सपना र ध्येयले हामीलाई जुन प्रकारको संघर्ष, त्याग र समर्पणको अनुपम किर्तिमान स्थापित गर्ने साहस र शक्ति दिएका थिए, आज ती कमजोर भइरहेको आभास हुन थालेको छ। सबैलाई बाँध्ने, उत्साहित गर्ने यस्तो जुझारु पार्टीका आस्थाका बिम्बहरु र परिवर्तनकारी अवयव शासन र सत्ताको निरन्तर सानिध्य र अदूरदर्शी प्रयोगले क्रमश: निस्तेज हुँदै गएको हो कि ? के ले हाम्रो पार्टीलाई निर्बल बनाएको छ ? त्यसको निदान र उपचार नगरी पार्टीले नयाँ युगको वैचारिक र राजनितिक नेतृत्व लिन सक्दैन।

त्यसैगरी पार्टीका केही दुर्बल पक्ष पनि छन्-

- पार्टी संचालन गर्दा निरन्तर विधान उपेक्षित हुने गरी संस्थागत भएको अलोकतान्त्रिक परम्पराले कांग्रेस पार्टी रोगाएको छ । विपि कोइरालाले भनेजस्तै- 'पार्टीको संगठन ठीक पार्ने हो भने हामी सबैमा पूर्ण रुपमा विधानको पालना गर्ने बानी हुनुपर्दछ। पार्टीका दैनिक जीवनका कार्य सुचारु रुपले सम्पन्न भइरहेको हुनुपर्दछ।' तर आज हरेक तह र तप्कामा अहिले विधानलाई उपेक्षा गर्ने आदत लागेको छ। कोठे राजनीति र अपारदर्शी निर्णय प्रक्रिया अनि सर्वोच्च तहदेखिनै पार्टी संरचनामा व्यक्तिगत र गुटगत महत्वाकांक्षा हाबी भएको छ ।
- नेतृत्वमा रहने व्यक्तिहरुको दम्भ र महत्वाकांक्षाको टकरावलाई सैद्धान्तिकीकरण गरिदिने र कालान्तरमा त्यसैका कारण पार्टीमा द्वन्दको विजारोपण हुने अनुचित परम्पराले कांग्रेसलाई थला पारेको छ । ठूला र प्रभावशाली नेतागणले पार्टीभित्र औपचारिक छलफल नै नगरी जुन बेला जे निर्णय गर्‍यो त्यसैलाई नेपाली कांग्रेसको सिद्धान्तको रुपमा व्याख्या गरिदिने अस्वस्थ प्रवृत्तिले जरो गाडेको छ ।
- पार्टीमा विचार र सिद्धान्तकै अपमान हुनेगरी नेतापिच्छेका भिन्नभिन्न मतहरुको चाँङले कार्यकर्तालाई दिग्भ्रमित त तुल्याएको छ नै पार्टी र मुलुकको लोकतान्त्रिक आन्दोलनलाई समेत घरिघरि अपुरणीय क्षति पुर्‍याएको छ।
- पार्टीमा व्याप्त उदासीनतामा त्रुटिपूर्ण आन्तरिक मुल्याङ्कन पद्धति र क्षमताको अवमूल्यन गर्ने प्रवृत्तिपनि उत्तिकै दोषी छ। पार्टी संचालनमा आन्तरिक लोकतन्त्रको चरम उपेक्षाले हाम्रा आदर्श, सिद्धान्त, संकल्प र समर्पण सबै पक्षलाई कमजोर तुल्याई पार्टीका कर्मठ सिपाहीलाई व्याकुल बनाइदिएको छ ।
- गुटतन्त्रले जकडिएको संगठनमा परिणत हुनुको प्रतिफल आज जो कोही व्यक्तिगत लाभका लागि समर्पण, संकल्प र संघर्षभाव बिनानै सहजतापूर्वक कुनै उद्योगमा आजीविकाको लागि

आए जस्तो गरी पार्टीमा जोडिने परिस्थिति बन्दै गएको छ ।

- पार्टी सामाजिक उत्थानको प्रभावशाली माध्यम हुनुको सट्टा क्रमश: व्युरोक्र्याटिक र कर्मकाण्डी हुँदै गएकोले पार्टी जीवनमा अध्ययन र चिन्तन कमजोर भएर सृजनशीलताकै अवसान हुने हो कि भन्ने जोखिम छ ।
- कांग्रेसको नेतृत्वतहमा छलफल सँस्कृति र दोहोरो संवादप्रति गहिरो अनास्था छ, जुन ऐंजेरू झै तल्लोतहसम्म झाङ्गिदै गएको छ। परिणामतः हाम्रा अधिवेशनहरू पनि केवल नेतृत्व चयनको भेलामा सीमित हुँदै गएका छन्। संघर्षकालमा जस्तो आज हामी विचारको मंथनका लागि लालायित र प्रेरित हुन छाडेका छौं ।

यसरी समग्रतामा पार्टीको आन्तरिक लोकतन्त्र र सांगठिक व्यवस्थापनमा ठूलो ह्रास आएको छ । लोकतान्त्रिक सँस्कृतिलाई निषेध गर्दा जनता र कार्यकर्तालाई संगठित होइन परिचालनमात्र गर्ने, उत्प्रेरित होइन गुट अनुकूल उपयोगमात्र गर्ने परम्परा तल्लो तहसम्मै स्थापित हुँदै गएको छ । यसमा आमूल परिवर्तन नगरी नेपाली कांग्रेसले समयले सुम्पेको गुरुत्तर दायित्व बहन गर्ने शक्ति आर्जन गर्न सक्दैन। इतिहास साक्षी छ, पार्टीभित्रका कतिपय निजी महत्वाकांक्षाको उचित व्यवस्थापन हुन सकेको थियो भने नेपालको लोकतान्त्रिक आन्दोलनले शायद यति धेरै कष्ट बेहोर्नु पर्ने थिएन ।

प्रष्ट छ, नेपाली कांग्रेस पार्टीभित्र अबको नौला अवसर र चुनौतीलाई सामना गरिरहेको नेपालको समुन्नतिको यात्राको नेतृत्व गर्न चाहिने सांगठनिक कौशल, आत्मविश्वास र गतिशीलताको उत्थानका लागि पार्टीभित्र रुपान्तरण अत्यावश्यक भइसकेको छ।

माथी चर्चा गरिएजस्तो सबल र दुर्बल पक्ष एवं चुनौतीलाई विरासतमा प्राप्त गरेँ भने अबको चार वर्ष महामन्त्रीको रुपमा मैले नेपाली कांग्रेसलाई कसरी रुपान्तरित गर्न सक्छु, पार्टी संगठन संचालन र व्यवस्थापन कसरी गर्छु यस सन्दर्भमा मेरो धारणा यहाँ प्रस्तुत गरेको छु ।

## क. कस्तो संगठन

*‘२००६ सालको जस्तो क्रान्ति चेत, २०१५ सालको जस्तो प्रगतिशील र समावेशी सोच, २०४८ सालको जस्तो लोकप्रिय मत, २०६३/०६३ को जस्तो सर्वस्वीकार्य नेतृत्व भएको हाम्रो गौरवशाली विगतबाट प्रेरणा लिदै आजको समयको चेत बुझेर नवीन पुस्ताले विश्वास र भरोसा गर्न सक्ने, स्पष्ट ध्येय भएको, व्यवस्थापनमा अब्बल, गतिशील र आधुनिक संगठन’*

१. **सुस्पष्ट ध्येय (Mission) भएको संगठन:**
पार्टी एउटा राजनीतिक संगठन हो। पार्टीलाई गतिशील र जीवन्त बनाइराख्न यसको स्पष्ट ध्येय हुनुपर्दछ। त्यससँगै यसका सदस्यले त्यो ध्येयलाई विश्वास र सम्मान गर्नु एवं त्यसको



DRAFT

प्राप्तीका लागि आफू समर्पित हुनु पनि उत्तिकै अपरिहार्य छ । पार्टीको अस्तित्वको दर्शनमै अलमल रहुन्जेल पार्टीले आफ्ना सदस्य र आम जनतालाई भावनात्मक रुपले आफूसँग जोड्न सक्दैन।

वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस पार्टी स्थापना गर्दैगर्दा हाम्रा अग्रजहरुले 'प्रजातन्त्रको स्थापना' लाई यसको ध्येय बनाउनु भयो ।

वि.सं. २००६ सालमा नेपाली कांग्रेस पार्टी बनाउँदै गर्दाको ध्येय थियो-"अभाव र गरिवीबाट नेपालीलाई मुक्त गरी आधुनिक सुखी र समृद्ध समाजको निर्माण गर्ने। राणा शासन अन्त्य गरी जनताले चाहेको उत्तरदायी प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गरेर त्यसमार्फत देशलाई अगाडि बढाउने।' विपि कोइरालाले पार्टीको ध्येयवारे लेख्नुभएको थियो- "हामी जनतालाई सुख, समृद्धि दिन चाहन्छौं र यसका लागि प्रजातन्त्र भन्दा अर्को बाटो नभएकोले प्रजातन्त्र स्थापना गर्न चाहन्छौं।'

पार्टी स्थापनाकाल र प्रतिबन्धित कालमा संगठन कमजोर थियो, सदस्य थोरै थिए, सबै ठाँउमा पार्टीको संरचना थिएन, राजनीतिक वातावरण प्रतिकुल थियो, पद प्रतिष्ठाको कुनै निश्चितता थिएन, स्रोत साधनको सीमितता थियो तर पनि प्रजातन्त्र प्राप्तिको त्यो बृहत्तर मिसनले सबैलाई जोडेको थियो। नेपाली समाजमा सकारात्मक परिवर्तन ल्याउने र देशको शासनलाई जनमुखी बनाउने एउटै मिसनमा बाँधिएर जीवन बलिदान गर्ने अदम्य साहस र समर्पण अनि उच्चतम सेवाभाव र निष्काम कर्मका साथ संघर्ष गर्न सबैलाई उत्प्रेरित गरेको थियो। पार्टीसँग जोडिनुको अर्थ यसको मिसनलाई मात्र होइन दु:ख, संघर्ष र जोखिमलाई पनि त्यति नै साहस र समर्पणका साथ आत्मसात गर्नु हुन्थ्यो ।

२०४६ सालमा पंचायती शासन व्यवस्थाको अन्त्य गरी प्रजातन्त्र पुनर्स्थापना गर्ने पार्टीको ध्येय रह्यो। २०६२/२०६३ सालमा माओवादीको हिंसात्मक राजनीतिको अन्त्य गर्दै शान्तिपूर्ण रुपान्तरण गर्ने, राजाको निरंकुशताको अन्त्य गर्दै संविधानसभा मार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने, नेपालको विविधता राज्य संयन्त्र र शक्तिमा प्रतिबिम्बित हुनेगरी राज्यको पुनर्संरचना गर्ने पार्टीको ध्येय रह्यो र त्यही ध्येयले सबैलाई प्रेरित र परिचालित गरिरह्यो ।

तर, अहिले पार्टीको स्पष्ट ध्येय छैन । पार्टीमा आवद्ध हुनु भनेको पार्टीको ध्येय प्राप्तिका लागि समर्पित भएर लाग्ने भन्दा पनि पार्टीको सत्तामा आउने वा पार्टीको सत्तासँग जोडिएर देशको सत्तामा लाग्ने भन्ने छ। अर्थात पार्टीमा आबद्ध हुनु भनेको सत्ताप्राप्तिका लागि हो भन्ने धारणा

छ। जसले गर्दा पार्टीहरू राज्यको दोहोन गर्ने एजेन्सी जस्ता हुन लागेका छन् । यो अवधारणालाई बदल्नुपर्नेछ, पार्टी पंक्तिलाई पुन: अभिमुखीकरण गर्नुपर्ने छ ।

महामन्त्रीको रुपमा मेरो प्रयास रहन्छ- पार्टीको स्पष्ट मिसन, सो मिसनसँग वाँधिएको संगठन, प्रत्येक सदस्य त्यो मिसनका लागि प्रतिवद्ध भएर आफूलाई पार्टीको बृहत लोकहितकारी लक्ष्यसँग जोडिएको संगठन बनाउने । यस्तो संगठन बनाउनुछ कि सत्ता भनेको मिसन पुरा गर्ने माध्यममात्र हो, मूल कुरा त समाज रुपान्तरण गर्ने मिसन हो भन्ने अभिमुखीकरण प्रत्येक सदस्यमा हुन्छ। अनिमात्र उसका निजी आकांक्षा र असन्तुष्टी गौण भएर जान्छन् । किनकी पार्टीको स्पष्ट ध्येय भएन भने संगठनमा लाग्नु भनेको जनहितको बृहत्तर आन्दोलनमा समर्पित हुनु हो भन्ने भाव कमजोर हुँदै जान्छ र पार्टी कम्युनिष्ट पार्टीजस्तो रेजिमेन्टेड संगठन र एजेन्सीजस्तो मात्र हुन्छ ।

त्यसैले अब नयाँ परिस्थितिमा हामीले फेरि नयाँ ध्येय निर्धारण गरेर त्यसलाई हासिल गर्न केन्द्रित हुनु परेको छ । हामीले अघिल्लो खण्डमा व्याख्या गरे झैं परिवर्तित सन्दर्भमा पार्टीको अबको ध्येय यस्तो हुनु पर्छ:

> *'नयाँ संविधानमा उल्लेखित सबै उपलब्धिलाई जोगाएर संस्थागत गर्दै त्यसकै जगमा सुखी, खुशी र सम्मानित नेपाली भएको समुन्नत देश बनाउने अर्थात 'समुन्नत नेपाल: सम्मानित नेपाली' नै अब पार्टीको ध्येय हुनुपर्दछ। सामाजिक लोकतन्त्रको सैद्धान्तिक अवधारणामा आधारित रहेर पार्टीले आफ्नो ध्येय पुरा गर्न आवश्यक कार्यदिशा र लोककल्याणकारी कार्यक्रम प्रस्तुत गर्नुपर्छ ।'*

### २. ध्येय अनुसारको स्पष्ट कार्यदिशा र कार्यक्रम:

पार्टीसँग 'समुन्नत नेपाल: सम्मानित नेपाली'को स्पष्ट मिसन छ र त्यो मिसन पुरा गर्ने संकल्प पनि छ। निर्वाचन जितेर आफ्नो मिसन पुरा गर्ने संकल्प अनि प्रत्येक नागरिकको मर्यादित जीवन भन्ने मुल एजेन्डाको साथ नेपाली कांग्रेस सरकारमा पुग्न चाहन्छ । तर सरकारमा गएर के गर्ने भन्ने कुरामा स्पष्ट हुन सकेन भने पार्टीको शासन प्रभावकारी हुन सक्दैन। पार्टीको मिसन अनुसारको कार्यक्रम छ भनेमात्र सार्वजनिक नीति र राजकीय सत्तामार्फत पार्टी आफ्नो त्यही मिसनलाई पुरा गर्नका लागि लागिपर्छ ।

तर सरकारमा जाँदा वा नजाँदा पार्टीको मिसन पुरा गर्नका लागि त कार्यक्रम चाहिन्छ । त्यस्ता आवश्यक कार्यक्रमको खाका कसरी बनाउने त? पार्टीका कार्यक्रमहरू कुनै बनिबनाउ दस्तावेज हुदैनन् वा विज्ञहरू राखेर मात्र बनिहाल्ने पनि होइनन्। पार्टीले आफ्नो मिसन र

संकल्पलाई यथार्थमा परिणत गर्न पार्टीभित्रका संयन्त्रको निरन्तरको क्रियाशीलता, अभ्यास, अन्तर्क्रिया र प्रयत्नबाट कार्यदिशा र कार्यक्रम निर्धारण गर्ने हो।

पार्टीमा सामान्यत: माथिबाट कार्यक्रम निर्देशित हुने र तल्लो तहले कार्यान्वयन गर्ने प्रचलन हुन्छ, जुन प्रभावकारी छैन। अब यो प्रचलनलाई बदल्दै पार्टीको तलदेखि माथिसम्म (Bottom Up) को संवाद, छलफल र अन्तर्क्रियाको माध्यमबाट आफ्नो कार्यदिशा र कार्यक्रमहरूको खाका बन्छ। त्यसकै आधारमा पार्टीको प्रत्येक तह र तप्का प्रशिक्षित हुन्छ। उदाहरणका लागि समुन्नत नेपालमा सबै नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउनु पार्टीको एउटा लक्ष्य हो भने सो लक्ष्य पुरा गर्नका लागि के कस्ता कार्यक्रम आवश्यक छ भन्ने कुरा पार्टीको विभिन्न तहमा छलफल र संवाद गरेर तय हुन्छ। त्यसरी तय गरिएको कार्यक्रममा मात्र जनतासँग नजिक रहेको पार्टीपंक्तिको अपनत्व र समर्पण रहन्छ, आम मानिसका चासोहरूको सम्बोधन हुन्छ।

*'प्रत्येक सदस्यमा पार्टी सामाजिक रुपान्तरणको आन्दोलन हो, जनताको सेवक हो र त्यो सेवा गर्न नै पद वा जिम्मेवारीमा बस्ने हो भन्ने भावना हुनुपर्छ र त्यसै किसिमको अभिमुखिकरण गरिनु पर्दछ ।'*

पार्टीको वैधानिक सत्ता निर्वाचनमार्फत नै प्राप्त हुनेहुँदा निःसन्देह पार्टी पंक्तिको चाहना निर्वाचन जितेर सत्तामा पुग्ने नै हुन्छ। तर लाखौं सदस्य भएको, प्रत्येक गाउँ र टोलसम्म संरचना भएको दलको त्यो शक्ति केवल निर्वाचन प्रयोजनका लागि मात्रै प्रयोग हुनुहुँदैन। सदस्यहरू पार्टीको संगठन र शक्तिको आधार हुन्। पार्टी सरकार बनाउनका लागि मात्र होइन समाज रुपान्तरणका लागि हो भन्ने कुरा पार्टीको हरेक सदस्यले मनन गर्नुपर्दछ।

प्रत्येक सदस्यले आफूलाई पार्टीको जिम्मेवार व्यक्ति भन्ठान्नुपर्छ र हमेशा देशको नयाँ जीवनको निर्माण आफ्नो हातबाट हुन थालिरहेको विश्वास हुनुपर्दछ। तबमात्रै पार्टीले आफ्नो लक्ष्य हासिल गर्न सक्छ। पार्टी सरकारमा नरहँदा पनि त पार्टी सत्ता र शक्ति त सधैं रहन्छ। सरकारमा नपुग्दा पनि आफ्नो ध्येयमा केन्द्रित रही समाज रुपान्तरणमा नै पार्टीका गतिविधि सञ्चालन हुन्छन्।

### ४. आन्तरिक लोकतन्त्रको अभ्यास:

*'पार्टीभित्र प्रत्येक तह र व्यक्तिको सुस्पष्ट जिम्मेवारी र आफूले पाएको जिम्मेवारी सही ढङ्गले पुरा गर्न सक्ने योग्यता र क्षमता भएको प्रतिभाशाली कांग्रेसले मात्रै 'समुन्नत नेपाल सम्मानित नेपाली'को मिसन पुरा गर्न सक्छ।'*

पार्टीमा विधिको शासन आन्तरिक लोकतन्त्रको एउटा महत्वपूर्ण कडी हो । नेपाली कांग्रेसको विधानले आन्तरिक लोकतन्त्रको अभ्यासका लागि निकै सुन्दर व्यवस्था गरेको छ । तर यी

सबै व्यवस्था फगत कागजमा मात्र सीमित रहँदै आएका छन्। हाम्रो आन्तरिक व्यवस्थापकीय असफलताले पार्टी मात्रै कमजोर भएको छैन, लोकतन्त्र कमजोर भएको छ । हरेक पटक पार्टीमात्र होइन, मुलुकले नै ठूलो मूल्य चुकाउनु परेको छ। त्यसको एउटा कारण पार्टी सरकारमा पुगेपछि पार्टी र सरकारको सम्बन्ध सुमधुर हुन नसक्नु र पार्टीभित्र स्पष्ट जिम्मेवारीको बाँडफाँड नहुनु हो । प्रत्येक व्यक्ति र तहले विधानको अक्षरस: पालना गर्ने र जवाफदेही नेतृत्व भयो भने पार्टीभित्रका द्वन्द्वलाई धेरै न्युनिकरण गर्न सकिन्छ ।

पार्टीभित्र बहस, सुझाव संकलन, आदिको माध्यमबाट धेरैभन्दा धेरै सदस्यलाई निर्णय प्रक्रियामा सहभागी गराउनु आन्तरिक लोकतन्त्रको अर्को महत्वपूर्ण पक्ष हो । नेपाली कांग्रेसको निर्णय प्रक्रियामा आम कार्यकर्ताको सहभागिताको हकमा पार्टीको विधानले त्यसलाई वान्छनीय र अपेक्षित मानेको छ । तर हामी चाहान्छौं पार्टीले कुनै महत्वपूर्ण निर्णय गर्दा पार्टीको आम कार्यकर्ता मात्र होइन पार्टीका शुभेच्छुक र आम मतदातासम्म नै जाने परिपाटी विकसित होस् ।

पार्टीभित्र फरक मत राख्न पाउने र नेतृत्वले फरकमतको सम्बोधन गर्नु आन्तरिक लोकतन्त्रको अर्को विशिष्ट पक्ष हो । पार्टीभित्र मतहरू हुन्छन, मतान्तर पनि हुन्छ । ती मतहरु विधिसम्मत तरिकाले राख्न पाउनु र त्यसको उपयुक्त ढंगले संबोधन हुनसक्यो भने मात्र लोकतन्त्र मजबुत हुन्छ र पार्टीको निर्णयमा सबैको अपनत्व रहन्छ ।

पछिल्ला दशकमा सूचना प्रविधिमा भएको व्यापक विकासले मोबाइल र इन्टरनेटलाई अहिले हाम्रा गाउँ-टोलसम्म पुऱ्याइसकेको छ ।

प्रविधिमा अभ्यस्त पछिल्लो पुस्तालाई आकर्षित गर्न र पार्टीको निर्णय प्रक्रियामा तिनको आवाजलाई सहज पहुँच दिन कांग्रेसलाई आधुनिक सूचना प्रविधि अनुकूल बनाउनै पर्छ ।

सदस्यताको अभिलेख राख्नेदेखि महत्वपूर्ण विषयमा पार्टी सदस्यको राय लिनसम्म सूचना प्रविधिको प्रयोग उपयोगी हुनेछ ।

## ५. सदस्यता, मतदाता र जनता: जनतासँग जोडिएको राजनीति, जरैदेखि समावेशी

हाल हाम्रो पार्टीको सांगठनिक संरचना एकप्रकारको रेजिमेन्टेड पार्टीजस्तो छ। भिमकाय संरचना, नियन्त्रित सदस्य, सदस्य र संरचना कब्जा गर्ने अवधारणा छ। जनतामा जाने जनताको मन जित्ने, जनताका मुद्दा उठाउने तर्फ भन्दा संगठन कब्जा गर्ने तर्फ ध्यान छ। पार्टी

संगठन अन्तर्मुखी छ, अर्थात हामी आफ्नै संगठन संरचना, आफ्नै सदस्य, आफ्नै वरिपरिमात्रै सांगठनिक गतिविधि सञ्चालन गर्ने, जता पनि कांग्रेसमात्र खोज्ने गर्छौं । कांग्रेसको जनमत बढाउने क्रममा हामी अन्य दलजस्तै जतातते संगठन खोल्न जान्छौं । जनमत बढाउन विचार र मुद्दाले आकर्षित गर्नतर्फ हाम्रो ध्यान पुगेको छैन ।

> कार्यकर्तामुखी यो सोचलाई बदल्नु जरुरी छ । हाम्रो पार्टीसँग सांगठनिक आवद्धता नभएका लाखौं मान्छेका बिचमा पुग्ने जनताका मुद्दामा केन्द्रीत हुने, जनतासंग जोडिने अर्थात 'जनतातिर फर्किएको' हाम्रो अभिमुखिकरण हुनुपर्छ ।

त्यो भयो भनेमात्र हाम्रो हाम्रा मतदाता बढ्दै जानेछन् र कांग्रेस लोकप्रिय पार्टी बन्नेछ ।

स्थापनाकाल र कठोर संघर्षका बेला पार्टीको संगठन मजबुत थिएन तर जनमत मजबुत थियो, सदस्य थोरै थिए तर मतदाता धेरै थिए । किनकी कांग्रेसको विचार, एजेण्डा र मिसनले सवैलाई जोडेको थियो, आकर्षित गरेको थियो। त्यसैले अबको हाम्रो ध्यान फेरी कसरी त्यस्तो लोकप्रिय पार्टी बनाउन सकिन्छ भन्नेतर्फ हुनुपर्छ। त्यसको लागि पहिलो काम, हालको पार्टीको मताधार जोगाउनुपर्छ। दोस्रो, अन्य पार्टीमा मत हालेका मतदातालाई पार्टीमा मत हाल्ने बनाउनु पर्छ र तेस्रो, नयाँ मतदाता आकर्षित गर्नुपर्छ। नेपाल जस्तो छ त्यो विविधताको प्रतिबिम्ब पार्टी संरचनामा हुनुपर्छ। सबैले कांग्रेसको शितल छहारीभित्र अटेको महशुस गर्ने र आत्मसम्मानको अनुभूति गर्ने वातावरण बनाउनु पर्छ। हाम्रो विचार र नेतृत्वसँगै कार्यशैलीमा पनि व्यापक परिवर्तन नगरी पार्टीप्रति त्यस्तो आकर्षण ल्याउन कठीन हुनेछ ।

अर्कोतर्फ नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रणाली अनुसार न हामी मास बेस्ड रह्यौं न त क्याडर बेस्ड नै। समाज र अर्थ राजनीतिमा आएको फड्कोले पार्टी संगठनात्मक संरचनामा ठूलो फेरबदल अपेक्षित छ तर त्यो महत्वपूर्ण पाटो पूर्णतः उपेक्षित छ। त्यसैले अब समय र अवस्था अनुसार पार्टीमा विभिन्न क्षेत्र र समुहबाट सिधै सदस्य बन्न पाउने र जनतामा पुग्ने संगठन संरचनाको व्यवस्था गर्नुपर्छ। अर्थात संघर्षकालीन अवस्थालाई मध्यनजर गरेर बनाइएको संगठन संरचनामा व्यापक फेरवदल आवश्यक छ।

निश्चित भूगोलमा सदस्य बनाउने र तिनीहरूकै बिचमा मात्र संगठन खोली ढुक्क हुने प्रचलन अन्त्य गर्दै सामाजिक आन्दोलनसँग जोडिएका, समाज परिवर्तन गर्ने चाहना र ऊर्जा बोकेका प्रतिभाशाली नयाँ व्यक्तिहरूलाई पार्टीसँग कसरी जोड्ने, हामीलाई मत नहालेका व्यक्तिलाई कसरी पुनः आकर्षित गर्ने, विविध पेशामा रहेर बौद्धिक योगदान गरिरहेका व्यक्तिहरूलाई कांग्रेससँग भावनात्मक सम्बन्ध कायम गर्न कसरी उत्प्रेरित गर्ने जस्ता विषयमा हामीले गम्भीर



DRAFT

ध्यान दिनुपर्छ ।

एकातिर नेपाल दक्षिण एशियाको द्रुत गतिमा शहरीकरण भइरहेको देशमा पर्छ, सँगैमा लाखौं युवक देश बाहिर रहेको अवस्था छ । कृषि पेशा गर्नेहरुको संख्या घट्दै गएको छ भने अनौपचारिक क्षेत्रमा काम गर्नेको संख्या ठूलो हुँदै गएको छ।

*ठूलो प्रतिशत जनसंख्या ४० वर्ष मुनिका छन्। त्यो उमेर समुहको प्रभावकारी उपस्थिति हुनुपर्दछ। पार्टीको संरचनाका सबै तहमा यो जनसांख्यिक अवस्था प्रतिबिम्बित हुनुपर्छ; सबै तहमा त्यस अनुसारको प्रतिनिधित्व र नेतृत्व हुनुपर्दछ।*

- त्यस्तै पार्टीमा सिङ्गो नेपाल देखिने गरी हरेक तहमा नै सबै समुदायको प्रतिनिधित्व गर्ने आधार संविधानले दिएको छ। सबैको पहिचान, पहूँच, प्रतिनिधित्व, प्रतिष्ठा र प्रगतिको जुन संवैधानिक बन्दोबस्त गरेको छ, त्यसलाई राज्यसँगै पार्टीका सबै अवयवमा विस्तार र प्रयोग गर्न सचेत प्रयत्न हुनु पर्छ ।
- पार्टीको सदस्यतामा नै समावेशी अभ्यास गर्न सक्यौं र लोकतान्त्रिक विधि पार्टीभित्र बलियो गरी स्थापित गर्न सके पार्टीको सबै तहमा महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, अपाङ्गता भएका लगायत बिभिन्न समुदाय, वर्ग र क्षेत्रको समुचित प्रतिनिधित्व हुनसक्छ। अहिलेको समयमा हाम्रो जनसाँस्कृतिक बनोट, बसोवासको अवस्था, जिविकोपार्जनका निमित्त संलग्न क्षेत्रहरू आदि सबै सन्दर्भलाई हेरेर जरैदेखी समावेशी हुनेगरी पार्टीको विधान र संरचनामा परिवर्तन गर्न जरुरी छ।

पार्टी जीवनमा व्यापक परिवर्तन गर्न सक्यौं र पार्टीलाई नेता भन्दा बढी कार्यकर्ताको, कार्यकर्ता भन्दा बढी मतदाताको र मतदाता भन्दा अधिक आम जनताको संगठन बनाउन सक्यौं भनेमात्र हामीले अहिलेको मतमा व्यापक बढोत्तरी गर्दै कांग्रेस एक्लैले ४५ लाख मत ल्याउने लक्ष्य हासिल गर्न सक्छौं।

संक्षेपमा भन्ने हो भने १४औं महाधिवेशनमार्फत *हामी यस्तो पार्टी निर्माण गर्न चाहन्छौं* -

*'जसको स्पष्ट राजनीतिक एजेण्डा छ, जसका सबै सदस्य लोकहितको एउटै मिसनमा बाँधिएका छन्। सैद्धान्तिक प्रष्टता र सुस्पष्ट ध्येयका कारण समाजको हरेक महत्वपूर्ण पक्षमा पार्टीको सही राजनीतिक धारणा र मौलिक दृष्टिकोण छ। पार्टीका सदस्यलाई आफ्नो गन्तव्य र त्यहाँसम्म पुग्ने बाटो राम्ररी थाहा छ। पार्टी संरचना नेपालको विविधताको प्रतिविम्ब देखीनेगरि बनेको छ र सबैले*

*पार्टीमा आफ्नोपनको महशुस गर्छन्। पार्टीसँग प्रश्न होइन उत्तर छ, समस्या होइन समाधान छ। व्यवस्थापनका हिसाबले नेपाली कांग्रेसले आधुनिक युग सुहाउँदा सबै व्यवस्थापकीय विधि र प्रविधिको प्रयोग गर्छ। पार्टीको कोष र आर्थिक स्रोतहरु पारदर्शी छन्। पार्टीका सदस्यहरु, नेतृत्वकर्ताहरुमा निरन्तर आफ्नो ज्ञानको दायरा वृद्धि गर्ने चाहना छ र पार्टीमा त्यस्तो अवसर दिने संरचना छन्। पार्टीप्रति आम जनताको विश्वास, भरोसा र स्नेह छ। अवसर आउँदा पार्टीले सफलतापूर्वक डेलिभरी गर्छ।'*

यसरी महामन्त्रीको रुपमा मैले पार्टीको स्पष्ट ध्येय तय गर्दै त्यसलाई पार्टी सदस्य र जनतासँग जोड्नेछु। पार्टीका आम सदस्यसँगको छलफल र अन्तर्क्रिया मार्फत ध्येय अनुसारको कार्यदिशा र कार्यक्रम तय गर्नेछु। पार्टीको एउटा उद्देश्य निर्वाचन जितेर सरकारमा पुग्ने नै हो तर सरकारमा गएर के गर्ने र सरकार बाहिर रहँदा के गर्ने भन्ने सन्दर्भमा स्पष्ट दृष्टिकोण सहित पार्टीलाई सामाजिक रुपान्तरणको सारथी बनाउँछु।

महामन्त्रीको अर्को महत्वपूर्ण जिम्मेवारी भनेको पार्टी व्यवस्थापन हो। आफ्नो मिसनमा कुनै अस्पष्टता नभएको पार्टी बन्दै गर्दा सँगसँगै यो एउटा व्यवस्थित आधुनिक संगठन पनि बन्नुपर्दछ । व्यवस्थापन चुस्त भएन भने मिसन प्रष्ट, संगठन संरचना बलियो भएर र सबैले स्वामित्व ग्रहण गर्दापनि पार्टी प्रभावकारी हुन सक्दैन । व्यवस्थापनको कुरा गर्दा मूख्यत: दुईवटा समस्या देखिन्छन्। पहिलो, विद्यमान विधानको परिपालना, दोस्रो विधानका कतिपय अव्यवहारिक प्रावधानमा परिवर्तन गर्दै पार्टी संगठनलाई कार्यकर्तामुखीबाट जनमुखी संगठनमा रुपान्तरण गर्ने । २०७८ देखि २०८२ सम्म पार्टीको कार्यसमितिले अहिलेकै विधान कार्यान्वयन गर्ने हो । अहिलेको विधानअनुसार वडादेखि केन्द्रसम्म कांग्रेस संरचनाको ठूलो संजाल छ,जिम्मेवारी तोकेको छ तर पार्टीका कुनैपनि निकाय र व्यक्तिले विधान र नियम अनुसार काम गरेको देखिँदैन । त्यसैले महामन्त्रीको रुपमा पहिलो काम वर्तमान विधानको परिपालना गर्ने गराउने हो । त्यस्तै अहिलेकै विधान र पार्टीका नीतिमा पनि थुप्रै परिमार्जन आवश्यक छ। ती विषयहरुका सन्दर्भमा पार्टीभित्र व्यापक छलफल र बहस गरी आवश्यक प्रक्रिया अगाडि बढाउने काम पनि महामन्त्रीको हो । यी दुई विषयमा यहाँ चर्चा गरिएको छ ।

## विधानको परिपालन: विधि र थितिमा पार्टी संचालन र व्यवस्थापन

*'पार्टीका प्रत्येक संरचना र निकायलाई विधिसम्मत बनाउने र पार्टीको*

DRAFT

*जिम्मेवारी लिएका हरेक पदाधिकारीले विधानले तत् तत् व्यक्ति र निकायलाई निर्दिष्ट गरेको पदीय जिम्मेवारी अनुरुपको काम भए नभएको सम्बन्धमा छुट्टाछुट्टै प्रतिवेदन आ-आफ्नो निकायमा अनिवार्य पेश गरी नियमित माथिल्लो निकायमा पठाउने व्यवस्था मात्रै गर्ने हो भने पनि अहिलेका व्यवस्थानका धेरै समस्या हल हुन्छन्।'*

पार्टीको हरेक विषयको निर्णय, व्यवस्थापन, कार्यान्वयन र निरुपण गर्ने आधार पार्टी विधान नै हुनुपर्दछ। जबसम्म विधानको सर्वोपरितालाई संगठन संचालनको आधार बनाइँदैन, तबसम्म पार्टीमा थिति बस्न सक्दैन्। नेपाली कांग्रेसको विधानले आन्तरिक लोकतन्त्रको अभ्यासका लागि निकै सुन्दर व्यवस्था गरेको छ। जस्तो हरेक महिना बैठक, हरेक वर्ष वडा, गाउँ, नगर, जिल्ला सम्मेलन हुनु पर्छ। त्यसबाट विचार बनेर माथि आउनु पर्छ, नियमित अभिलेखिकरण गर्नुपर्छ, पार्टी सदस्य र जनतासँग संवाद गर्नुपर्छ, जनप्रतिनिधसँग छलफल गर्नुपर्छ, महासमितिको बैठक हरेक वर्ष हुनु पर्छ आदि। निश्चय नै ती विधिहरू पर्याप्त छैनन, तर भएका यी सबै व्यवस्थाको पनि कार्यान्वयन हुन नसक्नु दुःखद छ। पार्टी संचालन गर्दा निरन्तर विधान उपेक्षित हुने गरी संस्थागत भएको अलोकतान्त्रिक परम्पराले कांग्रेसलाई गाँजेको छ। आज हरेक तह र तप्कामा विधान पालना नगर्ने बानी परेको छ। नीतिगत विमर्श शून्य छ। जसले गर्दा पार्टीको भिमकाय संरचनाहरूलाई गुटगत प्रतिस्पर्धा का लागि प्रयोग गर्ने प्रचल बढेको छ। अर्कोतर्फ जिम्मेवारी बाँडफाडको सुस्पष्ट व्यवस्था र प्रभावकारी संयोजन गर्न नसक्दा पटक पटक पार्टी आन्तरिक द्वन्द्वमा परेको छ। तसर्थ, आन्तरिक लोकतन्त्रको अभ्यास र पार्टी व्यवस्थापनका सन्दर्भमा पार्टीको विधानलाई कडाइका साथ अक्षरश: पालना गर्नु, गराउनुपर्छ। महामन्त्रीको रुपमा मेरो प्रयत्न विधानको अक्षरश: पालना गराउनमा हुनेछ। विधानमा रहेका त्यस्ता केही व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा यहाँ चर्चा गरिएको छ ।

## १. सदस्यता व्यवस्थापन: पारदर्शी र व्यवस्थित

नेपाली कांग्रेसमा साधारण र क्रियाशील गरी दुई किसिमको सदस्यता विद्यमान छ । सदस्यता पार्टीको प्रवेश द्वार हो। नेपाली कांग्रेस मूलत खुला संगठन हो। कांग्रेसमा कस्तो सदस्यता चाहिन्छ? संघर्षकाल जस्तै कार्यकर्तामुखी संगठन संरचना अव आवश्यक छ छैन? यो थप छलफलको विषय हो। यस खण्डमा मैले पार्टीको विधानमा भएको विद्यमान व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा मात्र चर्चा गरेको छु। विधानअनुसार कांग्रेस सदस्यतता र क्रियाशील सदस्यता जहिलेसुकै वितरण गर्नुपर्ने र महाधिवेशन हुनुभन्दा ६ महिना पहिलासम्म क्रियाशील सदस्यता लिएकोले मात्र मतदान र उम्मेदवार हुनसक्ने व्यवस्था छ ।

हरेक पटक पार्टी महाधिवेशन समयमा नहुनुको एउटा मुख्य कारण सदस्यता वितरणको किचलो र त्यसको उचित व्यवस्थापन नहुनु नै हो । विधानमा रहेको व्यवस्थाका विपरित सदस्यता वितरण अपारदर्शी, अव्यवस्थित र नेतृत्वको तजविजी अधिकारबाट नियन्त्रित हुनु नै विवादको जड हो।

हरेक पटक महाधिवेशनको अन्तिम वर्ष विधानको प्रावधान निलम्बन गर्ने र क्रियाशील सदस्यता वितरण गर्ने अस्वस्थ अभ्यास गरिँदै आएको छ । विधानले सदस्यता वितरण, छानविन र व्यवस्थापनका सन्दर्भमा स्पष्ट प्रावधान राखेको छ, तर यी प्रावधानहरू कागजमा मात्र सिमित छ।

सदस्यताको व्यवस्थापनका लागि महामन्त्रीको संयोजकत्वमा ३ जना केन्द्रीय सदस्य रहेको व्यवस्थापन समितिको व्यवस्था छ । देशभरीको सदस्यको अभिलेख राख्ने, अभिलेख राख्न लगाउने, वितरण र नविकरणको अनुगमन गर्ने र आवश्यक निर्देशन दिने जिम्मेवारी पनि महामन्त्रीकै रहेको छ । उक्त समितिले प्रत्येक ६ महिनामा सदस्यताको अद्यावधिक प्रतिवेदन केन्द्रीय समितिमा प्रस्तुत गर्नुपर्ने हुन्छ।

सदस्यता प्रदान, नविकरण, छानविन र व्यवस्थापन सम्बन्धी विधानका यी व्यवस्था कार्यान्वयन भएको भए महाधिवेशनको मुखमा सदस्यता सम्बन्धी विवाद शायद उठ्दैनथ्यो। तर, अहिले सबै काम र विवाद दुवै अधिवेशन पूर्वको ६ महिनामा हुन्छ ।  जुन समयमा विधानले अधिवेशन बाहेक केही नगर भन्छ हामीले त्यही समयमा अधिवेशन बाहेक सबै गरिरहेका छौं । यस किसिमको अव्यवस्थाले पार्टीमा अस्वस्थ प्रतिस्पर्धा, विवाद र किचलो सृजना गरी पार्टीको प्रतिष्ठामा निरन्तर ह्रास ल्याइरहेको छ; पार्टीभित्रको सहकार्य र एकतामा आघात पुऱ्याइरहेको छ।

**त्यसैले अब सदस्यता व्यवस्थापन सम्बन्धी यस्तो व्यवस्था हुनुपर्छ;**

- विधानको व्यवस्थालाई कडाइका साथ पालना गरी सदस्यता वितरण पारदर्शी र व्यवस्थित बनाउने।
- नियमित रुपमा सदस्यता वितरण तथा नविकरण र विधान बमोजिम तोकिएकै मितिमा महाधिवेशन गर्ने।
- अधिवेशनको वर्षमा विधानतः अधिवेशन पूर्वको ६ महिना क्रियाशील सदस्यता वितरण नगर्ने।
- अन्य समयमा सदस्यता वितरणलाई खुला गरी अनलाइन मार्फत प्रदान गर्ने व्यवस्था गर्ने।

## २. बैठक, सम्मेलन र अधिवेशन: हरेक महिना बैठक, चार महिनामा जनसंवाद, वर्षमा सम्मेलन, ४ वर्षमा महाधिवेशन

विधान अनुसार केन्द्र र प्रदेशमा २ महिनामा १ पटक बैठक, प्रत्येक महिना कार्यसम्पादन समितिको बैठक र प्रत्येक वर्ष सम्मेलन गर्नुपर्छ । जिल्ला र क्षेत्रमा प्रत्येक महिना बैठक, महिनामा १ पटक जनप्रतिनिधिसँग छलफल, २ महिनामा १ पटक सदस्यहरूसँग अन्तरक्रिया, वर्षमा १ पटक सम्मेलन, समय समयमा कार्यसम्पादन बैठक बस्नुपर्छ। गाउँ र नगरमा प्रत्येक महिना बैठक, प्रत्येक महिना जनप्रतिनिधि र उम्मेदवारसँग बैठक, ६ महिनामा क्रियाशील भेला र अन्तक्रिया, प्रत्येक वर्ष गाउँ-नगर सम्मेलन, समय समयमा कार्यसम्पादन बैठक बस्नुपर्छ। वडामा प्रत्येक महिना बैठक, प्रत्येक महिना जनप्रतिनिधि र उम्मेदवारसँग छलफल,  ३ महिनामा मतदाता र नागरिक संवाद, ६ महिनामा वडा सम्मेलन गर्नुपर्छ भने टोल-टोलमा प्रत्येक महिना बैठक, मतदातासँग निरन्तर संवाद गर्नुपर्छ।

> अहिले अपवाद बाहेक टोलदेखि केन्द्रसम्म कुनै पनि तहमा विधान अनुसार न नियमित बैठक बस्छन् न त सम्मेलन नै हुन्छ। दिवस वा समारोहमा गरिने एकतर्फी भाषण मतदाता र सदस्यसँग छलफल र अन्तरक्रिया त नगण्य हुन्छ।

विधानको यो व्यवस्थालाई व्यवस्थित गर्ने, नियमित गर्ने र बैठक बसेको सुनिश्चित गर्ने प्रमुख जिम्मा महामन्त्रीको हो। विधानलाई कार्यान्वयन मात्र गर्ने हो र सवै तह क्रियाशील रहने हो भने अहिलेकै अवस्थामा प्रत्येक महिना नेपाली कांग्रेसको कम्तिमा पन्ध्र हजार पटक बैठक वस्नसक्छ। टोल समितिलाई पनि क्रियाशील बनाउने हो भने त्यो संख्या करिव ५० हजार हुन्छ। एक वर्षमा आठ हजार वटा सम्मेलन हुन्छन्। परिकल्पना गरौं त यसरी विधान अनुसार बैठक र सम्मेलन हुने हो भने संगठनको कति गतिशील र क्रियाशील हुन्छ होला !

**त्यसैले अब, विधानको त्यो व्यवस्थालाई यसरी प्रभावकारी बनाउनुपर्छ-**

- प्रत्येक महिना सबै तहको अनिवार्य वैठक, २ महिनामा जनप्रतिनिधि छलफल, ३ महिनामा सदस्यसँग संवाद, ४ महिनामा नागरिक संवाद, ६ महिनामा आन्तरिक समिक्षा, प्रत्येक वर्ष सम्मेलन, प्रत्येक वर्ष महासमिति वैठक गर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने ।
- महाधिवेशन सकिए लगत्तै नीति अधिवेशन मार्फत नेतृत्वको ४ वर्षे कार्यकालका लागि नीति तथा कार्यक्रम पारित गर्ने ।
- महाधिवेशनको १ वर्ष अगाडि विधान महाधिवेशन गर्ने र सोही विधान अनुसार अधिवेशन प्रक्रिया शुरु गर्ने ।
- हरेक ४ वर्षमा महाधिवेशन गर्ने सुनिश्चितता गर्ने ।

DRAFT

- पार्टी अनुशासन समिति, सदस्यता पुनरावेदन समिति, लेखा समिति र निर्वाचन समितिको चयन महाधिवेशनबाटै गर्ने व्यवस्था गर्ने ।

## ३. अभिलेखिकरण: नियमित र अद्यावधिक विद्युतीय अभिलेख प्रणाली

चुस्त अभिलेख प्रणाली भएन भने पार्टीमा भद्रगोल हुन्छ । अहिले कांग्रेस पार्टीमा कति साधारण सदस्य छन्, न कुनै अभिलेख छ न त गतिविधि र कार्यक्रमको नै। विधानमा सदस्यताको अभिलेख राख्ने र माथिल्लो निकायमा पठाउने, राजनीतिक परिस्थिति, पार्टीका क्रियाकलाप, निर्णय र अन्य आवश्यक विषयमा माथिल्लो तहमा मासिक प्रतिवेदन पठाउने व्यवस्था छ। तर विधानमा लेखिएका ती विषयहरू पूर्णतः उपेक्षित छन्। कुनै पनि अभिलेखिकरण व्यवस्थित रुपमा हुन सकेको छैन।

**त्यसैले अब अभिलेख सम्बन्धी व्यवस्थालाई यसरी व्यवस्थित गर्नुपर्छ-**

- प्रत्येक तहले आफूभन्दा माथिल्लो तहमा अनिवार्य रुपमा प्रत्येक महिना निर्णय र सदस्यता विवरण पठाउनुपर्ने। मासिक रुपमा प्रतिवेदन पठाउने।
- प्रविधिको माध्यम (डिजिटलाइज्ड सिष्टम) बाट सदस्यताको अभिलेखलाई चुस्त र सरल बनाउने।
- वडादेखी केन्द्रीय तहसम्मको हरेक बैठक र कार्यक्रमको विद्युतीय माध्यमबाट अभिलेखिकरण गर्ने प्रणाली बनाउने।

## ४. नागरिक संवाद: सुन्ने सुनाउने, बुझ्ने बुझाउने अभियान

जति धेरै जनतासँग संवाद हुन्छ त्यति नै जनताका समस्याको नजिक राजनीति हुन्छ। पछिल्ला वर्षहरूमा जनता र मतदातासँग त परको कुरा पार्टीभित्रै संवाद टुटेको अवस्था छ। बहस, सुझाव संकलन, आदिको माध्यमबाट धेरैभन्दा धेरै पार्टी सदस्य र नागरिकलाई निर्णय प्रक्रियामा सहभागी गराउनु आन्तरिक लोकतन्त्रको अर्को महत्वपूर्ण पक्ष हो।

नेपाली कांग्रेसको निर्णय प्रक्रियामा आम कार्यकर्ताको सहभागिताको हकमा पार्टीको विधानले त्यसलाई वान्छनीय र अपेक्षित मानेको छ।

> प्रत्येक तहले समय समयमा मतदाता र नागरिकसँग सम्पर्क, संवाद तथा अन्तर्क्रिया गर्ने, समय समयमा नागरिक हितसँग सम्वन्धित अभियान संचालन गर्ने, नागरिकको घरमा सुख, दु:खमा सरिक भई आफ्नो तर्फबाट आवश्यक सहयोग गर्ने व्यवस्था अहिले पनि विधानमा छ, तर त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

स्थानीय तहले त समय समयमा नागरिक भेला गरेर नै आम मतदाताको सुझाव संकलन गर्न, निर्णय प्रक्रियामा सहभागी गराउन सक्छन्। यस्तो अभ्यास विभिन्न देशमा पाइन्छ। जस्तै

DRAFT

छिमेकी भारतमा पछिल्लो दिल्ली निर्वाचन अगाडि टोल टोलमा मोहल्ला-सभा गरेर घोषणापत्र तयार गरिएको थियो। तर, नेपालमा मतदाताको काम ५ वर्षमा एकपटक मतदान गर्नेमा मात्र सिमित गराइँदै आइएको छ।

**त्यसैले अब नागरिकसँगको संवादलाई यसरी व्यवस्थित गरिनु पर्छ-**

- जनतासँग पार्टीलाई जोड्न र पार्टीले कुनै महत्वपूर्ण निर्णय गर्दा पार्टीका सदस्यमात्र होइन पार्टीका शुभेच्छुक र आम मतदातासम्म नै जाने परिपाटी विकास गर्न कम्तिमा ४ महिनामा एकपटक सार्वजनिक स्थलमा जनतासँग संवाद गर्ने।
- पार्टीका स्थानीय समितिले स्थानीय स्तरमा नागरिक भेलाबाट आम मतदातालाई प्रत्यक्ष निर्णय प्रक्रियामा सहभागी गराउने।
- केन्द्रीय कार्यसमितिले समय समयमा जनता र नागरिक समाजसँग संवाद र छलफल गर्ने, सुझाव संकलन गर्ने, विद्युतिय माध्यमबाट सदस्य र जनताले पार्टीलाई राय सुझाव दिनसक्ने व्यवस्था गर्ने।
- प्रविधिमा अभ्यस्त पछिल्लो पुस्तालाई आकर्षित गर्न र पार्टीको निर्णय प्रक्रियामा तिनको आवाजलाई सहज पहुँच दिन कांग्रेसलाई आधुनिक सूचना प्रविधि अनुकूल बनाउदै '**स्मार्ट पार्टी**'को अवधारणाको विकास गर्ने।
- पार्टीले तत्काल महत्वपूर्ण निर्णय गर्नुपर्दा केन्द्रीय समिति मात्र नभएर स्थानीय तहसम्मको नेतृत्व र महासमिति सदस्यको तत्काल राय लिनसक्ने डिजिटल संरचना तयार गरी धेरैभन्दा धेरैको राय सुझावका आधारमा निर्णय गर्ने परिपाटीको विकास गर्ने।
- पार्टीभित्र क्षेत्रगत विज्ञ समुह तयार गरी समय समयमा विभिन्न विषयमा राय परामर्श लिने व्यवस्था गर्ने।

## ५. सामाजिक अभियान: एक बर्ष एक अभियान, एक महिना एक कार्यक्रम, एक व्यक्ति एक सामाजिक काम

पार्टी फगत राजनीतिक संगठन मात्र होइन यो आफैमा सामाजिक आन्दोलन पनि हो। इतिहास हेर्ने हो भने नेपाली समाजमा प्रदुर्भाव भएका थुप्रै सामाजिक आन्दोलनको प्रारम्भकर्ता नेपाली कांग्रेस हो। सामाजिक विभेद विरुद्धका सवैखाले आन्दोलन र अभियानमा कांग्रेस अग्रपंतिमा थियो। तर पछिल्ला बर्षहरूमा कांग्रेस त्यसबाट विमुख हुँदै गएको आभास हुन्छ। पार्टी सरकारमा गएमात्र जनताको काम गर्न सकिन्छ भन्ने बुझाई बढ्दै गयो र पार्टी जनमुखी होइन सत्तामुखी हुनथाल्यो। लोकको हित गर्न सरकार मात्र माध्यम हो भन्ने त्यस्तो बुझाइ त्रुटिपूर्ण



DRAFT

छ। पार्टीले सरकारमा नरहँदा पनि संगठन परिचालन गरेर लोक हितका थुप्रै अभियान संचालन गर्न सक्छ, गर्नु पर्छ।

> नेपाली कांग्रेसले निर्णय गरेर लाखौं मानिसलाई बिना कुनै पारिश्रामिक स्वयंसेवाको भाव लिएर एउटा निश्चित गतिविधिको लागि एकैपटक परिचालन गर्न सक्ने सामर्थ्य राख्छ। तर यो विशाल क्षमताको उपयोग मूलत: पार्टीको आन्तरिक राजनीतिमा मात्र सीमित हुने गरेको छ। अधिवेशनका दौरान हुने त्यो क्रियाशीलतालाई सामाजिक सेवामा बदल्नु पर्छ र पार्टी संगठनलाई राजनितिक मात्र होइन, सामाजिक आन्दोलनको रूपमा लिएर उपयोग गर्नु पर्छ।

समाजमा हुने जतिपनि सकारात्मक अभियान वा पहलकदमी छन्, त्यसका लागि पार्टीले नै प्लेटफर्म दिएपछि यसका सदस्यलाई अन्य सामाजिक संस्थामा गइराख्ने बाध्यता हुँदैन। अनि सामाजिक कार्यमा लाग्न इच्छुकहरू पनि पार्टीको प्लेटफर्ममा आवद्ध हुनसक्छन्। यसरी सरकारको वैधानिक सत्ताको विकल्पमा पार्टी संगठनको तागत र जनताको समर्थनको नैतिक सत्तालाई उपयोग गरेर पनि लोकको सेवा गर्न सकिने थुप्रै माध्यम छन् भन्ने चेतनाको पार्टीभित्र व्यापक विस्तार हुनुपर्छ । लोकहितको यो प्रवृत्तिलाई पुनर्जागृत गरी पार्टीलाई सामाजिक रुपान्तरणको बाहक बनाउनु पर्छ।
विधानमा विभिन्न सामाजिक काममा पार्टी पंतिलाई जोड्ने भन्ने लेखिएको छ तर पार्टीको राजनीति समाजतिर फर्केको छैन। लाखौं क्रियाशील सदस्य र कांग्रेस सदस्य रहेको पार्टीको त्यो क्षमताको उपयोग केवल आन्तरिक राजनीतिमा मात्र सिमित भएको छ। सामाजिक उत्थानको प्रभावकारी माध्यम हुनुको सट्टा पार्टी व्युरोक्रयाटिक र कर्मकाण्डी बन्दै गएको छ। अब, यो विशाल संगठनलाई राजनीतिक गतिविधिमा मात्र होइन सामाजिक आन्दोलनमा पनि पुनर्स्थापित गराउनुपर्नेछ।

**त्यसैले अब सामाजिक अभियानलाई पार्टीले यसरी व्यवस्थित गर्नुपर्छ-**

- प्रत्येक तहले प्रत्येक वर्षलाई एउटा विषयमा सामाजिक अभियानको वर्ष बनाउने र हरेक महिना त्यो विषयमा आधारित रहेर सामाजिक कार्यक्रम गर्ने।
- प्रत्येक सदस्य कुनै न कुनै सामाजिक काममा जोडिने।
- पार्टीका संस्थापक नेताको जयन्ती, स्मृति दिवस, विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय दिवसमा गरिने कार्यक्रमलाई सोही विषयसँग जोडेर अभियान संचालन गर्ने।
- सामाजिक मुद्दा र विषयमा पार्टीले नेतृत्वदायी भूमिका निर्बाह गर्ने।

## ६. पार्टीभित्र वैचारिक र सांगठनिक बहस: निरन्तर विचार मन्थन

पार्टीभित्र वैचारिक बहस र संवादको प्रचलन लगभग हटिसकको छ। पार्टीमा महत्वपूर्ण विषयमा निर्णय गर्दा समेत संगठनमा व्यापक बहस हुदैन नत भएको निर्णयको बारेमा छलफल नै हुन्छ। पार्टी बैठक, सम्मेलन, अधिवेशनहरू मूलतः नेतृत्व छनोटमा मात्र केन्द्रित हुने गरेका छन्। तर त्यस्ता सम्मेलनहरूमा पनि राजनीतिक, सामाजिक, आर्थिक, सांगठनिक अवस्थाको विष्लेषण, वैचारिक बहस खासै हुँदैनन। भए पनि त्यस्ता प्रतिवेदन औपचारिकतामा मात्रै सीमित हुदै गएका छन्। यसले पार्टी संगठनलाई जमेको तलाउ जस्तो वनाएको छ। विचार सुन्यताबाट पार्टीलाई वैचारिक धारमा फर्काउनुपर्नेछ।

**त्यसैले अब पार्टीभित्र निरन्तर वैचारिक बहसलाई यसरी प्रभावकारी बनाउनुपर्छ-**

- पार्टीमा ६७४३ वडा, ७५३ पालिका, ३३ प्रदेश क्षेत्र, १६५ संसदीय क्षेत्र, ७७ जिल्ला, ७ प्रदेश र केन्द्रीय समितिका प्रत्येक बैठक, सम्मेलनमा सांगठनिक, वैचारिक, समसामयीक विषयमा छलफल, बहस गर्ने कुरालाई अनिवार्य बनाउने। विषय विज्ञहरुसँगको परामर्शलाई प्रेरित र पुरस्कृत गर्ने ।
- पार्टीको हरेक तहको हरेक सम्मेलन र अधिवेशनमा अनिवार्य रुपमा सांगठनिक, राजनीतिक, आर्थिक, सामाजिक र विकास सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्नुपर्ने।
- सम्मेलन, नीति अधिवेशनमा विषयगत कार्यशाला गरी छलफल गर्ने र सो को निष्कर्ष माथिल्लो तहमा पठाउने व्यवस्था गर्ने।
- प्रशिक्षण, सम्मेलन र बैठक संचालन सम्बन्धि विधि नै बनाएर त्यस अनुरुप पार्टीका क्रियाकलाप संचालन गर्ने।

## ७. नीति र नेतृत्व: प्रष्ट नीति र प्रशिक्षित नेतृत्व

पार्टीभित्र नियमित प्रशिक्षण हुन सकेको छैन। जसले गर्दा सरकारमा पुग्नु अघि र सरकारमा पुगेपछि वा प्रतिपक्षमा रहँदा के गर्ने, कस्तो नीतिगत हस्तक्षेप गर्ने भन्ने कुरामा पार्टी तयारी अवस्थामा हुँदैन र सधैँ अलमलिन्छ। विभिन्न विषयमा उठ्ने बहसमा कांग्रेसले कुन धारणा बनाउने स्पष्ट हुँदैन। संघर्षकालमा जस्तो पार्टीभित्रको अध्ययन र चिन्तनको परम्परा लगभग शुन्य भइसकेको छ, जसलाई पुनर्स्थापित गर्न जरुरी छ । त्यसका लागि पार्टीका शुभेच्छुक बुद्धिजीवी, संसारभरि छरिएर रहेका नेपाली प्राज्ञलाई आकर्षित गर्न सकिन्छ । भौतिक विकासको क्षेत्रमा भइरहेको नयाँनयाँ मोडेल, आविस्कार र अभ्यासमात्र होइन, बदलिँदो विश्व परिवेशमा राजनीतिक पार्टीहरुको भूमिका, सैद्धान्तिक फाँटमा देखिएका अपेक्षित र अनपेक्षित परिवर्तन, आदिका बारेमा समेत पार्टीपंक्तिलाई निरन्तर सुसूचित गर्न आवश्यक छ। एउटा

जीवन्त, जिम्मेबार र उत्तरदायी पार्टीमा यो कुनै आवधिक परियोजना नभएर सदैव चलिरहने प्रक्रिया हुनुपर्छ ।

प्रशिक्षणको दुईवटा प्राथमिकता हुनुपर्दछ, पहिलो नेपाली कांग्रेसको सदस्य किन हुने? कांग्रेसको 'समुन्नत नेपाल: सम्मानित नेपाली' ध्येय भनेको के हो? लगायतका विषयमा पार्टीका सदस्यलाई प्रशिक्षित गर्ने। दोस्रो, पार्टी सदस्यको क्षमता, सिप र दक्षताको अभिवृद्धी गर्ने।

पार्टी सदस्यले पार्टीको विचार आदर्श, ध्येय, कार्यदिशा र कार्यक्रमका वारेमा थाहा पाउनु पर्दछ। त्यस्तै पार्टीको कार्यकारिणी जिम्मेवारी लिन्छु भन्ने व्यक्तिले निरन्तर अध्ययन, तालिम गरिरहन तयार रहनु पर्छ । हरेक तहमा नेतृत्वको सम्भावना देखाउने व्यक्तिहरूलाई समाजका विभिन्न क्षेत्रका आधारभूत ज्ञान, संचार र वक्तृत्व सिपको विकास, सम्बधित तहको सरकारको कार्यसंचालन सम्बन्धि ज्ञान, आदि हुनुपर्छ ।

**पार्टीभित्र प्रष्ट नीति र प्रशिक्षित नेतृत्व विकासका लागि नीति प्रतिष्ठान-**

पार्टीको सदस्यता लिएपछि अनिवार्य प्रशिक्षण लिने व्यवस्था गर्ने। कांग्रेसको 'समुन्नत नेपाल: सम्मानित नेपाली' ध्येय भनेको के हो? लगायतका विषयमा पार्टीका सदस्यलाई प्रशिक्षित गर्ने।

- पार्टीले सदस्य, नेतृत्व र जनप्रतिनिधिसँग सम्बन्धित पाठ्यक्रम तयार गर्ने नेतृत्व क्षमता विकासका लागि नियमित र निरन्तर प्रशिक्षणको व्यवस्था गर्ने।
- पार्टीको नेतृत्व वा कार्यकारी भूमिका लिन चाहने व्यक्तिले अनिवार्य रुपमा निश्चित कक्षा, तालिम लिएकै हुनुपर्ने। उसले त्यो भूमिकाका लागि यथेष्ट रुपमा प्रशिक्षित हुनै पर्ने।
- पार्टीको कुनै पनि तहको निर्वाचित भइसकेपछि ज्ञान, सिप र क्षमता वृद्धि गर्न अनिवार्य रुपमा उक्त पदमा रहेर गर्नुपर्ने काम कर्तव्य र अधिकारसँग सम्बन्धित निश्चित कक्षा लिनुपर्ने।
- हरेक तह वा क्षेत्रको नेतृत्वमा रुचि राख्ने वा संभावना देखाउने व्यक्तिका लागि समाजका विभिन्न क्षेत्रका आधारभूत ज्ञान र नेतृत्वको विकासका लागि प्रशिक्षणको व्यवस्था गर्ने।

## ८. विकास निर्माण: जनसरोकारमा कांग्रेस

हाम्रो पार्टीको विधानले गाउँ-नगरपालिका, वडा क्षेत्रभित्रका विकास निर्माणका कार्यको मुल्याङ्कन गर्ने र विकास निर्माणका काम सम्पन्न गर्नका लागि पहल गर्ने, विकास निर्माणका योजना छनोट गरी नगरपालिकामा सिफारिस गर्ने व्यवस्था छ। तर, अहिले व्यवस्थित रुपमा त्यसरी काम हुन सकेको छैन। विकास निर्माणका गतिविधिमार्फत पार्टीलाई निरन्तर जनतासँग जोड्न सकिन्छ। त्यसैले अब विकास निर्माण र जनसरोकारका मुद्दासँग पार्टीलाई जोड्न;-

- प्रत्येक तहले विकाससँग सम्बन्धित विषयमा सरोकारवालासँग व्यापक अन्तर्क्रिया गरी खाका बनाउने र त्यसमा आधारित रहेर पहलकदमी लिने।
- विकास निर्माणको लागि सरकारी, गैरसरकारी र समुदायसँग समन्वय गर्ने।
- वडा, गाउँ, जिल्लाको प्रोफाइल बनाउने, नियिमित अपडेट गर्ने र त्यसैमा आधारित भई काम गर्ने।

## ९. जनतासँग कांग्रेस: जनतातर्फ फर्केको राजनीति

२०४८ सालपछि खुला राजनीतिमा आएपछि जनतासँग पार्टीको सिधा सम्बन्ध टुट्दै गएको छ। पार्टी, नेतृत्व, कार्यकर्ता र जनता बिचको भावनात्मक स्पन्दन हराएको छ। जनतासँगको सम्बन्ध औपचारिकतामा मात्र सीमित हुँदै गएको छ।

> हाम्रो आचरण जनतामुखी भन्दा नेतामुखी र सत्तामुखी हुँदै गएको छ। क्रियाशील सदस्यमात्र होइन आम मतदाता र जनतासँग अझ कसिलो गरी जोडिनु पर्नेमा जनताबाट झन् टाढा राख्ने पार्टी संरचनाका अवयवहरू निर्माण भएका छन्।

जनता र मतदातासँग पार्टीका अभियान र निर्णयको कुनै सम्बन्ध नै नरहेको अवस्था बनेको छ।

**अब, जनता र जनताका समस्यासँग पार्टी नेतृत्वलाई जोड्दै कांग्रेसको राजनीतिलाई जनतातर्फ फर्काउनुपर्छ-**

- नेता, कार्यकर्ता र जनताका बिचमा निरन्तर संवाद कायम गर्न, जनताका समस्या कार्यकर्तासम्म र पार्टीका गतिविधि नेतृत्वसम्म बुझ्न प्रत्येक तहको नेता वर्षमा एकपटक अनिवार्य रुपमा आफू क्रियाशील रहेको वडाको बैठकमा उपस्थित हुनुपर्ने, जनतासँग छलफल र संवाद गर्नुपर्ने।
- हरेक तहको समिति र सदस्य अनिवार्य रुपमा जनतासँग जोडिएर दु:ख-सुखमा सहभागी हुनुपर्ने।

## १०. जनप्रतिनिधि संवाद: जवाफदेही कांग्रेस

पार्टीका तर्फबाट जितेका जनप्रतिनिसँग पार्टीले समन्वय र नियमित संवाद नगर्दा जनप्रतिनिधि एकातिर पार्टी संगठन अर्कोतिर हुने गरेको छ। फलस्वरुप जनप्रतिनिधिले गरेका राम्रा कामको अपनत्व पार्टीले लिन सकेको छैन भने पार्टीको नीति र योजनालाई जनप्रतिनिधिले कार्यान्वयन गर्न सकेका छैनन्। जनप्रतिनिधि एकातिर, पार्टी अर्कोतिर फर्किंदा प्रभावकारी ढङ्गले काम नहुनु स्वभाविक छ। विधानले निश्चित समयमा जनप्रतिनिधि र पार्टी समितिबिच संवाद छलफल गर्ने भने तापनि त्यसको कार्यान्वयन हुन सकेको छैन।

**जनप्रतिनिधिलाई जनताप्रति जवाफदेही बनाउन पार्टी र जनप्रतिनिधिका बिचमा नियमित संवाद गर्नुपर्छ-**

- हरेक महिना पार्टीका तर्फबाट जितेका जनप्रतिनिधि, उम्मेदवार र पार्टी समिति बिच प्रत्येक तहमा संवाद, विकास निर्माण र सामाजिक मुद्दामाथि छलफल गर्ने।

## ख. महाधिवेशन पश्चात छलफल र सघन बहस गरी टुङ्गाउनु पर्ने केही विषय:

माथिका खण्डमा मैले पार्टीको राजनीतिक र सांगठनिक कार्यदिशाका सन्दर्भमा केही चर्चा गरें। अहिलेको अबस्था, पार्टीले २०७८-२०८२ सम्मको अवधिमा लिनुपर्ने राजनीतिको बाटो, पार्टीको ध्येय र कार्यदिशा के हुने भन्ने विषय उल्लेख भइसकेको छ। त्यसका साथै यो कार्यसमितिको महामन्त्रीको रुपमा पार्टीको विधानको परिपालना र संगठनको व्यवस्थापनको मुल जिम्मेवारी पनि भएकोले विधान कार्यान्वयनसंग जोडिएका विषयहरूका वारेमा पनि माथी  नै उल्लेख भएसकेको छ।

यसका अलावा पार्टीको राजनीतिक, वैचारिक, सांगठनिक र व्यवस्थापकीय पक्षमा थुप्रै सुधार गर्नुपर्ने विषयहरू विद्यमान छ। जुन विषयमा आफ्नो धारणा र पार्टीको धारणा वनाउनु अगाडि व्यापक छलफल गर्नु आवश्यक छ। संगठनको गतिशिलताका लागि हाम्रो विधानमा निर्दिष्ट कतिपय प्रावधानहरू परिमार्जन गर्नुपर्नेछ। हाम्रो पार्टीको सदस्यता, नेतृत्व चयन प्रकृया लगायतका विषयमा सघन छलफल र वहस आवश्यक देखिन्छ। अधिवेशनको सम्मुखमा मात्रै वहस गर्ने हाम्रो प्रचलनलाई वदलल्नुपर्नेछ। नीति, विधान र कार्यदिशाका सन्दर्भमा जति पनि छलफल गर्नुपर्ने, परिमार्जन गर्नुपर्ने विषयहरु छन त्यस्ता विषयमा अधिवेशन सकिएपश्चात तल्लो तहसम्मै छलफलमा लैजानुपर्छ। पार्टीको नीति निर्माणमा जतिधेरै सहभागिता हुनसक्यो त्यति नै यसको कार्यान्वयमा प्रभावकारिता आउनसक्छ। अधिवेशनपश्चात  सवै प्रदेश, जिल्ला र स्थानीय तह(नगर\गाँउपालिका र वडा)सम्म यी विषयहरूका सन्दर्भमा पार्टीका विभिन्न तहका साथीहरू, भातृ तथा सुभेक्छुक संस्थाका साथीहरू र सुदृढ कांग्रेसको सुभेच्छासहित समाजको बिभिन्न तहमा क्रियाशील व्यक्तिहरूसंग संवाद र छलफल गरी प्रारुप तयार गरिनेछ।

यसरी कांग्रेसको सवै तहमा छलफल गरी पार्टीको विभिन्न तहबाट आएका सुझावहरू सहित पार्टीको कार्यदिशा तय गर्नुपर्दछ भन्ने ठानेर यस खण्डमा मैले त्यस्ता छलफल र सुझाव लिनुपर्ने विषयहरू प्रस्तुत गरेको छु। यी प्रश्नहरू केवल प्रश्न मात्रै होइनन, नेपाली कांगरेस रुपान्तरका लागि गर्नैपर्ने कामहरू हुन। महामन्त्रीको रुपमा मैले यी विषयहरूलाई निरन्तर तल्लो तहसम्म छलफलमा लैजाने र प्राप्त सुझावको आधारमा पार्टी संचालन गर्नेछु।

१. **सदस्यता प्रणाली:**

- **<u>सदस्यता प्रकार:</u>** विद्यमान विधानमा कांग्रेस सदस्य र क्रियाशील सदस्य गरी दुई प्रकारकको सदस्यता छ। संघर्षकालका लागि बनाइएको सदस्यता संरचना अव कति सान्दर्भिक छ? दुइ तहको सदस्यता कीन राख्ने ? कीन एकैप्रकारको सदस्यता नराख्ने?
- **<u>सदस्यता वितरण:</u>** सदस्यता वितरण वन्द प्रकृतिको छ। हाम्रो भुगोल र पार्टीको विद्यमान संरचनाभित्र नियन्त्रित ढङ्गले सदस्यता वितरण गर्ने यो प्रणालीलाई कसरी

वदल्ने? सदस्यता खुला राख्ने वा नियन्त्रित? पार्टीलाई मास्ड वेस्ड बनाउने की क्याडर बेस्ड? वितरण पद्धती-स्थानीय तहबाट वितरण गरी अभिलेख माथिल्लो तहमा पठाउने व्यवस्था गर्ने की  अहिलेजस्तो प्रकृया अबलम्बन गर्ने?

- **<u>सदस्यता र प्रतिनिधित्वको संख्याको आधार:</u>** सदस्यबाट प्रतिनिधि छनोटको आधार के हुने? प्रत्येक वडामा अघिल्लो निर्वाचनमा पार्टीले प्राप्त मतको संख्याको आधारमा क्रियाशिल सदस्यता र क्रियाशिल सदस्य संख्याको आधारमा प्रतिनिधिको छनोट गर्ने पद्दति अबलम्बन गर्न सकिने वा नसकिने? सदस्यता वितरणमा नै समावेशी अभ्यास कसरी गर्ने?

२. **पार्टी संरचना र नेतृत्व चयनको विधि:**

- **संरचना**: वडादेखि केन्द्रसम्मको कार्यसमितिको प्रारुप र संख्या कति हुने? अहिलेको जस्तो ठुलो संरचना  आवश्यक छ? पार्टीको सवै तहमा सवै पद निर्वाचित गर्ने वा केही मनोनित? सवै प्रत्यक्ष गर्ने वा समानुपातिक? एउटै व्यक्ति फरक फरक संरचनामा फरक फरक पदमा वस्न पाउने वा नपाउने?
- **प्रकृया:** पार्टीको हरेक तहको नेतृत्व चयन प्रकृया कस्तो हुने? प्रत्यक्ष छनोट गर्ने वा प्रतिनिधिमूलक? क्षेत्र, जिल्ला, प्रदेश र महाधिवेशन प्रतिनिधि क्रियाशिल सदस्यबाट सिधै छनोट गर्ने कि विद्यमान व्यवस्था जस्तै प्रतिनिधिको चयनबाट छनोट गर्ने?
- **कार्यकाल:** पार्टीको कार्यकारी पदमा दुई पटक भन्दा हुन एउटै पदमा रहन पाउने वा नपाउने? उमेर हद रहने वा नरहने?
- **संख्या:** महाधिवेशन प्रतिनिधिको संख्या क्रियाशिल सदस्यको कति प्रतिशत रहने? समावेशी जनसंख्याको बनोट अनुसार गर्ने वा क्रियाशिल सदस्यको संख्याको बनोट अनुसार हुने? संख्या कति रहने?
- **प्रतिनिधित्व:** भुगोलसंगै पेशागत क्षेत्रको प्रतिनिधित्वको अनुपात कति हुने, उमेर समुह, प्राज्ञीक पेशागत क्षेत्रलाई समेत निर्णय प्रकृयामा कसरी समेट्ने?
- **समावेशिता:** सवै तहमा सवै वर्ग, लिंग र समुदायको समावेशिताको सुनिश्चिता कसरी गर्ने? अपाङ्गता भएका व्यक्ति, दलित समुदाय, महिलाको पार्टीका सवै तहको निर्णय प्रकृयामा सहभागिता कसरी गराउने?
- दुईटा महाधिवेशनमा कोटाबाट निर्वाचित व्यक्त पुन: आरक्षित कोटाबाट उम्मेदवार बन्न पाउने वा नपाउने? संसद, सरकार वा अन्य कार्यकारी नियुक्तिमा गइसकेको व्यक्ति पुन आरक्षणमा लाभ लिन पाउने वा नपाउने?

- **जवाफदेहीता:** निर्वाचनमा पराजित भएमा सो समयको नेतृत्वले जिम्मेवारी लिएर पदबाट राजीनामा दिनुपर्ने वा नपर्ने?

३. **उम्मेदवार छनोट प्रकृया**:

- **आधार**: पार्टीका तर्फबाट उम्मेदवार छनोटको आधार के हुने?
- **प्रकृया:** सिफारिस प्रकृया कस्तो हुने? प्रत्येक तहको निर्णय सोही तहलाई दिने वा केन्द्रबाट गर्ने वा वहुतहको सिफारिस लिने?

४. **चुनावी खर्च न्युनिकरण र पारदर्शीता:**

- आम चुनाव र पार्टीको चुनाव खर्च व्यवस्थापन र न्युनिकरण कसरी गर्ने? भड्किलो चुनावी प्रकृयालाई कसरी कम गर्ने?

५. **सरकार र पार्टीवीचको सम्बन्ध र समन्वय**:

- **सम्बन्ध:** सरकार र पार्टीवीचको सम्बन्धामा आउने चिसोपन र तिक्तताले गर्दा हरेक पटक सरकारले प्रभावकारी काम गर्न चुकेको छ । पार्टीभित्रको अव्यवस्था र अन्तरद्वन्द्वका कारण संसदीय वहुमत समेत जोगाउन नसकेको अवस्था छ। प्रत्येक सरकारमा सरकार र पार्टीको सम्बन्ध सुमधुर हुन सकेन जसले गर्दा कहिले पार्टी त कहिले देशले त्यसको मूल्य चुकाउनु परेको छ । त्यसैले सरकार र पार्टीविच कसरी सुमधुर र सहयोगी सम्बन्ध बनाउने, काम र जिम्मेवारीको स्पष्ट व्याख्या कसरी गर्ने? सरकार पार्टीप्रति जवाफदेही र पार्टी र सरकार एक अर्काको परिपुरक कसरी बनाउने?
- **समन्वय:** जनप्रतिनिधि र पार्टीको नियमित संवाद र समन्वय संयन्त्र कस्तो हुने?

६. **भातृ, सुभेच्छुक संस्था, पेसागत संगठन र पार्टीको सम्बन्ध:**

- भातृ त सुभेच्छुक संस्था निर्माणको आधार र प्रकृया के हुने? सवै भातृ तथा सुभेच्छुक संस्थाको नियमित अधिवेशनको सुनिश्चितता कसरी गर्ने? पार्टीले हस्तक्षेप गर्न पाउने वा नपाउने? कस्तो अवस्थामा पाउने? कति स्वतन्त्र रहने कति पार्टीको भुमिका रहने?
- स्वतन्त्र पेशागत संस्थालाई पार्टीसंग आवद्ध बनाउन ठीक वा बेठीक? सदस्यता दिन ठीक वा बेठीक? उनीहरूको स्वतन्त्रता र सक्षमतालाई प्रोत्साहन गर्ने की पार्टीको भातृ सुभेच्छुक संस्था जस्तो बनाउने? पार्टीसंगको सम्बन्ध के कस्तो हुने?
- वर्गीय हित र पेसागत काममा भातृ तथा सुभेच्छुक संस्थाहरूको प्राथमिकता र त्यसलाई पार्टीको मुद्दासंग कसरी जोड्ने?
- विभिन्न नेताका नाममा समिति, प्रतिष्ठान र सम्पर्क समिति वनाएर पार्टीका गतिविधि गर्न पाउने वा नपाउने? उनीहरूलाई पार्टी विधानले कसरी जोड्ने?

७. **नेपाल बाहिरका नेपाली र कांग्रेस:**

- नेपाल वाहिर रहेका नेपाली समुदायलाई पार्टीको हस्तक्षेप होइन, पार्टीलाई साथ र विकासमा हात भन्ने मान्यतालाई कसरी कार्यान्वयन गर्ने? पार्टीगत संगठन(जनसम्पर्क समिति) आवश्यक छ वा छैन? कस्तो अबस्थामा मतदान र कस्तो अवस्थामा उम्मेदवार हुन पाउने वा नपाउने? उनीहरूसँगको समन्वय संयन्त्र कस्तो रहने?

*********

**अन्त्यमा,**

आदरणीय साथीहरू,

सारांशामा, लोकतन्त्र, संघीयता, संविधान, गणतन्त्र, समावेशीता लगायतका उपलब्धि र व्यवस्थामाथि उब्जेका संशयहरू माझ नेपाली राजनीतिको आगामी यात्रा असहज देखिन्छ। आज आम जनतामा राजनीतिक दल र समस्त प्रणालीकै प्रति वितृष्णा र आक्रोश छ। यो परिस्थितिमा विकसित भइरहेको चुनौतीपूर्ण घटनाक्रमलाई सही अवतरण नगर्ने हो भने पार्टी र देश दुवैको यात्रा सुगम नहुने प्रष्ट भइसकेको छ । यस्तो संवेदनशील घडीमा भइरहेको हाम्रो महाधिवेशनले कांग्रेस पार्टीको वैचारिक र सांगठनिक पुनर्जागरण र रुपान्तरण मार्फत जनतामा पुन: आशाको सन्देश दिन सक्नुपर्दछ। गौरवशाली इतिहास मात्र होइन सुनौलो भविष्यको सपनालाई साकार पार्ने योजना, साहस, समर्पण भएको पुनर्जागृत कांग्रेसले मात्र मुलुकले सामना गरिरहेका यावत चुनौतीहरूलाई सहजतापूर्वक सामना गर्दै लोकतान्त्रिक संविधानका उपलब्धिलाई संस्थागत गरेर सामाजिक लोकतन्त्रको सैद्धान्तिक जगमा 'समुन्नत नेपाल:सम्मानित नेपाली'को परिकल्पनालाई साकार पार्न सक्छ।

सवै निष्ठावान कांग्रेसजनलाई १४औं महाधिवेशनको यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्दै सैद्धान्तिक र सांगठनिक पार्टीको रुपान्तरण गर्न रचनात्मक हस्तक्षेपका लागि हार्दिक आह्वान गर्दछु ।
जय नेपाल !

तपाईंको साथी,

गगनकुमार थापा

DRAFT